
# शिक्षक निर्देशिका

## मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला



कक्षा - २

# मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला

# शिक्षक निर्देशिका

## कक्षा - २


**लेखकहरू**

श्री दिनानाथ गौतम
श्री डिकबहादुर राई
श्री आनन्द पौडेल
श्री महेन्द्र विष्ट
श्री डिल्लीप्रसाद शर्मा
श्री टार्जन राई
श्री पुण्यसील गौतम
श्री हनी श्रेष्ठ
श्री धनबहादुर गोपाली

**प्रकाशक**
नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर ।

© सर्वाधिकार प्रकाशकमा, २०६४

यस शिक्षक निर्देशिकासम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण, २०६४

**मुद्रण**

यस शिक्षक निर्देशिकासम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा *पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखा*मा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

**तपाईंको छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।**

# कृतज्ञता

**कक्षा २ को सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको शिक्षक निर्देशिका विकास गर्नका लागि देहायका महानुभावहरूको विशेष योगदान रहेको छ :**

**सल्लाह**

श्री हरिबोल खनाल
श्री लोकेन्द्रमान प्रधान
श्रीमती कमला पोखरेल
श्री डा. राजाराम सुवेदी
श्री चन्द्रकला मास्के
श्री सन्ध्या भट्टराई

**विषयवस्तु सम्पादन**

श्री दिनानाथ गौतम
श्री डिकबहादुर राई

**भाषा सम्पादन**

श्री विष्णुप्रसाद अधिकारी
श्री लोकप्रकाश पण्डित

**डिजाइन तथा लेआउट**

श्री अनिलकुमार थापा

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता एवम् लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सीपको विकास गरी विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी आवश्यकता पूर्तिका लागि पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य पूरक तथा सहायक सामग्री तयार गर्ने क्रममा कक्षा २ मा पठनपाठन गराउने शिक्षकहरूका लागि यो **मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला** तयार पारिएको हो ।

शिक्षक निर्देशिका शिक्षकहरूलाई कार्यगत प्रशिक्षण दिने तथा शिक्षण प्रविधिमा सधैँ सक्रिय राख्ने पूरक सामग्री हो। यसमा पाठ्यक्रम र पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइउपलब्धि/विशिष्ट उद्देश्य तथा विषयवस्तुको विश्लेषण वा शिक्षणसिकाइका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि तथा विद्यार्थीको सिकाइ उपलब्धि आकलन गर्ने तरिका दिइएको छ । यसले प्रबन्धात्मक/वर्णनात्मक शैलीलाई भन्दा विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी विधिलाई अपनाएको छ। यसमा निर्देश गरिएका क्रियाकलापलाई व्यवहारमा हुबहु उतार्नुभन्दा पनि यसका आधारमा अनेकौँ अभ्यास क्रियाकलाप बनाई तिनमा विद्यार्थीलाई सहभागी गराउन सके उनीहरूले प्रभावकारी र प्रयोगात्मक रूपमा ज्ञान, सीप र धारणा सिक्ने अवसर पाउने तथा सिकेका कुरालाई व्यवहारमा उतार्न सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने उद्देश्यले तयार पारिएको यस निर्देशिका कक्षाका सबै क्षमताका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सके शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने छ ।

**मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला** शिक्षकको पेसागत लगन तथा विद्यार्थीले प्राप्त गर्ने सामाजिक तथा सिर्जनात्मक सीप स्थानीय परिवेश र वातावरणमा निर्भर रहन्छ । शिक्षणअनुभव र व्यावहारिक दक्षताका आधारमा शिक्षकले प्रयोग गर्ने विधि तथा क्रियाकलाप अझ प्रभावकारी हुन सक्छन् । यसलाई अझ व्यावहारिक बनाउन दक्ष शिक्षकहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गरिएको छ ।

नेपाल सरकार
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी भक्तपुर

# यस निर्देशिकाको प्रयोग सम्बन्धमा

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार परिमार्जन गरिएको कक्षा २ को सामाजिक अध्ययन तथा सिर्जनात्मक विषयको पाठ्यपुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार पारिएको छ । यसमा पाठ्यपुस्तकमा रहेका विभिन्न पाठ शिक्षण गर्ने क्रममा विभिन्न प्रकारका धारणा र सकारात्मक व्यवहार परिवर्तन गराउने क्रियाकलापका लागि सजिलो हुने गरी पाठगतरूपमा पाठ्यभार छुट्याइएको छ । विद्यार्थीमा विभिन्न सामाजिक सीप शिक्षणसिकाइ क्रियाकलापमा विद्यार्थी सहभागिता र सक्रियता बढोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका विभिन्न पाठमा विविध क्रियाकलाप समावेश गरिएको छ । शिक्षण सिकाइबाट विद्यार्थीमा परिवार तथा छरछिमेकमा सहयोग गर्ने, आफूभन्दा ठूलालाई आदर सत्कार गर्ने, असहाय अपाङ्गलाई सहयोग गर्ने, सामाजिक नियम पालना गर्ने, आफू बसेको वरपरको भौगोलिक स्वरूपका बारेमा जानकारी राख्ने र नक्सासम्बन्धी सामान्य कार्य गर्ने, परिवार तथा छर छिमेकको विगतको बारेमा बताउन सक्ने, परिवार र छरछिमेकले गर्ने आर्थिक क्रियाकलापका बारेमा जानकारी राख्ने हुन सकोस् भन्ने अभिप्रायले यसमा समावेश भएका क्रियाकलापलाई विद्यार्थीमुखी बनाउने प्रयत्न गरिएको छ ।

सामाजिक सीप विकासका लागि व्याख्यानजस्ता विधिभन्दा छलफल, प्रश्नोत्तर, अध्ययन भ्रमण र योजनाकार्यलगायत विद्यार्थीले गरेर सिक्ने खालका विधिको चयन गर्नुपर्छ । शिक्षकले आवश्यकतानुसार शिक्षण विधि र क्रियाकलाप चयन गर्न सक्छन् तापनि यसमा शिक्षण सहजीकरणका लागि केही विधि तथा क्रियाकलाप निर्देश गरिएको छ । शिक्षक निर्देशिकाका पाठहरूमा उद्देश्य, पाठ परिचय, शैक्षिक सामग्री, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन र थप सुझाव शीर्षकमा शिक्षकका लागि उपयोगी ठानिएका विविध पक्ष उल्लेख गरिएको छ । कक्षाशिक्षणपूर्व नै यसको अध्ययन गरी उपयोगी निर्देशनको प्रयोग गरेर पाठयोजना बनाउने गरेमा यसले पाठ्यक्रममा उद्देश्य पूरा गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ । यसैगरी यसमा पाठ्यपुस्तकका क्रियाकलापलाई क्रमैसँग गराउन र अभ्यास क्रियाकलाप गराउनुपर्ने पूर्वतयारी सम्बन्धमा निर्देश गरिएको छ । यसमा दिइएका क्रियाकलाप नमुना मात्र हुन्, शिक्षकले यिनकै आधारमा बढीभन्दा बढी क्रियाकलाप, कक्षाकार्य र प्रयोगका रूपमा गराएर धारणा र सीपको विकास गर्नुपर्ने हुन्छ ।

यस शिक्षक निर्देशिकामा पाठका लागि छुट्याइएका घन्टी अनुमानित मात्र हुन् । शिक्षकहरूले शिक्षणसिकाइका क्रममा यसलाई परिवर्तन गर्न सक्नुहुने छ । यसैगरी पाठ शिक्षणका लागि सङ्केत गरिएका क्रियाकलापलाई पनि छोट्याउन, लम्ब्याउन तथा थपघट गर्न सकिने छ । ज्ञान, सीप र सकरात्मक व्यवहार परिवर्तनका कुरा सिकाउँदा विद्यार्थीमा वैयक्तिक भिन्नता, स्थानीय परिवेश, विभिन्न सम्प्रदायका संस्कृतिको प्रभाव विद्यालयको वातावरण आदिले प्रभाव पार्ने हुँदा शिक्षणसिकाइ क्रियाकलाप र विविध जातीय तथा धार्मिक सम्प्रदायका विद्यार्थीको सिकाइउपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सक्ने शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने छ ।

मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला शिक्षण शिक्षकको पेसागत लगन तथा विद्यार्थीले प्राप्त गर्ने वातावरणमा निर्भर रहन्छ । शिक्षण अनुभव र व्यावहारिक दक्षताका आधारमा शिक्षकले प्रयोग गर्ने विधि तथा क्रियाकलाप अझ प्रभावकारी हुन सक्छन् । यसलाई अझ व्यावहारिक बनाउन दक्ष शिक्षकहरूबाट रचनात्मक सुझावको समेत अपेक्ष गरिएको छ ।

लेखकहरू

# विषयसूची

## सामाजिक अध्ययन


| क्र. सं. | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| **इकाइ – १** | **आफू, आफ्नो परिवार र छरछिमेक** | **१-८** |
| पाठ १ | मैले गर्ने काम | १ |
| पाठ २ | परिवारले गर्ने काम | ४ |
| पाठ ३ | सामान जतन गर्ने बानी | ६ |
| **एकाइ – २** | **हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता** | **९–२३** |
| पाठ १ | छिमेकीको आदर सत्कार | ९ |
| पाठ २ | छिमेकीको लवाइखवाइ | १३ |
| पाठ ३ | हाम्रा चाडपर्व | १६ |
| पाठ ४ | छिमेकका असल मानिस | १६ |
| **एकाइ – ३** | **सामाजिक समस्या र समाधान** | **२४–२९** |
| पाठ १ | विद्यालयमा असहाय तथा अपाङ्गहरू | २४ |
| पाठ २ | छरछिमेकका असहाय र अपाङ्गहरू | २७ |
| **एकाइ – ४** | **नागरिक चेतना** | **३०–३८** |
| पाठ १ | आपसी सहयोग | ३० |
| पाठ २ | हाम्रा साझा सम्पत्ति | ३२ |
| पाठ ३ | साझा सम्पत्तिको संरक्षण | ३४ |
| पाठ ४ | पालो पर्खने बानी | ३६ |
| **एकाइ – ५** | **हाम्रो पृथ्वी** | **३९–४७** |
| पाठ १ | हामी बसेको ठाउँ | ३९ |
| पाठ २ | हाम्रा गाउँ र सहर | ४१ |
| पाठ ३ | नक्सामा हेर्दा हाम्रो गाउँ | ४३ |
| पाठ ४ | हाम्रो गाउँको नक्सा | ४६ |
| **एकाइ – ६** | **हाम्रो विगत** | **४८–५५** |
| पाठ १ | साथीको जन्मदिन | ४८ |
| पाठ २ | साथीको परिवार पहिले र अहिले | ५१ |
| पाठ ३ | हाम्रा राष्ट्रिय चिह्नहरू | ५३ |
| **एकाइ ७** | **हाम्रो आर्थिक क्रियाकलाप** | **५६–६८** |
| पाठ १ | कामको सम्मान | ५६ |
| पाठ २ | सामानको सही प्रायोग | ६० |
| पाठ ३ | गाउँमा उत्पादन हुने वस्तुहरू | ६२ |
| पाठ ४ | सहरमा बनेका सामानहरू | ६६ |

## सिर्जनात्मक कला


| क्र. स. | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| **एकाइ : एक** | **दृश्यकला** | ६९-१०२ |
| पाठ १ | रेखाचित्र बनाउन सिकौँ | ७१ |
| पाठ २ | रङ | ७५ |
| पाठ ३ | छपाइ | ८१ |
| पाठ ४ | कोलाज | ८५ |
| पाठ ५ | माटोको काम | ९० |
| पाठ ६ | कागजको काम | ९४ |
| **एकाइ : दुई** | **सङ्गीत** | १०३-१३३ |
| पाठ १ | तालमा ताली बजाऔँ | १०६ |
| पाठ २ | मादल | १०८ |
| पाठ ३ | कक्षागत गीत | ११० |
| पाठ ४ | स्वर अलङ्कार अभ्यास | ११२ |
| पाठ ५ | बालगीत (सियोखोइ सियो) | ११४ |
| पाठ ६ | बुबु माम | ११६ |
| पाठ ७ | सातवार सात दिन | ११८ |
| पाठ ८ | के कहाँ बस्छ ? | ११९ |
| पाठ ९ | गोडा र पञ्जाको चाल | १२० |
| पाठ १० | म गोडासँगै पञ्जा चलाउँदै दायाँबायाँ सर्दै जान्छु | १२२ |
| पाठ ११ | म गोडासँगै पञ्जा चलाउँदै अगाडी पछाडी सर्दै जान्छु | १२४ |
| पाठ १२ | गोडा पञ्जासँगै कम्मरको चाल | १२६ |
| पाठ १३ | अभिनय | १३० |

# एकाइ १ आफू, आफ्नो परिवार र छरछिमेक

## पाठ १ मैले गर्ने काम

**घन्टी - चार**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| - आफ्नो काम (आफूले गर्ने काम) बताउन | - बिहान उठेर आफूले गर्ने काम बताउन,<br>- कक्षामा साथीहरूसँग मिलेर बस्न,<br>- साथीहरूसँग मिलेर पढ्न र खेल्न,<br>- विद्यालयको कक्षाकोठा र चौर सफा गर्न,<br>- घरमा बुबाआमाले अह्राएको सामान्य काम गर्न । |

२. **पाठ परिचय**

कक्षा २ मा पुगिसकेका बालबालिकाहरूको औसत उमेर ६-७ वर्षको हुन्छ । सानै उमेरदेखि नै उनीहरूले स्वावलम्बनको पाठ सिक्दै जाऊन् र स्वावलम्बी सीपको विकास होस् भन्ने उद्देश्यले यो पाठ तयार पारिएको हो । त्यसैले यस पाठमा उनीहरूलाई बिहान उठेर आफूले गर्नुपर्ने कामहरू, विद्यालयमा गर्नुपर्ने कामहरू, घरमा बुबाआमाले अह्राएका सामान्य कामहरू गर्न सक्ने बानीको विकास गराउन खोजिएको छ । जस्तै :

**बिहान गर्ने कामहरू**

दाँत माझ्ने, मुख धुने, प्रार्थना गर्ने, पढ्ने, शारीरिक व्याम गर्ने ।

**विद्यालयमा गर्ने कामहरू**

साथीहरूसँग मिलेर बस्ने, मिलेर पढ्ने, मिलेर खेल्ने, कक्षाकोठा सफा राख्ने, खेल्ने, चौर सफा राख्ने आदि ।

**घरमा बुबाआमाले अह्राएको सामान्य कामहरू :**

तरकारी केलाउने, करेसाबारीमा पानी हाल्ने, घरभित्र बाहिर सफा गर्ने आदि काममा सहयोग गर्ने ।

**आफ्नो काम र आफूले सक्ने घरको काममा सहयोग गर्नुपर्छ ।**

## ३. शैक्षिक सामग्री

ब्रस, मञ्जन, साबुन, काइयो, किताब, कापी, कलम, कुचो, फोहोरा राख्ने टोकरी, क्यासेट, टेपरिकर्डर आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

सामाजिक अध्ययन विषयको यो पहिलो पाठ भएकाले निम्न क्रियाकलापहरू गराउनु उपयुक्त हुने छ :

(क) सम्भव भएमा "आइतवार बिहान आमासँग उठेँ म, हात, मुख धोएर ...." भन्ने बाल गीत सुनाउनुहोस् र त्यसपछि कक्षाका विद्यार्थीहरूलाई कक्षामा लाजनमानी बोल्न, साथीहरूसँग छलफल गर्न, शिक्षकसँग प्रश्नहरू सोध्न र शिक्षकले सोधेका प्रश्नको जवाफ दिन उत्प्रेरणा प्रदान गर्नुहोस् ।

(ख) कक्षाका विद्यार्थीहरूलाई दुई समूहमा बाड्नुहोस् । तिमीले घरमा र विद्यालयमा गर्न सक्ने कामहरू कुनकुन हुन् भनी प्रश्नहरू सोध्नुहोस् । त्यसपछि एउटा समूहलाई घरमा गर्ने कामको अभिनय गर्न लगाउनुहोस् र अर्को समूहलाई विद्यालयमा गर्ने कामको अभिनय गर्न लगाउनुहोस् । राम्रो अभिनय गर्ने बालबालिकालाई प्रसंशा र प्रोत्साहन गर्नुहोस् ।

(ग) तपाईंले बिहान, दिउँसो र बेलुका गर्ने कामहरू बालबालिकाहरूलाई उदाहरणस्वरूप पहिले बताइदिनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई तिमीहरू बिहान, दिउँसो र बेलुका कुनकुन काम गर्छौ त ? भनी प्रश्न गर्नुहोस् र उनीहरूले गर्ने कामहरूको सूची कालोपाटीमा टिप्दै जानुहोस् । यसका लागि तलको जस्तै तालिका बनाउनुहोस् ।

| बिहान गर्ने काम | दिउँसो गर्ने काम | बेलुका गर्ने काम |
|---|---|---|
| | | |

(घ) विद्यार्थीहरूलाई कक्षा कोठाभित्र छरिएका कागजका टुक्रा, चकलेट वा बिस्कुटका खोलहरू, फलफूलका बोक्रा या अन्य यस्तै फोहोरहरू उठाएर बाल्टी, टोकरी वा फोहोर राख्ने ढ्वाङमा फाल्न लगाउनुहोस् र सबै बालबालिकालाई कक्षा सफा राख्न प्रोत्साहित गर्नुहोस् ।

(ङ) त्यसैगरी अर्को दिन विद्यालयको चौर वरिपरि छरिएका फोहोर टिप्न लगाई सफा गर्न बालबालिकालाई प्रोत्साहित गर्नुहोस् ।

(च) कक्षामा बस्दा, पढ्दा, सरसफाइ गर्दा समूहमा मिलेर गर्न सिकाउनुहोस् ।

(छ) आफू घरको अभिभावकजस्तो बनेर विद्यार्थीहरूको नाम बोलाएर क्रमश: घरको काम गर्न अह्राउनुहोस् । कामको अभिनय गर्न लागाउनुहोस्, जस्तै : हरि आउ, तिमी र म मिलेर करेसाबारीमा पानी हालौँ । गीता र म मिलेर तरकारी केलाऔँ । गमलामा फूल रोपौँ आदि ।

## ५. मूल्याङ्कन विधि

(क) घरमा गर्ने कुनै तीनओटा र विद्यालयमा गर्ने कुनै तीनओटा कामहरू केके हुन् ? भनी सोध्ने । ऊनीहरूबाट सही जवाफ आएमा प्रोत्साहन स्वरूपस्याबासी दिनुहोस् । गलत जवाफ आएमा सच्याइदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई उनीहरूले बिहान, दिउँसो र बेलुका गर्ने कामको सूची तयार पार्न लगाउनुहोस् । त्यसमा नमिलेको भए सच्याइदिनुहोस् ।

जस्तै :

| **बिहान गर्ने काम** | **दिउँसो गर्ने काम** | **बेलुका गर्ने काम** |
|---|---|---|
| मुख धुने | विद्यालय जाने | गृहकार्य गर्ने |
| चिया पिउने | खेल्ने | पढ्ने |
| पढ्ने, लेख्ने | कक्षा कोठा सफा गर्ने | घरायसी काममा सघाउने |

(ग) कक्षाकोठा बढार्ने, चौर सफा राख्ने आदि कामहरूमा उनीहरूले साथीहरूसँग मिलेर काम गरे, नगरेको, फोहोरहरू उठाएर ठीक ठाउँमा राखे नराखेको अवलोकनका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(घ) विद्यार्थीहरूले गरेको क्रियाकलापको मूल्याङ्कन गर्न तलको जस्तै अवलोकन फारामको प्रयोग गर्नुहोस् ।

| **क्र.सं.** | **विद्यार्थीको नाम** | **गराइएको क्रियाकलाप** | **सहभागिता** | | |
|---|---|---|---|---|---|
| | | | **धेरै राम्रो** | **राम्रो** | **सामान्य** |
| | | | | | |

## ६. थप सुझाव

कार्टुन चित्र, कथा वा बालगीतको माध्यमबाट पनि बालबालिकाहरूले गर्नुपर्ने कामको बानीको विकास गराउन सकिन्छ ।

# पाठ २ परिवारले गर्ने काम

घन्टी - तीन

## १. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| १. परिवारका सदस्यहरूले गर्ने काम | - आफ्ना बुबाआमाले गर्ने काम/पेसा भन्न, पेसा बताउन, आफ्नो परिवारभित्रका दाजु, दिदीले गर्ने काम वा पेसा बताउन,<br>- कामका आधारमा पेसाका नाम भन्न,<br>- आफ्नो परिवारका मानिसले पेसागत काममा प्रयोग गर्ने सामानको चित्र बनाउन । |

## २. पाठ परिचय

अघिल्लो पाठमा बालबालिकाहरूले आफूले गर्ने काम जानिसकेपछि यस पाठको अध्ययनका आधारमा आफ्नो परिवारका सदस्यहरूले गर्ने काम बताउन सक्नुपर्छ । यसले गर्दा परिवारको काम/पेसाप्रति जानकारी राख्न सक्ने छन्, जस्तै :

मेरो बुबा फलफूल र अन्न खेती गर्नुहुन्छ । त्यसैले उहाँ किसान हो ।

मेरी आमा विद्यालयमा पढाउनुहुन्छ । त्यसैले उहाँ शिक्षक हो आदि ।

**आफूले सक्ने परिवारको काममा सहयोग गर्नु पर्छ ।**

## ३. शैक्षिक सामग्री

विभिन्न पेसासँग सम्बन्धित चित्र, पोस्टर, पोस्टकार्ड, स्लाइड, फिल्म आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) बालबालिकाहरूलाई पाठ पढ्न लगाउनुहोस् । त्यसपछि आफूले ल्याएका शैक्षिक सामग्री र पाठमा दिइएका चित्रका मानिसहरूले के गरिरहेका छन् ? ती मानिसहरूलाई के भनिन्छ ? आदि प्रश्न विद्यार्थीहरूलाई सोध्नुहोस् र क्रियाकलापमा सहभागिताका लागि उत्प्रेरित गर्ने प्रयास गर्नुहोस् ।

(ख) प्रत्येक पटक २/३ जना बालकालिकालाई अगाडि बोलाएर छोटो संवाद गर्न लगाउनुहोस् । संवाद गर्न बालकालिकाहरूलाई असजिलो भएमा आवश्यक सहयोग गर्नुहोस् ।

जस्तैः (संवादको नमुना)

कमला : तिम्रो बुबा के काम गर्नुहुन्छ, हरि ?

हरि : मेरो बुबा पसलमा काम गर्नुहुन्छ । अनि तिम्रो बुबा नि ?

कमला : मेरो बुबा कार्यालयमा काम गर्नुहुन्छ । तिम्रो बुबा के गर्नुहुन्छ नि, सुशीला ?

सुशीला : मेरो बुबा हुनुहुन्न । आमाले आफ्नै खेतबारीमा काम गर्नुहुन्छ । ...............

(ग) कक्षाका बालबालिकाहरूलाई ३/४ समूहमा बाँड्नुहोस्, विभिन्न पेसासम्बन्धी छोटो हाजिरीजवाफ वा प्रश्नोत्तर चलाउनुहोस् र जवाफ दिन प्रोत्साहित गर्नुहोस्, जस्तै :

- खेतमा काम गर्ने मानिसलाई के भनिन्छ ?
- लुगा सिलाउने मानिसलाई के भनिन्छ ?
- बिरामी जाँच्ने मानिसलाई के भनिन्छ ?

(यस्तै धेरैभन्दा धेरै प्रश्न बनाएर सोध्न सकिने छ)

(घ) परिवारका ठूला सदस्यलाई साना सदस्यले आदर गरेको र साना सदस्यलाई ठूला सदस्यले माया गरेको अभिनय गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीका आ-आफ्ना परिवारका मानिसहरूले प्रयोग गर्ने कुनै पनि दुईओटा सामानका चित्र बनाउन लगाउनुहोस् । ती चित्रको नाम पनि लेख्न लगाउनुहोस् । यदि चित्रको आकृति मात्र कोर्न जानेमा पनि प्रोत्साहनस्वरूप स्यावासी दिनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**तलका जस्तै विभिन्न प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषणसमेत दिनुहोस् :**

(क) पाठको पहिलो चित्रको मानिसले के गरिरहेको छ ?

(ख) पाठको दोस्रो चित्रको मानिसले के गरिरहेको छ ?

(ग) पसल चलाउने मानिसलाई के भनिन्छ ?

(घ) तिम्रो बुबा र आमा केके काम गर्नुहुन्छ ?

(ङ) तिम्रो दाजु, दिदी केके काम गर्नुहुन्छ ?

(च) खेतमा काम गर्ने मानिसलाई के भनिन्छ ?

(छ) कार्यालयमा काम गर्ने मानिसलाई के भनिन्छ ?

(ज) बिरामी जाँच्ने मानिसलाई के भनिन्छ ?

(झ) विद्यालयमा पढाउने मानिसलाई के भनिन्छ ?

## ६. थप सुझाव

तपाईंले विभिन्न पेसासँग सम्बन्धित शैक्षिक सामग्री (पोस्टर, चित्र, पोस्टकार्ड, स्लाइड आदि) सङ्कलन र तयार गर्नुभएको भए त्यसको प्रदर्शन गरी मूल्याङ्कन गर्न सक्नुहुने छ ।

## पाठ तीन  सामान जतन गर्ने बानी

**घन्टी - तीन**

१. **सिकाइउपलब्धि ⁄ विशिष्ट उद्देश्य**

| **पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि** | **विशिष्ट उद्देश्य** |
|---|---|
| १. आफ्ना सामानहरूको नाम बताउन र तिनको हिफाजतका साथ प्रयोग गर्न । | - आफूले प्रयोग गर्ने सामानहरूका नाम बताउन र ती सामानहरू देखाउन,<br>- साथीहरूले प्रयोग गर्ने सामानका नामहरू बताउन,<br>- किताब, कापी, कलम जतनसाथ प्रयोग गर्न,<br>- बढी भएका खानेकुराहरू जतनसाथ राख्न,<br>- विद्यालय पोसाक, जुत्ता, चप्पल, मोजा, झोला, किताब ठीक ठाउँमा राख्न । |

२. **पाठ परिचय**

बालबालिकाहरूले आफूले प्रयोग गर्ने थुप्रै सामानहरू हुन सक्छन्, जस्तै : कलम, कापी, किताब, झोला, विद्यालयको  पोसाक, ब्रुस, मन्जन, खेलौना, खानेकुरा, थाल, कचौरा आदि । यस्ता सामानको रेखदेख गर्नु र हिफाजन गरिदिन अभिभावकहरूलाई सधैँ फुर्सद हुँदैन । तसर्थ बालकालिकाहरूलाई आफ्ना सामानको सही प्रयोग गर्न र त्यसको हिफाजत पनि गर्न सानै उमेरदेखि सिकाउँदै स्वावलम्बनतर्फ अग्रसर गराउनु यस पाठको उद्देश्य हो । त्यसैगरी आफूलाई चाहिएको सामान अरूबाट लिन, प्रयोग गरिसकेपछि फिर्ता गर्न, अरूलाई पनि आवश्यक परेको बेलामा आफूसँग भएका सामान दिएर सहयोग पुऱ्याउने बानीको विकास पनि गराउन खोजिएको छ ।

**आफ्नो सामानको जतन गर्ने बानी बसाल्नुपर्दछ ।**

३. **शैक्षिक सामग्री**

पोसाक, सिसाकलम, कापी, पैसा, किताब, झोला, इरेजर, मञ्जन, ब्रुस, जुत्ता, मोजा आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) आफ्ना कक्षाका बालबालिकाहरूलाई उनीहरूले प्रयोग गर्ने सामानका नामहरू क्रमश: देखाउँदै भन्न लगाउनुहोस् । उनीहहरूले बताएका सामानका नामहरू क्रमश: कालोपाटीमा टिप्दै जानुहोस् । सबैले बताइसकेपछि कसकसले कस्तो सामान प्रयोग गर्दारहेछन्, छलफल पनि गराउनुहोस् , जस्तै :

गीता : म रिबन लगाउँछु । श्याम टोपी लगाउँछ ।

हरि : म जुत्ता लगाउँछु । किताब झोलाभित्र राख्छु ।

...............................................................

(ख) कक्षाका सबै बालबालिकाहरूको विद्यालय पोसाक सफा छ छैन, किताबमा जिल्दा (गाता) हालिएको छ छैन, कापी र कलम/पेन्सिल छ छैन आदि कुरा पहिले आफैँले निरीक्षण गर्नुहोस् र त्यसको जानकारी लिनुहोस् । त्यसपछि बालबालिकाहरूलाई एकअर्काका सामानहरू कस्तो अवस्थामा छन्, ती सामानहरू हिफाजतसाथ प्रयोग गरिएको छ कि छैन तुलना गर्न लगाउनुहोस् । यदि किताब, कापी, कलम, पेन्सिल, विद्यालय पोसाकजस्ता आवश्यक कुराहरू जतनसाथ प्रयोग गरिएका छैनन् भने जतन गर्न प्रोत्साहन गर्नुहोस् । जतन गर्नु पर्नाको कारण बताउनुहोस् ।

(ग) घरमा धेरै प्रकारका खानेकुराहरू प्रयोग गरिन्छन् । कुनै खानेकुरा प्रयोगमा ल्याउँदा बढी हुन्छ । बढी भएका खानेकुराहरू तिमीहरू केके गर्छौ भनी छलफल गराउनुहोस् । छलफलमा सबै विद्यार्थीहरूलाई भाग लिन लगाउनुहोस् । छलफलपश्चात् अन्त्यमा बढी भएका खानेकुराहरू छोपेर राख्नुपर्छ, खानेकुरा खेर फाल्नुहुँदैन, आफूलाई चाहिँदो खानेकुरा मात्र खानुपर्छ भनी बालबालिकाहरूलाई सिकाउनुहोस् ।

(घ) आफूले प्रयोग गर्ने सामान कहाँकहाँ राख्ने गर्छौ ? भन्ने प्रश्न बालबालिकाहरूलाई सोध्नुहोस् ।

बालबालिकाहरूलाई विद्यालय पोसाक, किताब, कापी, जुत्ता, मोजा, कलम आदि कहाँ राखेर कसरी जतन गर्छौ भनी प्रश्न गर्दै त्यसको जवाफ दिन लगाउनुहोस् । जवाफ दिन लगाउँदा प्रत्येक बालबालिकालाई क्रमश: जवाफ दिन लगाउनुपर्छ र जवाफ दिँदा सही नभए सच्याइदिनुपर्छ ।

जस्तै :

| **सामानहरू** | **कसरी जतन गर्ने** |
|---|---|
| - किताब, कापी | - गाता (गिल्दा) लगाएर, झोलामा राखेर |
| - विद्यालय पोसाक | - सफा राखेर, दराजमा पट्याएर राखेर, ह्याङ्गरमा झुन्ड्याएर राखेर । |

## ५. मूल्याङ्कन विधि

(क) घरमा तिमी कुनकुन सामान प्रयोग गर्छौ ? नाम भन ।

(ख) विद्यालयमा तिमी कुनकुन सामान प्रयोग गर्छौ ?

(ग) तिमीले विद्यालय पोसाक, किताब, कापी, कलम, जुत्ता आदि कसरी जतन गरेका छौ ? भन ।

(घ) विद्यार्थीहरूले उनीहरूका सामान जतनसाथ प्रयोग गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । जतन गर्ने बानी नबसेकालाई थप जतन गर्ने अभ्यास गराउनुहोस् ।

## ६. थप सुझाव

बालकालिकाहरूले आफ्ना सामानको जतन कसरी गरेका छन्, त्यसको अवलोकनको आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ । अभिभावकहरूसँगको भेटमा बालबालिकाहरूमा उनीहरूको सामान जतन गर्ने बानी रहे नरहेको सोध्नुहोस् र बालबालिकाहरूको सामान जतन गर्ने बानी बसाउन अभिभावककोसमेत भूमिका रहने कुरा बताउनुहोस् ।

# एकाइ २ हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता

## पाठ १ छिमेकीको आरद सत्कार

**घन्टी – तीन**

१. **सिकइउपलब्धि ⁄ विशिष्ट उद्देश्य**

| पाठ्यक्रममले निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| १. छरछिमेकीको आदर सत्कार गर्न । | - आफ्नो छरछिमेकमा मान्नुपर्ने व्यक्तिहरूलाई आदरार्थी शब्दहरू प्रयोग गरेर अभिवादन गर्न,<br>- आफ्नो घरमा आउने छिमेकीसँग शिष्ट भाषा प्रयोग गरी बोल्न, जस्तै : आउनुहोस्, बस्नुहोस्, के कामले आउनुभएको हो ? कसलाई भेट्न पर्ने हो, के म सहयोग गर्न सक्छु ? आदि<br>- आपसमा परिचय गर्न र सवाल जवाफ गर्न ।<br>- आफ्नो छरछिमेकमा प्रयोग हुने स्थानीय संस्कृति, परम्परा र भाषाअनुरूपको आदरार्थी शब्दको प्रयोग गर्न र अभिनय गर्न । |

२. **पाठ परिचय**

आफ्नो परिवारका आफूभन्दा ठूलालाई आदर सत्कार र शिष्ट भाषामा बोल्न र कुराकानी गर्ने सम्बन्धमा कक्षा एकमा छलफल गरिसकिएको छ । यस पाठको माध्यमबाट बालबालिकाहरूमा आफ्ना छरछिमेकका व्यक्तिसँग शिष्ट भाषामा बोल्ने, उपयुक्त अभिवादन गर्ने, आदर सत्कार गर्ने बानीको विकास गराउन खोजिएको छ ।

नेपालीको मौलिक परम्पराअनुसार आफूभन्दा ठूला व्यक्तिलाई आदर सत्कार गर्नुपर्दछ । सानैदेखि नै राम्रो बानीको विकास गराउन सकेमा भविष्यमा उनीहरूको व्यवहार शिष्ट, सभ्य, नम्र हुन्छ । यस्तो व्यवहार असल सामाजिक मूल्यमान्यताभित्र पर्दछ ।

आफ्ना छरछिमेकका मानिसहरू घरमा आउँदा आदर सत्कार गर्ने, शिष्ट भाषामा बोल्ने, आफ्ना अभिभावकहरूसँग सम्पर्क गराइदिने, सानातिना खबरहरू आफ्ना अभिभावकसमक्ष पुऱ्याइदिने जस्ता सभ्य बानी व्यहोराको विकास बालबालिकाहरूमा हुनुपर्दछ ।

**हाम्रा छरछिमेकीहरूको आदर सत्कार र उनीहरूसँग शिष्ट व्यवहार गर्नुपर्छ ।**

३. **शैक्षिक सामग्री**

- भाँडाकुटीका सामानहरू
- चित्रपत्तीहरू
- पोस्टर र चित्रहरू
- स्थानीय सामग्रीहरू


४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) खेलको माध्यमबाट विद्यार्थीहरूलाई एकआपसमा परिचित गराउन र आदर सत्कार गर्ने बानीको विकास गराउन सकिन्छ । उदाहरणका रूपमा निम्न खेललाई लिन सकिन्छ :

नमस्ते खेल खेलाउनुहोस् -

विद्यार्थीहरूलाई दुई बराबर समूहमा विभाजन गरी हरेक समूहका हरेक विद्यार्थीलाई क्रम सङ्ख्या तोक्नुहोस् ।

जस्तै :



चित्रमा जस्तै बीचमा एउटा घेरा बनाई त्यसको दायाँबायाँ दुवै समूहलाई उभ्याउने, शिक्षकले कुनै एक क्रमसङ्ख्या भन्ने बित्तिकै उक्त क्रम सङ्ख्या भएका दुवै विद्यार्थीहरू दौडेर घेरामा जान्छन् र दुवैले नमस्कार गरी तलको जस्तै कुराकानी गर्छन् ।

जस्तै :

राम : नमस्कार

रीता : नमस्कार

राम : तिम्रो नाम के हो ?

रीता : मेरो नाम रीता हो ।

राम : तिमी गाउँमा बस्छौ कि सहरमा ?

रीता : म गाउँमा बस्छु ।

राम : तिमी बसेको ठाउँमा घरहरू धेरै छन् कि थोरै ?

रीता : म बसेको ठाउँमा घरहरू थोरै छन् ।

यो क्रियाकलाप सबैको पालो नपुगुन्जेल गराउनुपर्छ ।

(ख) विद्यार्थीहरूलाई ५/६ जनाको एक समूह हुने गरी समूह विभाजन गर्नुहोस् । उनीहरूलाई भाँडाकुटीका सामानहरू दिनुहोस् । एक समूहको एक परिवार हुन्छ र परिवारका सदस्यहरू आपसमा मिलेर आ-आफ्ना काम गर्दछन् ।

एउटा समूहका एकदुई जना मानिस अर्को समूहमा जान्छन् । त्यस समूहका साना केटा वा केटीले आफ्ना छिमेकीलाई अभिवादन गर्छन् । आदर सत्कार गर्छन् । आफ्ना अभिभावकहरूसँग सम्पर्क गराउँछन् । विद्यार्थीले छिमेकीसँग शिष्ट भाषामा कुराकानी गर्छन् । उनीहरू अभिनय गर्छन् । तपाईंले अवलोकन र आवश्यक सहयोग गर्नुहोस् ।

(ग) विद्यालयमा फुर्सदमा रहनुभएका शिक्षक वा विद्यालय नजिकको समुदायका मानिसलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गर्नुहोस् । उहाँहरूलाई कक्षाबाहिर उभिन लगाउनुहोस् । कक्षाका विद्यार्थीहरूलाई दुईतीन जनाको समूह बनाई हरेक समूहले पालैपालो स्रोत व्यक्तिलाई भेटी तलको जस्तै कुराकानी गर्न लगाउनुहोस् ।

**विद्यार्थी** : सर दाइ, दिदी ! नमस्कार

**स्रोत व्यक्ति** : नमस्कार बाबु, नानीहरू

**विद्यार्थी** : हजुर, कसलाई भेट्न आउनुभएको ?

**स्रोत व्यक्ति** : म तिमीहरूको शिक्षकलाई भेट्न आएको ।

**विद्यार्थी** : सर ! मिस भित्र हुनुहुन्छ । भित्र आउनुहोस् ।

**स्रोत व्यक्ति** : हुन्छ, म पछि आउँछु, तिमीहरू पनि भित्र आऊ ।

**विद्यार्थी** : (भित्र पस्छन् ।)

(घ) तलको जस्तै तालिका बनाएर कम्तीमा पनि चार जना छिमेकीको नाम र उनीहरूले गर्ने काम लेख्न लगाउनुहोस् ।

| **छिमेकीको नाम** | **छिमेकीले गर्ने काम** |
|---|---|
| (क) रेखा | (क) सामान बेच्ने |
| (ख) | (ख) |
| (ग) | (ग) |
| (घ) | (घ) |

(ङ) विद्यार्थीहरूलाई छरछिमेकका ठूला सदस्यलाई आदर सत्कार गरेको र सानालाई माया गरेको शब्दपत्तीहरू र चित्रपत्तीहरू एकै ठाउँमा मिसाएर राख्नुहोस् । त्यहाँबाट मिल्दो शब्दपत्ती र चित्रपत्तीहरू छानेर झिकी जोडा मिलाउन लगाउनुहोस् ।

जस्तै : ठूलालाई नमस्कार

नमस्कार गरेको

गरेको

(च) पाठ्यपुस्तकमा भएको श्याम र रमाको कथा ३/४ जना विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् र त्यससँग सम्बन्धित चित्रहरू प्रदर्शन गर्दै क्रियाकलाप नं. १, २ र ३ को जस्तै प्रश्नहरू सोध्दै छलफल गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूको हरेक क्रियाकलाप अवलोकन गर्नुहोस् । सिकाइउपलब्धि र विशिष्ट उद्देश्यहरूका आधारमा तलको जस्तै तालिका बनाई मूल्याङ्कन गर्नुहोस् :

| विद्यार्थीको नाम | सिकाइउपलब्धि | | |
|---|---|---|---|
| | धेरै राम्रो | राम्रो | ठीकै |
| | | | |

(ख) तलका जस्तै प्रश्नहरू गर्नुहोस् :

- तिमी छिमेकीहरूलाई भेट्दा के गर्छौ ?
- आफूभन्दा सानालाई के गर्नुपर्छ ?
- आफूभन्दा ठूलालाई के गर्नुपर्छ ?
- तिम्रो भाषामा कसरी अभिवादन गरिन्छ ?

(ग) विद्यार्थीहरूलाई उनीहरूको समुदायमा प्रयोग गरिने आदरार्थी शब्दहरूको अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीहरूले छिमेकीलाई गर्ने आदर सत्कारसम्बन्धी क्रियाकलाप अवलोकन गरी तलको जस्तै तालिका प्रयोग गरी मूल्याङ्कन गर्नुहोस् । सम्बन्धित महलमा राम्रो भए २ र ठीकै भए १ अङ्क लेख्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम | क्रियाकलाप | |
|---|---|---|---|
| | | हाउभाउ | बोली/शब्द |
| १. | पासाङ | १ | २ |
| २. | रोजीया | १ | १ |

## ६. थप सुझाव

- भाँडाकुटीका सामानहरू नभएमा विद्यालय वरिपरि भेटिने ढुङ्गा, पात, सिन्का आदिको प्रयोग गर्न सकिन्छ ।
- विद्यार्थी सङ्ख्या थोरै छ र विद्यालय वरिपरि गाडी गुड्ने सडक छैन भने विद्यार्थीहरूलाई स्थानीय समुदायको भ्रमणमा लैजानुहोस् । विद्यार्थीहरूलाई समुदायका मानिसहरूलाई शिष्ट भाषामा कुराकानी गर्न लगाउनुहोस्, जस्तै :

काका नमस्कार !
आराम हुनुहुन्छ ?

## पाठ २ छिमेकीको लवाइखवाइ

**घन्टी - तीन**

१. **सिकइउपलब्धि ⁄ विशिष्ट उद्देश्य**

| पाठ्यक्रममले निर्धारण गरेको सिकइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| १. आफ्नो छरछिमेकको लवाइखवाइ अवलोकन गर्न । | - आफ्नो छरछिमेकका मानिसहरूले लगाउने लुगा कपडाहरू र गहनाको नाम बताउन र लेख्न,<br>- छरछिमेकका मानिसहरूले खाने खानेकुराको नाम बताउन र लेख्न,<br>- आफ्नो लुगाकपडासँग छिमेकीको लुगाकपडा तुलना गर्न,<br>- जाडो र गर्मीमा लगाउने वस्त्रको नाम बताउन । |

२. **पाठ परिचय**

साना बालबालिकाहरूले आ-आफ्नो छरछिमेक र घरमा खाने खानेकुराका बारेमा जानकारी राख्नु आवश्यक हुन्छ । छरछिमेकले विभिन्न कुराहरू खान्छन् । तीमध्ये चाडपर्वमा खाइने विशेष खाने कुराहरू पहिचान गरी त्यसलाई निरन्तरता दिन बाल्यकालमा नै ती कुराहरूको स्वाद प्रदान गर्नु उपयुक्त हुन्छ । विद्यार्थीहरूलाई आफ्ना छरछिमेकका मानिसहरूले खाने खानेकुरा र लगाउने लुगा तथा गरगहनाका बारेमा जानकारी राख्न लगाउनु यस पाठको मुख्य उद्देश्य हो । विद्यार्थीहरू स्वभावैले नक्कल गर्ने प्रवृत्तिका हुन्छन् । उनीहरू आफ्ना छरछिमेकले प्रयोग गर्ने स्वस्थकर र सस्ता खानेकुराहरू प्रयोग गरेको देखेमा आफू पनि त्यसप्रति आकर्षित हुन्छन् ।

**छरछिमेकका मानिसहरूको लवाइखवाइ फरकफरक हुन सक्छ ।**

३. **शैक्षिक सामग्री**

- विभिन्न प्रकारका खानेकुराहरूको नमुना
- विभिन्न खानेकुराहरूको चित्र र पोस्टरहरू
- पुतलीहरू
- विभिन्न प्रकारका पोसाक, त्यस्ता पोसाकका चित्रपत्तीहरू र पोस्टरहरू
- स्थानीयस्तरमा लगाइने परम्परागत वस्त्रहरू ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) प्रत्येक विद्यार्थीलाई तलको तालिका भर्न लगाउनुहोस् :

| मैलै खाने खानेकुरा | |
|---|---|
| खानेकुराको नाम | कहाँबाट आउँछ ? |
| जस्तै : भात | खेतबारीबाट |

(ख) तालिका भरिसकेपछि केही विद्यार्थीहरूको तालिका प्रस्तुत गरी छलफल गर्नुहोस् ।

विद्यार्थीहरूको समूह बनाउनुहोस् र हरेक समूहलाई विभिन्न प्रकारका खानेकुराका नमुनाहरू र चित्रहरू दिनुहोस् । त्यसमध्येबाट आफ्नो छरछिमेकमा खाइने खानेकुराहरू छानेर पकेट चार्टमा राखी प्रदर्शन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई आ-आफ्नो समुदायमा लगाउने लुगा कपडाहरूको नाम भन्न लगाउनुहोस् । उनीहरूले भनेका नामहरू पाटीमा टिप्दै जानुहोस् । त्यसपछि आफूले ल्याएका चित्रहरू र कपडाका नमुनाहरू वा पुतलीहरू प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

(घ) जाडो र गर्मीमा लगाइने लुगाहरूको सूची बनाउन लगाउनुहोस् ।

(ङ) विभिन्न प्रकारका पोसाकहरूको देखिने चलचित्र प्रदर्शन गर्नुहोस् र त्यसमा देखिएका लुगा/गहना सम्बन्धमा छलफल गर्नुहोस् ।

(च) सकिन्छ भने विद्यालय नजिकैको समुदायका वा बाटोमा हिँड्ने मानिसहरूको अवलोकन गर्न लगाउनुहोस् ।

उनीहरूले देखेको लुगा र लगाउने मानिससम्बन्धी तलको जस्तै तालिका भर्न लगाउनुहोस् जस्तै :

| कपडा | लगाउने मानिस |
|---|---|
| कुर्ता सलवार | केटी |

(छ) विद्यार्थीका छरछिमेकमा कुन पर्वमा केके खाने र केके लुगा लगाउने चलन छ भन्ने सम्बन्धमा छलफल गरी तलको जस्तै तालिका पाटीमा बनाएर पालैपालो भर्न लगाउनुहोस्, जस्तै :

| पर्व | खानेकुरा | लुगा |
|---|---|---|
| होली | मिठाई | सेतो लुगा |

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूको क्रियाकलाप अवलोकन गरी अवलोकन फारामको प्रयोगद्वारा मूल्याङ्कन गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोध्नुहोस् :

- तिम्रो छिमेकमा केटीहरूले केके लुगा लगाउँछन् ?
- केटाहरूले केके लुगा लगाउँछन् ?
- तिमीले लगाउने लुगा र तिम्रो छिमेकीले लगाउने लुगामा के फरक छ ?
- तिम्रो छरछिमेकमा खाइने खानेकुराहरूमध्ये चारओटाको नाम लेख ।
- ठूलो मानिसले र बालबालिकाले लगाउने लुगामा के फरक छ ?

(ग) लुगाकपडाको थुप्रो वा चित्रहरूको बीचबाट आफ्नो छरछिमेकमा लगाउने लुगा छान्न र नाम भन्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई उनीहरूको छरछिमेकमा खाने खानेकुरा र लगाउने लुगाहरूको नमुना सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न गराउनुहोस् ।

## ६. थप सुझाव

- विद्यार्थीहरूको छरछिमेकमा प्रयोग हुने खानेकुरा र पोसाकको नाम आफ्ना अभिभावकको सहयोगमा लेखेर ल्याउन गृहकार्य दिन सकिन्छ ।
- विभिन्न प्रकारका पुराना पत्रपत्रिका र म्यागेजिनहरू विद्यार्थीहरूलाई दिई त्यसमा भएका विभिन्न प्रकारका लुगाकपडाहरूका चित्रहरू छान्न र सङ्कलन गर्न लगाउनुहोस् ।

# पाठ ३ हाम्रा चाडपर्व

घन्टी - तीन

## १. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| आफू र आफ्ना छरछिमेकका चाडपर्वहरूमा सहभागी हुन । | - आफू र आफ्नो छरछिमेकमा मनाइने चाडपर्वहरूको नाम र खाइने खानेकुराको नाम बताउन,<br>- घर र छरछिमेकमा मनाइने चाडपर्वमा गरिने क्रियाकलापका बारेमा बताउन,<br>- चाडपर्वमा सहभागिताको अभिनय गर्न,<br>- आफ्नो छरछिमेकका चाडपर्वमा सहभागी हुन,<br>- चाडपर्वहरूमा गाइने गीतहरू गाउन । |

## २. पाठ परिचय

कक्षा एकका विद्यार्थीहरूले आफ्नो घरमा मनाइने चाडपर्वका नाम बताउन सक्छन् । उनीहरूको स्तर उन्नतिका सँगसँगै आफ्ना छरछिमेकका रहनसहन र चाडपर्वका बारेमा कक्षा दुईमा अध्ययन गर्ने व्यवस्था गरिएको छ । विद्यार्थीहरूमा सानैदेखि आफ्नो परम्पराअनुरूपका चाडपर्व मनाउन प्रेरित गर्ने, छरछिमेकमा मनाइने चाडपर्वहरूप्रति सकारात्मक दृष्टिकोण राख्ने र त्यसमा सहभागी हुने बानीको विकास गराउनुपर्छ । आफ्ना पर्वहरू लोप हुनबाट बचाउन उनीहरूमा चेतनाको विकास गराउने उद्देश्यले यस्ता पाठहरू समावेश गर्ने गरिन्छ । यस कुरालाई पाठ्यपुस्तकमा फुर्वा, दीपा, सलिम र एलिसाको उदाहरणद्वारा ल्होसार, छठ, इद र क्रिसमस पर्वमा गरिने क्रियाकलापका बारेमा उल्लेख गरिएको छ ।

**हाम्रो छरछिमेकमा वर्षभरिमा मनाइने विभिन्न चाडपर्वमा सहभागी हुनुपर्छ ।**

## ३. शैक्षिक सामग्री

- क्यालेन्डर
- चाडपर्वसम्बन्धी चित्र भएका पोस्टरहरू र चित्रपत्तीहरू
- शब्दपत्तीहरू, पत्रिकाका कटिङहरू
- फ्लाटिन बोर्ड वा गोजी तालिका
- खानेकुराका नमुनाहरू
- क्यासेट, चक्का आदि

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई विभिन्न १२ समूहमा विभाजन गर्नुहोस् । हरेक समूहमा एकएकओटा ठूलो आकारको क्यालेन्डर दिनुहोस् । हरेक समूहलाई वैशाखदेखि चैत्रसम्मका एकएक महिनामा पर्ने चाडपर्वका नामहरू टिप्न लगाउनुहोस् । विद्यार्थी सङ्ख्या थोरै भएमा एउटा समूहलाई एकभन्दा बढी महिनाको चाडपर्व हेर्न लगाउन सकिन्छ ।

हरेक महिनामा पर्ने चाडपर्वका नामहरू टिप्दै छलफल गर्नुहोस्, जस्तै :

| महिना | पर्वको नाम |
|---|---|
| वैशाख | नयाँ वर्ष |

तालिकामा उल्लिखित पर्वहरूमध्ये आफ्नो घरमा मनाइने चाडपर्वको नाम लेख्न लगाउनुहोस् । उक्त नामहरू पालैपालो पढेर सुनाउन लगाउनुहोस् ।

(ख) प्रस्तुत पर्वहरूमध्ये मुख्यमुख्य ५/६ ओटा पर्वहरू छान्नुहोस् । विद्यार्थीहरूको समूह विभाजन गरी एक समूहलाई एक पर्वका बारेमा लेख्न लगाउनुहोस्, जस्तै :

| पर्वको नाम | खाइने खानेकुरा | लगाउने लुगा/गहना | के गरिन्छ | कसरी मनाइन्छ |
|---|---|---|---|---|
| | | | | |

प्रस्तुत विवरण समूहको टोली नेताबाट पढेर सुनाउन लगाउनुहोस् ।

(ग) आफ्ना घरछिमेकमा मनाइने पर्वहरूको नाम टिप्न लगाउनुहोस् । कक्षालाई ५/६ जनाको एक समूह हुने गरी विभाजन गर्नुहोस् । हरेक एक समूहलाई एउटा चाडपर्वमा गरिने क्रियाकलापको अभिनय गर्न लगाउनुहोस् । हरेक समूहलाई भाँडाकुटीका सामानसहित आवश्यक सामग्री दिनुहोस् । खेलमा एउटा समूह एउटा परिवार हुन्छ । एउटा परिवारले आफ्नो चाडपर्वमा अर्को परिवारलाई बोलाएको र अर्का परिवारमा मनाइने चाडपर्वमा सहभागी भएको, खुसी बाँडेको, रमाइलो गरेको जस्ता भूमिका अभिनय गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले आफ्नो परिवारमा मनाइने चाडपर्व सम्बन्धमा तलको तालिका भर्न लगाउनुहोस् :

| चाडपर्वको नाम | केके गर्छौं | केके खान्छौ |
|---|---|---|
| | | |

(ङ) विद्यार्थीहरूको छरछिमेक र आफ्नो घरमा विभिन्न चाडपर्वमा गाइने गीत वा भजनहरू आफ्नो अभिभावकहरूसँग सिकेर आउन लगाउनुहोस् र भोलिपल्ट पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् । विद्यार्थी आफैँले गर्न नसकेमा शिक्षक आफैँले गाएर वा क्यासेट सुनाएर सँगसँगै गाउन र नाच्न लगाउनुहोस् ।

(च) विभिन्न धर्मावलम्बीहरूले मनाउने चाडपर्वहरू झल्कने चित्र, पोस्टर फोटाहरू वा चलचित्र प्रदर्शन गरी त्यसका सम्बन्धमा छलफल गर्नुहोस् ।

(छ) विद्यार्थीहरूको छुट्टाछुट्टै समूहहरू बनाउनुहोस् । हरेक समूहलाई विभिन्न चाडपर्वमा गरिने क्रियाकलापहरू प्रदर्शन गर्न लगाउनुहोस्, जस्तै :

समूह 'क' : भैली खेल्ने

समूह 'ख' : भाइटीका लगाउने ।

समूह 'ग' : क्रिसमस मनाउने

समूह 'घ' : ........................

**५. मूल्याङ्कन विधि**

(क) विद्यार्थीहरूले देखाएको सहभागिताका आधारमा मूल्याङ्कन फाराम भर्नुहोस् ।

(ख) तलका प्रश्नहरूमा छलफल गर्नुहोस् :

- तिमी कुन पर्व मनाउछौ ?
- तिमीलाई कुन पर्व मनपर्छ ?
- तिमीले मनाउने पर्वमा के खान्छौ ?
- तिमीले मनाउने पर्वमा केके गर्छौ ?
- तिम्रो छरछिमेकमा मनाइने चाडपर्वहरू केके हुन् ?
- तिमी छिमेकमा चाडपर्व मनाउन जान्छौ कि जाँदैनौ ?

(ग) चित्रपत्ती, तस्बिर वा फोटाहरू देखाएर निम्नानुसार प्रश्न गर्नुहोस् :

- यो चित्रमा कुन पर्व मनाउँदै छन् ?
- यहाँ के गरिँदै छ ?
- यो खानेकुरा कुन पर्वमा खाइन्छ ?

(घ) विभिन्न पर्वमा खाइने खानेकुराहरू, जस्तै : सेल रोटी, तरुल, घिउ, चाकु, मासु, क्वाँटी, सातु, दही, चामल, मिठाई, फलफूल आदि वस्तुहरूका नमुना सङ्कलन गर्नुहोस् । ती वस्तुहरू खाइने पर्वको नाम भएका शब्दपत्तीहरू बनाउनुहोस् । ती शब्दपत्ती र ठोस वस्तुहरूको फलाटिन बोर्ड वा गोजी तालिकामा जोड्न लगाउनुहोस् । यो काम एक पटकमा एक समूहले गर्ने छन् । हरेक समूहलाई पालैपालो गर्न लगाउनुहोस् । उनीहरूले गरेको क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

६. **थप सुझाव**

- पुराना पत्रपत्रिकाहरू दिएर त्यसबाट विभिन्न पर्वहरू झल्काउने चित्र वा तस्बिरहरू सङ्कलन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई शिक्षक एवम् अभिभावकले आफ्ना छरछिमेकमा मनाइने चाडपर्वमा बोलाएका छन् भने सहभागी हुन विद्यार्थीलाई प्रेरित गर्नुपर्छ ।

# पाठ ४ छिमेकका असल मानिस

**घन्टी – तीन**

## १. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले/निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| आफ्नो गाउँ टोलमा सामाजिक काम गर्ने व्यक्तिहरूको नाम बताउन । | - आफ्नो गाउँ, टोलमा सार्वजनिक स्थलहरू : धारो, कुलो, विद्यालय, पाटी, पौवा, मन्दिर आदि मर्मत कार्यमा संलग्न मानिसहरू पहिचान गर्न,<br>- ती मानिसलाई प्रश्न सोध्न,<br>- अरूलाई दु:ख र अप्ठेरो परेको वेलामा सहयोग गर्न,<br>- सामाजिक सेवासँग सम्बन्धित कथा भन्न । |

## २. पाठ परिचय

पाठ्यपुस्तकमा समाजका असल मानिस मिङ्माको कथा प्रस्तुत गरिएको छ । मिङ्मा गाउँघरमा भत्के बिग्रेका विद्यालय, खानेपानीको पाइप, कुलो आदि मर्मत गर्न अग्रसर हुन्छन् । गाउँघरमा विवाह, भोज, भतेर आदिमा पनि उनी सहयोग गर्छन् ।

हाम्रो समुदायमा पनि मिङ्माजस्तै समाजसेवीहरू हुन्छन् । बालबालिकाहरूले उनीहरूलाई सानैदेखि पहिचान गरी उनीहरूको कामबाट प्रेरणा प्राप्त गर्नुपर्छ । उनीहरूलाई सम्मान गर्न सिक्नुपर्छ । आफ्ना अभिभावकको सहयोगमा त्यस्ता व्यक्तिहरूका बारेमा जानकारी लिने र उनीहरूको कार्यको अवलोकन एवम् सहयोग गर्ने बानीको विकास गराउनुपर्दछ । हरेक मानिस असल काम गरेर राम्रा बन्नुपर्छ भन्ने प्रेरणा यो पाठमा दिन खोजिएको छ ।

**समाजका असल मानिसको सम्मान गर्नुपर्छ ।**

## ३. शैक्षिक सामग्री

- प्रश्नावली
- चित्रहरू
- गीत/क्यासेट/मादल

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) तलको गीतमा लय हालेर सबै विद्यार्थीहरूलाई एकै साथ गाउन लगाउनुहोस् ।

जीवन दाइ हाम्रो गाउँमा
धेरै असल छन्
रीता दिदी सबैलाई
मद्दत गर्दै हिँड्छिन्
धारा, बाटो मन्दिरमा
सरसफाइ गर्छन्
बिरामी र असक्तलाई
सधैँ सघाउँछन् ।
म पनि दाइजस्तै
असल मानिस बन्छु
दिदीजस्तै अप्ठेरोमा
सबको भलाइ गर्छु ।

(ख) मिङ्माको कथा तीन, चार भागमा विभाजन गरी पालैपालो एक जनालाई एक भाग पढ्न लगाउनुहोस् । अरू विद्यार्थीले कथा सुन्दै मनमनले पढ्दै जाने छन् ।

कथा पढिसकेपछि निम्न प्रश्नहरूमा छलफल गर्नुहोस् :

- मिङ्मा को हुन् ?
- उनले केके काम गरे ?
- उनलाई किन असल मानिस भनियो ?
- असल मानिस बन्न केके काम गर्नुपर्छ ?

छलफलपछि मिङ्माले देखेका र गरेका कामहरू तलको तालिकामा भर्न लगाउनुहोस्, जस्तै :

| | **देखेको** | **गरेको** |
|---|---|---|
| (क) | पाइप फुटेको | प्लास्टिकले बाँधेको |
| (ख) | .................. | .................... |
| (ग) | .................. | .................... |
| (घ) | .................. | .................... |

(ग) विद्यार्थीहरूलाई उनीहरूका अभिभावकसँग समाजका असल मानिसका सम्बन्धमा प्रश्न सोध्न प्रश्नावली फाराम बनाइदिनुहोस् । उक्त फाराम भरेर ल्याउन गृहकार्य दिनुहोस् ।

**प्रश्नावलीको नमुना :**

| | |
|---|---|
| (क) | **हाम्रो गाउँ टोलमा अरूलाई सहयोग गर्ने मानिसहरू कोको छन् ?** |
| | १. |
| | २. |
| | ३. |
| (ख) | **उनीहरूले केके काम गर्छन् ?** |
| | १. |
| | २. |
| | ३. |

उनीहरूले भरेर ल्याएको फारामका जवाफहरू समेटेर एउटा सानो अनुच्छेद बनाउन लगाउनुहोस् र कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । जस्तै :

मेरो गाउँमा असल मानिस छन् । उनको नाम छोन्डुङ हो । उनी गाउँघरमा बिरामी मानिसलाई औषधी गर्छन् ।

(घ) स्थानीय समुदायका समाजसेवीलाई कक्षामा उपस्थित गराएर उनको परिचय र उनले गरेका कामहरू सम्बन्धमा छलफल गर्नुहोस् । छलफलमा विद्यार्थीहरूलाई पनि सहभागी गराउनुहोस् ।

(ङ) विद्यालय नजिकै भएका मठ, मन्दिर, पाटी, चौतारा, बाटो वा विद्यालय हातामा विद्यार्थीले गर्न सक्ने सरसफाइ कार्यहरू, जस्तै : कागज टिप्ने, घाँस उखल्ने जस्ता कामहरू गर्न लगाउनुहोस् ।

**५. मूल्याङ्कन विधि**

(क) विभिन्न क्रियाकलापमा विद्यार्थी सहभागिता सम्बन्धमा मूल्याङ्कन फाराम बनाई अभिलेख राख्नुहोस् ।

| विद्यार्थीको नाम | गराइएको क्रियाकलाप | सक्रियता | बोल्ने क्षमता | क्रियाकलाप सम्पन्न गर्ने क्षमता | सिर्जनात्मकता |
|---|---|---|---|---|---|
| | | | | | |

***सङ्केत*** :
A - धेरै राम्रो
B - ठिकै
C - कमजोर

(ख) तलका जस्तै प्रश्न बनाएर छलफल गर्नुहोस् :

१. तिम्रो गाउँ/टोलको सबभन्दा असल मानिसको नाम के हो ?

२. कस्तो मानिसलाई असल मानिस भन्ने ?

(अ) अरूको भलाइ गर्ने

(आ) अरूलाई हैँला गर्ने

(इ) अरूको नाश विगार गर्ने

३. असल मानिसले कस्तो काम गर्छन् ?

(अ) अरूलाई दुःख दिने

(आ) अरूसँग झगडा गर्ने

(इ) अरूलाई सहयोग गर्ने

४. तिमी कस्तो मानिस बन्नुपर्छ ?

(अ) अरूसँग नमिल्ने

(आ) असल

(इ) खराब

(ग) तलको अवस्थामा तिमी के गर्छौ भनी सोध्ने र उनीहरूको जवाफ सुनेपछि सही उत्तर नआएमा आफूले बताइदिनुहोस् र सही उत्तर दिनेलाई प्रोत्साहन गर्नुहोस् :

- धारा खुल्लै रहेछ ।
- तिम्रो साथीले कक्षामा किताब छाडेर हिँडेछ ।
- तिम्रो साथी लडेछ ।
- तिम्रो घरमा छिमेकीको फोन आयो ।
- तिम्रो छिमेकमा कोही बिरामी परे छन्, बिरामीको आमा खेतमा काम गर्न गएकी छन् । घरमा कोही छैनन् ।
- तिम्रो छिमेकीहरू बाटो सफा गर्दैछन् ।

## ६. थप सुझाव

विद्यार्थीहरूलाई कुनै समाजसेवीसँग भेट गराएर उनले गरेका राम्रा कामहरू देखाउनुहोस् । उनका अनुभवहरू सुनाउन लगाउनुहोस् । अभिभावकहरूले पनि आफ्ना केटाकेटीलाई आफ्नो समाजको असल र समाजसेवी मानिससँग भेट गराउने वा उनका बारेमा बताइदिनुपर्छ ।

एकाइ ३ **सामाजिक समस्या र समाधान**

# पाठ १ विद्यालयका असहाय तथा अपाङ्गहरू

**घन्टी - चार**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि** | **विशिष्ट उद्देश्य** |
|---|---|
| विद्यालयमा रहेका असहाय, अपाङ्गहरूलाई सम्मान र सहयोग गर्न । | - विद्यालयमा रहेका दृष्टिविहीन, कान नसुन्ने, हात खुट्टासम्बन्धी अपाङ्ग, बाबुआमा नभएका आदिलाई आवश्यक सहयोग गर्न,<br>- त्यस्ता व्यक्तिहरूलाई सम्मान गर्न,<br>- असहाय तथा अपाङ्गलाई हुने कठिनाइको बोध गरी उनीहरूप्रति सधैँ सकारात्मक व्यवहार गर्न । |

२. **पाठ परिचय**

विद्यालयमा विभिन्न कारणले असहाय भएका वा शारीरिक तथा मानसिक रूपमा अपाङ्ग भएका विद्यार्थी, शिक्षक वा अन्य कर्मचारी हुन सक्छन् । विभिन्न दुर्घटनामा परी हात, खुट्टा गुमाएका हुन सक्छन् । आँखाको ज्योति गुमाएका, कान नसुन्ने वा बोल्न नसक्ने हुन सक्छन् । त्यस्ता शारीरिक तथा मानसिक अपाङ्ग भएका व्यक्तिहरूलाई सहयोगको आवश्यकता पर्दछ । त्यसैगरी सानै उमेरमा टुहुर ाटुहुरी भएका र उनीहरूको संरक्षक वा अभिभावक नभएका बालबालिका पनि हुन सक्छन् । त्यस्ता बालबालिकाहरूलाई पनि विशेष प्रकारको सहयोगको आवश्यकता पर्दछ । विद्यालयमा रहेका त्यस्ता शारीरिक तथा मानसिक अपाङ्ग र असहायहरूलाई सम्मान गर्ने र आवश्यक सहयोग गर्ने बानीको विकास बालबालिकाहरूमा गराउनुपर्दछ ।

**विद्यालयमा रहेका अपाङ्ग तथा असहायलाई सहयोग र सम्मान गर्नुपर्दछ ।**

३. **शैक्षिक सामग्री**

अपाङ्गहरूको चित्र, अपाङ्गहरूले प्रयोग गर्ने साधनको चित्र वा ठोस वस्तुहरू (वैसाखी, ह्वील चेयर, लट्ठी आदि)

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ्यपुस्तकमा दिइएको चित्र हेर्न लगाउनुहोस् र उक्त चित्रका बारेमा सबैलाई पालैसँग वर्णन गर्न लगाउनुहोस् । उक्त चित्रलाई आधार बनाएर विभिन्न प्रश्नोत्तर गर्न सक्नुहुन्छ, जस्तै : चित्रमा कोको छन् ? वैसाखी टेकेर उभिएका बालिका के गर्दैछिन् ? उनको खुट्टा के भएको होला ? उनलाई कस्तो सहयोगको आवश्यकता पर्ला आदि ।

(ख) अन्य असहाय तथा अपाङ्गहरूको तस्बिर तथा चित्रहरू देखाई त्यसबारेमा छलफल गराउनुहोस् ।

(ग) कक्षा वा विद्यालयमा असहाय तथा अपाङ्ग भए उनीहरूलाई के कस्तो सहयोगको आवश्यकता पर्दछ र त्यस्तो सहयोग अन्य विद्यार्थीहरूले गरेका छन् छैनन् । यदि छैनन् भने सबैले उसलाई सहयोग गर्न सिकाउनुहोस् । त्यस्तो सहयोग आवश्यकताअनुसार सधैँ गर्ने बानीको विकास गराउनुहोस् ।

(घ) विद्यालयमा रहेका असहाय तथा अपाङ्गहरूलाई मानसिक रूपमा चोट पुग्ने कार्य गर्न नहुने कुरा सिकाउनुहोस् र कक्षामा क्रियाकलाप गर्दा समेत असहाय तथा अपाङ्ग भए सतर्कतापूर्वक उनीहरूलाई मानसिक असर नपुग्ने गरी क्रियाकलापमा सहयोग गर्नुहोस् ।

(ङ) विभिन्न प्रकारका असहाय तथा अपाङ्गहरूलाई गर्नुपर्ने सहयोग र सम्मानको भूमिका अभिनय गराउनुहोस् । विभिन्न प्रकारका अपाङ्गको अभिनयसमेत गराउनुहोस् जसले गर्दा उनीहरूले पनि साँच्चै अपाङ्ग हुँदा हुने कष्टको अनुभव गरून्, जस्तै : आँखामा पट्टी बाँधेर दृष्टिविहीनको अनुभव गराउन सकिन्छ । एउटा मात्र खुट्टाले हिँडेर वा एउटा मात्र हात चलाउन लगाएर अभिनय गराई हात खुट्टा नहुँदाको अवस्थाको बारेमा अनुभव गराउन सकिन्छ । कक्षामा भएका विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई अपाङ्गको अभिनय गराई अर्को समूहलाई त्यस प्रकारका अपाङ्गहरूलाई गर्नुपर्ने सहयोगका बारेमा बताउन लगाउने क्रियाकलाप पनि गराउन सकिन्छ ।

(च) कुनै एउटा मानिसलाई परेको समस्या बताइदिनुहोस् र उसलाई कस्तो सहयोग चाहिन्छ भन्न लगाउनुहोस् । जस्तै :

| परेको समस्या | के सहयोग चाहिन्छ |
|---|---|
| - राम लखनको गोडा भाँचिएकाले हिँडडुल गर्न कठिन पर्छ | .............. |
| - पारुहाङको सानै उमेरमा आँखाको ज्योति गुमेको छ | .............. |
| - विनिताका बुबाआमाको उनी सानै छँदा दुर्घटनामा परी मृत्यु भयो | ............... |
| - सानुमाया कान सुन्दिनन् | .............. |
| - फुर्वा बोल्न सक्तैनन् | .............. |

(छ) विभिन्न प्रकारका अपाङ्गहरूले प्रयोग गर्ने सामानहरूसँग परिचित गराउनुहोस् । त्यसका लागि वैसाखी, ह्वीलचियर, लट्ठी, चस्मा, नक्कली खुट्टा आदि ठोस रूपमा वा चित्रहरू देखाई तिनीहरूको नाम भन्न लगाउनुहोस् र कुन सामान कसले प्रयोग गर्छ सोध्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यालयमा रहेका असहाय तथा अपाङ्गहरूलाई सहयोग र सम्मान गरे नगरेको अवलोकन गर्नुहोस् । सहयोग र सम्मान नगर्नेहरूलाई पुन: थप क्रियाकलाप गराएर सहयोग तथा सम्मान गर्ने बानीको विकास गराउनुहोस् ।

(ख) कस्तो अपाङ्गलाई के चाहिन्छ सोध्नुहोस्, जस्तै :

- एउटा खुट्टा भाँचिएको मानिस — **बैसाखी**
- आँखा नदेख्ने मानिस — ...
- कान कम सुन्ने मानिस — ...
- दुवै खुट्टा नचल्ने मानिस — ...

(ग) विभिन्न प्रकारका अपाङ्गहरूको अभिनय गराई सही रूपमा गरे नगरेको अवलोकन गर्नुहोस् । अभिनय गर्दा उनीहरूले गरेको अनुभव सही भयो, भएन मूल्याङ्कन गर्नुहोस् । सही अभिनय गर्न नसकेकालाई पुन: गराउनुहोस् ।

(घ) विभिन्न प्रश्नहरू बनाई सोध्नुहोस्, जस्तै :

- तिम्रो साथी बिरामी भयो भने के गर्छौ ?
- आँखा नदेख्ने मानिसलाई के सहयोग चाहिन्छ ?
- कान नसुन्ने मानिसलाई तिमीले केही कुरा भन्नु पर्‍यो भने कसरी भन्छौ ?
- एउटा खुट्टा नभएको मानिसलाई के चाहिन्छ ?

## ६. थप सुझाव

- विद्यालय तथा कक्षामा कोही असहाय वा अपाङ्गहरू भए उनीहरूलाई मानसिक वा शारीरिक रूपमा असर नपुग्ने गरी क्रियाकलाप गराउनुपर्दछ ।
- विद्यालयको परिवेश, स्रोतसाधनको उपलब्धता, सामाजिक मूल्य र मान्यता आदिलाई समेत मध्यनजर राखी पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि हासिल गराउन शिक्षणसिकाइ क्रियाकलापमा थपघट तथा हेरफेर गर्न सकिने छ ।

**पाठ २**

# छरछिमेकका असहाय तथा अपाङ्गहरू

घन्टी - चार

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| छरछिमेकमा रहेका असहाय, अपाङ्गहरूलाई सम्मान र सहयोग गर्न । | - आफ्नो छिमेकमा रहेका जन्मजात वा विभिन्न दुर्घटनामा परी अपाङ्ग भएकाहरूलाई आवश्यक सहयोग गर्न,<br>- उनीहरूको मनोबल बढाउन,<br>- आफ्नो छिमेकमा रहेका टुहुराटुहुरी, वृद्धवृद्धा, रोगी आदिलाई आवश्यक सहयोग गर्न,<br>- उनीहरूलाई उचित सम्मान गर्न । |

२. **पाठ परिचय**

विद्यार्थीहरूको छरछिमेकमा विभिन्न प्रकारका शारीरिक तथा मानसिक अपाङ्गहरू हुन सक्छन्, जस्तै : हातखुट्टा भाँचिएका, आँखा नदेख्ने, कान नसुन्ने तथा बोली नआउने हुन सक्छन् । त्यस्तै गरी सानै उमेरमा बाबुआमा तथा अभिभावक गुमाएका, उमेरका कारण वृद्धावृद्धा भएका, कुनै रोगका कारण असक्त भएका आदि हुन सक्छन् । त्यस्ता व्यक्तिहरूलाई अरूको सहयोग वा सहाराको आवश्यकता पर्दछ । विद्यार्थीहरूलाई सानै उमेरदेखि त्यस्ता व्यक्तिहरूलाई सहयोग गर्ने बानीको विकास गराउनुपर्दछ । त्यस्ता व्यक्तिहरूलाई कतिपय समाजमा हेला गर्ने, समान व्यवहार नगर्ने गरेको देखिन्छ । त्यस्तो अवस्थामा बालबालिकाहरूलाई त्यस्ता अपाङ्ग तथा असहाय व्यक्तिहरू पनि समाजका सदस्य भएकाले उनीहरूसँग मानवीय व्यवहार र उचित सम्मान गर्ने बानीको विकास गराउनुपर्दछ । उनीहरूलाई हौसला र प्रोत्साहनको अवसर दिने गर्नुपर्दछ ।

**आफ्नो छरछिमेकमा रहेका असहाय तथा अपाङ्गहरूलाई आवश्यक सहयोग र सम्मान गर्नुपर्दछ ।**

३. **शैक्षिक सामग्री**

- असहाय तथा अपाङ्गहरूको चित्र तथा पोस्टरहरू
- असहाय तथा अपाङ्गहरूले प्रयोग गर्ने सामग्रीहरू (बैसाखी, लट्ठी, ह्वीलचियर) को चित्र वा ठोस सामग्रीहरू ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ्यपुस्तकमा दिइएको चित्र वर्णन गर्न लगाउनुहोस् । त्यहाँ दिइएको विषयवस्तु पालैसँग पढ्न लगाउनुहोस् । कसले कसलाई किन सहयोग गर्नुपरेको हो प्रश्नोत्तर गर्नुहोस् ।

(ख) बालबालिकाहरूको छरछिमेकमा अपाङ्ग तथा असहायहरू रहे नरहेको कुरा पालैसँग सोध्नुहोस् । बालबालिकाहरूलाई सोध्दा उनीहरूलाई सहज हुने भाषा प्रयोग गर्नुपर्दछ, जस्तै :

- तिम्रो घर नजिकै आँखा नदेख्ने मानिस छन् ?
- छन् भने उनीहरू कसरी हिँड्छन् ?
- तिमीले उनीहरूलाई के सहयोग गरेका छौ ?
- उनीहरूलाई कस्तो सहयोग चाहिन्छ ?
- उनीहरूलाई तिमी के भनेर बोलाउँछौ ?

(यसैगरी अन्य प्रकारका अपाङ्ग र असहायका बारेमा पनि सोध्न सकिन्छ ।)

(ग) अपाङ्गहरूले प्रयोग गर्ने सामानहरू (बैसाखी, ह्वीलचियर, चश्मा, लट्ठी आदि) को पाएसम्म ठोसवस्तु र नपाएमा चित्र देखाउनुहोस् । कुन सामान कस्तो व्यक्तिले प्रयोग गर्छ छलफल गराउनुहोस् ।

(घ) विभिन्न अपाङ्ग तथा असहायहरूको भूमिका अभिनय गराउनुहोस्, जस्तै : रुमालले आँखामा बाँध्ने र लट्ठीको सहाराले हिँड्न लगाउने, एउटा खुट्टाले मात्र टेकेर लट्ठी वा बैसाखीको सहाराले हिँड्न लगाउने, कानमा रुवा राखेर अरूसँग सञ्चार आदनप्रदान गर्न लगाउने, बूढाबूढीको अभिनय गराउने आदि । (कक्षाकोठामा अपाङ्गहरू भए उनीहरूको मानसिक तथा शारीरिक रूपमा नकारात्मक असर नपर्ने गरी क्रियाकलाप गराउनुपर्छ)

(ङ) अभिनयपश्चात् उनीहरूले गरेको अनुभव बताउन लगाउनुहोस् । साँच्चिकै अपाङ्ग वा असहाय हुँदाको अवस्थामा के कस्तो सहयोग र व्यवहारको खाँचो पर्ने रहेछ भन्न लगाउनुहोस् । छिमेकमा रहेका त्यस्ता व्यक्तिहरूलाई सहयोग र सम्मान गर्नुपर्ने कुरा बताइदिनुहोस् ।

(च) विभिन्न प्रकारका अपाङ्गहरू र उनीहरूले प्रयोग गर्ने सामग्रीहरूको चित्र बनाउन लगाउनुहोस् ।

(छ) बालबालिकाहरूलाई उनीहरूको छिमेकमा रहेका विभिन्न प्रकारका अपाङ्गहरू खोजी गरी उनीहरूको नाम, अपाङ्गता, प्रयोग गर्ने सामानको नाम र उनीहरूलाई चाहिने सहयोगका बारेमा टिपोट गरी तालिकामा भरेर ल्याउन परियोजना कार्य दिनुहोस् ।

| नाम | के भएको हो | के सामान प्रयोग गर्छन् | उनीहरूलाई कस्तो सहयोग चाहिन्छ |
|---|---|---|---|
| | | | |

(ज) कक्षामा वा विद्यालयमा कोही अपाङ्ग वा सानैमा बाबुआमा गुमाएका बालबालिका भए बोलाएर उनले भोग्नु परेको समस्या र उनले अरूबाट कस्तो सहयोग तथा आशा गरेका हुन्छन् सबैका सामु भन्न लगाउनुहोस् । उनले गर्न सकेका नमुना कार्यहरू समेत भन्न लगाउनुहोस् ।

(यसबाट असहाय, अपाङ्गहरूलाई सहयोग र सम्मान गर्ने तथा उनीहरूबाट पनि शिक्षा लिन सकिन्छ भन्ने कुराको जानकारी भई सकारात्मक व्यवहार परिवर्तनमा सहयोग पुग्छ ।)

(झ) समुदायमा रहेका असहाय तथा अपाङ्गले गरेका नमुना कार्यहरू बताएर उनीहरूबाट शिक्षा लिनुपर्ने कुराको बोध गराउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूले विद्यालय भित्र र बाहिर असहाय तथा अपाङ्गहरूलाई गर्ने व्यवहारको अवलोकन गरी मूल्याङ्कन गराउनुहोस् र सही नभएमा उनलाई पुन: थप क्रियाकलापमा संलग्न गराई सकारात्मक व्यवहार गर्ने बानीको विकास गराउनुहोस् ।

(ख) दिइएको परियोजना कार्यमा बालबालिकाहरूको सहभागिता, उनीहरूले गरेको कार्यका आधारमा मूल्याङ्कन गरी आवश्यक परेमा थप पृष्ठपोषण दिनुहोस् ।

(ग) पाठ्यपुस्तकमा दिइएका क्रियाकलाप गराई सही रूपमा गरेनगरेको लेखाजोखा गर्नुहोस् र आवश्यक भएमा सुधारात्मक शिक्षणसमेत गर्नुहोस् ।

(घ) विभिन्न प्रकारका अपाङ्गहरूको र उनीहरूले प्रयोग गर्ने सामग्रीको चित्र सही रूपमा बनाए नबनाएको जाँच गर्नुहोस् ।

(ङ) अभिभावकहरूसँग भेट भएको समयमा उनीहरूका बालबालिकाले छरछिमेकमा रहेका अपाङ्ग तथा असहायहरूलाई गर्ने व्यवहारका बारेमा सोध्नुहोस् र सही नभएमा अभिभावकलाई पनि राम्रो व्यवहार गर्ने कुरा सिकाउन अनुरोध गर्नुहोस् ।

## ६. थप सुझाव

- स्थानीय परिवेश, सामाजिक मूल्य र मान्यताअनुसार विद्यार्थीहरूलाई गराउने क्रियाकलापमा थपघट र हेरफेर गर्न सकिन्छ ।
- पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुसार विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा दिइएको विषयवस्तु र क्रियाकलापमा मात्र केन्द्रित नभई थप क्रियाकलाप गराएर उनीहरूलाई सकारात्मक व्यवहारमा परिवर्तन गराउनेतर्फ जोड दिनुपर्दछ ।

**एकाइ ४** **नागरिक चेतना**

# पाठ १ आपसी सहयोग

**घन्टी - चार**

## १. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| परिचित व्यक्तिसँग आवश्यक सहयोग लिन र दिन । | - परिचित साथीसँग सहयोग लिन,<br>- छरछिमेक र नातागोतासँग सहयोग लिन,<br>- परिचित साथीलाई सहयोग गर्न,<br>- छरछिमेकलाई सहयोग गर्न । |

## २. पाठ परिचय

मानिसहरू छिमेकमा मिलेर बस्छन्, मिलेर काम गर्छन्, चाडपर्वहरू पनि मिलेर मनाउँछन् । यस्तो बेलामा आफूसँग भएका सामानले मात्रै पुग्दैन । अरूसँग पनि सामान लिनुपर्छ । आफूसँग भएका सामान अरूलाई दिनुपर्छ । आफ्ना साथी र नातागोतालाई पनि सहयोग गर्नुपर्छ । यस पाठमा विद्यार्थीहरूलाई परिचित व्यक्तिसँग आवश्यक सहयोग लिन र दिन प्रेरित गराउन खोजिएको छ ।

**आफ्नो साथी, छिमेकी र नातागोतासँग सहयोग आदानप्रदान गर्नुपर्दछ ।**

## ३. शैक्षिक सामग्री

- साथीलाई आफूसँग भएका सामान दिएको चित्रपत्तीहरू, पोस्टर, ठोस वस्तुहरू (किताब, कापी, कलम, भाँडाकुँडा) आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूले देख्ने गरी सबै मिलेर चाडपर्व मनाएको चित्र प्रदर्शन गर्नुहोस् ।

(ख) पोस्टर प्रदर्शन गरी त्यसमा छलफल गराउनुहोस् ।

(ग) चाडपर्व मनाउँदा आफूसँग भएका सामानले नपुग्ने भएकाले अरूसँग सामान लिनुपर्छ । आफूसँग भएको आफ्ना छिमेकीलाई दिनुपर्छ भनी छलफल गराउनुहोस् ।

(घ) साथी र छरछिमेकसँग सहयोग लिएको अभ्यास गर्न ठोस वस्तुहरू किताब, कापी, कलम आदि विद्यार्थीहरूलाई सहयोग आदानप्रदान गरेको अभिनय गराउनुहोस् ।

(ङ) अभिनय गराइसकेपछि राम्रो अभिनय गर्नेलाई स्यावासी दिई पुरस्कृत गर्नुहोस् ।

(च) आफ्ना साथीलाई आफूसँग भएका सामान दिएर सहयोग गर्न अभिप्रेरित गर्नुहोस् ।

(छ) विषयवस्तुसँग सम्बन्धित विभिन्न खेल पनि खेलाउन सकिन्छ, जस्तै :

**सामान हरायो खेल**

विद्यार्थीहरूलाई तीन, चार समूह बनाउनुहोस् । हरेक समूहलाई एकएकओटा काम गर्न लगाउनुहोस्, जस्तै : समूह 'क' लाई लेख्न, 'ख' लाई खेल्न, 'ग' लाई कागज काट्न आदि । उनीहरूले काम गरिरहेकै समयमा उनीहरूलाई कक्षा बाहिर लैजानुहोस् वा अर्को समूहको क्रियाकलाप अवलोकन गर्न लगाउनुहोस् । ती सामग्री तपाईंले गोप्य रूपमा लुकाइदिनुपर्छ । केही समयपछि उनीहरू आफ्नो समूहमा फर्कँदा उनीहरूका केही सामग्री अन्य विद्यार्थीहरूलाई त्यस्तै सामग्री दिन लगाएर सहयोग गर्न लगाउनुहोस् । यस क्रियाकलापबाट सामान दिएर र लिएर सहयोग गर्ने बानीको विकास हुने छ ।

५. **मूल्याङ्कन विधि**

(क) विद्यार्थीहरूले आफ्ना साथी र नातागोतालाई सहयोग पुऱ्याए नपुऱ्याएको पत्ता लगाउन निम्नलिखित प्रश्नहरू सोध्नुहोस् :

- तिमीले साथीभाइलाई कुनकुन सामान दिएर सहयोग गरेका छौ ?
- तिमीले साथीबाट कुनकुन सामान लिएका छौ ?
- किन तिमीले साथीसँग सामान लिएका हौ ?
- माथिका प्रश्नहरूको जवाफका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।
- विद्यार्थीले गरेका अभिनयको आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।
- अभिनय ठीक तरिकाले गरे गरेनन् अवलोकन गरी विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. **थप सुझाव**

पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धिहरू पूरा गराउन सबै ठाउँमा एउटै तरिका उपयुक्त नहुन सक्छ । ठाउँ र परिवेश सुहाउँदा अन्य क्रियाकलापहरू गराउने र स्थानीय स्रोत एवम् सामग्रीको प्रयोग गरी पठनपाठन गराउनु उपयुक्त र सान्दर्भिक हुने छ ।

# पाठ २ हाम्रो साझा सम्पत्ति

**घन्टी - तीन**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि** | **विशिष्ट उद्देश्य** |
|---|---|
| समुदायका सार्वजनिक सम्पत्तिहरूको सूची बनाउन । | १. सार्वजनिक सम्पत्तिको नाम बताउन,<br>२. सार्वजनिक सम्पत्तिको सूची तयार गर्न,<br>३. सार्वजनिक साधनहरूको उपयोग गर्न । |

२. **पाठ परिचय**

सार्वजनिक सम्पत्ति सबैका साझा सम्पत्ति हुन् । धारा, कुवा, चौतारा, मन्दिर, गुम्बा, हुलाकघर, स्वास्थ्य चौकी, विद्यालय आदि सार्वजनिक सम्पत्ति हुन् । यसैगरी बाटो, पुल, चौर, पाटी, पौवा आदि पनि सार्वजनिक सम्पत्ति हुन् । यिनको संरक्षण र संवर्धन गर्नु हामी सबैको कर्तव्य हो । सार्वजनिक साधनहरू पनि हाम्रा लागि अति आवश्यक मानिन्छन् । बस, टेलिफोन आदिको उपयोग गरी हाम्रा आवश्यकताहरू पूरा गर्न सकिने छ । बालबालिकाहरूलाई वरिपरि रहेका सार्वजनिक सम्पत्तिहरू चिनेर तिनीहरूको सूची तयार गर्न लगाउनु पाठको मुख्य उद्देश्य रहेको छ ।

**आफ्नो समुदायमा रहेका सार्वजनिक सम्पत्तिहरू चिनेर तिनीहरूको सूची बनाउनुपर्दछ ।**

३. **शैक्षिक सामग्री**

- चौतारा, मन्दिर, गुम्बा, हुलाकघर, स्वास्थ्य चौकी आदिका चित्रहरू
- बस, टेलिफोन आदि उपयोग गरेको चित्र
- पुराना पत्रपत्रिका, चित्रपत्ती, शब्दपत्ती आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई विद्यालय नजिकै रहेका धारा, कुवा, इनार, चौतारा, हुलाकघर, पाटी, पौवा आदिको स्थलगत भ्रमण गराई अवलोकन गराउनुहोस् ।

(ख) अवलोकन गराइसकेपछि विद्यार्थीहरूले देखेका सार्वजनिक सम्पत्तिको सूची बनाउन लगाउनुहोस्, जस्तै :

| **क्र.सं.** | **साझा सम्पत्ति** |
|---|---|
| १ | चौतारो |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

(ग) विद्यार्थीहरूले बनाएका सूची पालैपालो भन्न लगाउनुहोस् । टिप्न छुट भएका सार्वजनिक सम्पत्ति सूचीमा आफूले थप गरिदिनुहोस् ।

(घ) सूचीबद्ध गरेका सार्वजनिक सम्पत्ति कुनकुन काममा उपयोग गर्न सकिन्छ भनी बताउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई सार्वजनिक सम्पत्तिको उपयोगिता बताइदिनुहोस् ।

(च) बसको उपयोग गरी एक ठाउँबाट अर्को ठाउँमा सजिलै र छिटै पुग्न सकिने र टेलिफोनको प्रयोग गरी टाढाटाढा खबर पठाउन सकिने कुरा बताइदिनुहोस् ।

(च) विद्यार्थीहरूलाई सार्वजनिक सम्पत्ति हामी सबैको साझा सम्पत्ति हुन् भनी बताइदिनुहोस् ।

(छ) पुराना पत्रपत्रिका वा पुस्तकहरूबाट सार्वजनिक सम्पत्ति झल्कने चित्रहरू समूहगत रूपमा सङ्कलन गर्न लगाउनुहोस् । हरेक समूहले सङ्कलन गरेका चित्रहरू पालैपालो प्रदर्शन गर्न लगाउनुहोस् । जुन समूहले धेरै चित्र सङ्कलन गर्छ उसलाई पुरष्कृत गर्नुहोस् ।

(ज) विद्यालय परिसर वा नजिककैको सार्वजनिक स्थलको भ्रमण गराई त्यहाँ सरसफाइसमेत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूले स्थलगत भ्रमण गर्दा आफूले देखेका सार्वजनिक सम्पत्तिको सूची बनाए नबनाएको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

| विद्यार्थीको नाम | धेरै राम्रो | राम्रो | ठीकै |
|---|---|---|---|
| | | | |

(ख) विद्यार्थीहरूलाई निम्नलिखत प्रश्नहरू सोध्ने :

- तिमी बसेको ठाउँमा केकस्ता सार्वजनिक सम्पत्ति छन् ? भन ।
- बस र टेलिफोनको उपयोग केका लागि प्रयोग गर्न सकिन्छ ?
- विद्यार्थीहरू सार्वजनिक सम्पत्तिको संरक्षणमा सहभागी भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने ।

## ६. थप सुझाव

- विद्यार्थीहरूलाई आफू बसेको ठाउँ र विद्यालय वरिपरि अवलोकन गराई सार्वजनिक सम्पत्तिको सूची तयार गर्न लगाउनुपर्छ । सार्वजनिक सम्पत्तिको संरक्षण र संवर्धन गर्न प्रेरित गराउने खालका विभिन्न क्रियाकलापहरू गराउनुपर्छ ।

# पाठ ३ साझा सम्पत्तिको संरक्षण

**घन्टी - तीन**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| समुदायका सार्वजनिक सम्पत्तिहरूको संरक्षण गर्न । | - सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तरिका बताउन,<br>- सार्वजनिक सम्पत्तिको संरक्षणमा सहभागी हुन,<br>- सार्वजनिक सम्पत्तिको संरक्षणबाट हुने फाइदा बताउन । |

२. **पाठ परिचय**

धारा, कुवा, इनार, विद्यालय, चौर, पाटीपौवा, चौतारो आदि सार्वजनिक सम्पत्ति हुन् । यिनीहरूको सरसफाइ, मर्मत सम्भार, बिग्रिए भत्किएपछि बनाउने कार्य गर्नु हामी सबैको कर्तव्य हो । टेलिफोन बुथको संरक्षण, तार नचुँडाल्ने आदि कार्य गरी तिनको संरक्षण र संवर्धन गर्न सकिने छ । यस पाठमा सार्वजनिक सम्पत्तिको संरक्षण र संवर्धन एवम् तिनको उपयोग गर्न प्रेरित गराउन खोजिएको छ ।

**आफ्नो समुदायमा रहेका सार्वजनिक सम्पत्तिहरूको संरक्षणमा सहयोग गर्नुपर्दछ ।**

३. **शैक्षिक सामग्री**

सार्वजनिक सम्पत्तिको चित्र, चौतारो बनाएको, विद्यालय भवन बनाएको चित्र, धारा, कुवा, इनार सफा गरिएको चित्रपत्ती, वाक्यपत्ती आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई धारा, कुवा, इनार सफा गरिरहेको चित्र देखाई प्रश्नोत्तर गराउने, जस्तै :

- किन धारा सफा गर्नुपर्छ ?
- किन धारा बन्द गरिराख्नुपर्छ ?

(ख) पालैपालो विद्यार्थीलाई ती प्रश्नको जवाफ भन्न लगाई कालोपाटीमा टिप्दै जाने र अन्त्यमा धाराको जतन गर्नुपर्छ भन्ने कुरा बताइदिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई चौतारो भत्किएको र सबैजना मिलेर बनाइरहेको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् ।

- त्यस्तै टेलिफोनको तार, टेलिफोन बुथ आदिको संरक्षण गर्नुपर्छ भन्ने कुरा बताइदिनुहोस् ।
- विद्यार्थीहरूलाई सार्वजनिक सम्पत्तिको संरक्षण र जतन गर्नुपर्छ किनकि यी हाम्रा साझा सम्पत्ति हुन् भनी बताइदिनुहोस् र त्यस्ता कार्यमा सहभागी हुन प्रेरित गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूलाई विद्यालय वरिपरि सरसफाइ गर्न लगाउने र सरसफाइमा सक्रिय रूपमा भाग लिए नलिएको अवलोकन गरी मूल्याङ्कन गर्ने ।

(ख) तल दिइएको अवलोकन फाराम भरी विद्यार्थीहरूको उपलब्धिस्तरलाई अङ्कमा परिणत गर्नुहोस् र कम अङ्क ल्याउने विद्यार्थीलाई पृष्ठपोषण दिनुहोस् । सरसफाइमा विद्यार्थी सहभागिताअनुसार धेरै राम्रोलाई -५, राम्रो -३, सामान्य -१ अङ्क दिने ।

| क्र.सं. | नाम | धेरै राम्रो | राम्रो | सामान्य |
|---|---|---|---|---|
| १. | सन्तबहादुर | ५ | | |
| २. | सुमन | | | १ |
| ३. | जुनेली | | ३ | |

विद्यार्थीहरूलाई निम्नलिखित प्रश्नहरू गर्नुहोस् :

- धारा सफा गर्न केके काम गर्छौं ?
- चौतारो भत्कियो भने के गर्नुपर्छ ?

(ग) विद्यार्थीले दिएका जवाफका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।

## ६. थप सुझाव

पाठ्यक्रममा भएका सिकाइउपलब्धि पूरा गराउन माथि उल्लिखित क्रियाकलापबाहेक अन्य उपयुक्त क्रियाकलाप पनि गराउनुपर्ने छ ।

# पाठ ४ पालो पर्खने बानी

**घन्टी - चार**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| सार्वजनिक स्थल र साधनहरू उपयोग गर्दा पङ्क्तिमा पालो पर्खन र अरूलाई पालो दिन । | - सार्वजनिक स्थलको उपयोग गर्दा पङ्क्तिमा पालो पर्खन,<br>- सार्वजनिक साधनको उपयोग गर्दा पङ्क्तिमा पालो पर्खन,<br>- सार्वजनिक साधनको उपयोग गर्दा अरूलाई पालो दिन । |

२. **पाठ परिचय**

मन्दिर, टेलिफोन, धारा, कुवा र इनारमा आफ्नो पालो आएपछि मात्र काम गर्नुपर्छ । मन्दिर दर्शन गर्दा पालो नआइन्जेल पर्खनुपर्छ । पङ्क्तिमा बसी आफ्नो पालो आएपछि टेलिफोन गर्नुपर्छ । यस्तै धारामा पानी लिन जाँदा पनि सबैले पालोपालो भर्नुपर्छ, बस चढ्दा पनि आफ्नो पालो आएपछि मात्र चढ्ने र ओर्लने गर्नुपर्छ । धेरै हतारमा भएका मानिस, असहाय, अपाङ्ग, वृद्धवृद्धा आदि आफूभन्दा पछाडि भए पनि पालो दिने बानी बसाल्नुपर्छ । यस पाठमा सार्वजनिक स्थलमा पालो पर्खने बानीको विकास गर्न खोजिएको छ ।

**सार्वजनिक ठाउँहरूमा पालो पर्खने र पालो दिने बानी गर्नुपर्दछ ।**

३. **शैक्षिक सामग्री**

विद्यालयको कक्षाकोठामा पस्दा र निस्कँदा पालैपालो निस्किएको चित्र, धारा, कुवा र इनारमा पङ्क्तिमा बसी पानी भरेको चित्र, बस र टेलिफोन गर्न पङ्क्तिमा बसेको चित्र आदि । चित्रपत्ती, शब्दपत्ती, पोस्टर, स्लाइड, श्रव्यदृश्य सामग्री आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई सर्वप्रथम धारा, कुवा र इनारमा पानी भर्न पङ्क्तिमा बसेको चित्र प्रदर्शन गरी छलफल गराउने र सम्भव भए विद्यालय नजिकै त्यस्ता स्थलहरूको भ्रमण गराउनुहोस् ।

(ख) मन्दिरमा पनि मानिसहरू पङ्क्तिमा बसेको चित्र वा श्रव्यदृश्य सामग्री देखाउँदै विद्यार्थीहरूलाई प्रश्नोत्तर गराउनुहोस्, जस्तै :

- चित्रमा के भइरहेको छ ?
- तिमी भए के गर्थ्यौ ?
- किन धारा वा इनारमा पङ्क्तिमा पालो पर्खनुपर्छ ।

(ग) विद्यार्थीहरूले दिएका जवाफ पाटीमा टिप्दै जाने र अन्त्यमा सार्वजनिक स्थलमा पालो पर्खने गर्नुपर्छ भनी प्रेरित गर्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई कक्षाकोठामा पस्दा र निस्कँदा पङ्क्तिमा बसी पालैपालो निस्कने तरिका अभिनय गर्न लगाउने र नजान्ने विद्यार्थीलाई सहयोग गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई सार्वजनिक स्थल एवम् साधनहरूको उपयोग गर्दा पालो पर्खने गर्नुपर्छ भन्ने कुरा जानकारी गराउनुहोस् ।

(च) विद्यार्थीहरूलाई कक्षाबाट लाइनबद्ध गरी शौचालयमा लैजानुहोस् । शौचालयको क्षमताअनुसार निश्चित सङ्ख्यामा भित्र पठाई अन्यलाई बाहिर लाइनमा राख्नुहोस् । निस्किएकाहरूलाई पनि लाइनमा राख्नुहोस् । अब उनीहरूलाई धारामा लैजानुहोस् । धारामा वा पानी खाने ठाउँमा पनि लाइनमा राखेर पालैपालो पानी पिलाउनुहोस् । चौरमा लगी लाइनमा खेलिने खेल खेलाउनुहोस् । अन्त्यमा लाइनमा राखेर कक्षा भित्र लैजानुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूलाई अभिनय गर्न लगाई, अवलोकन गरी मूल्याङ्कन गर्ने र आवश्यक सुधारसमेत गर्न लगाउने ।

(ख) सार्वजनिक स्थलको उपयोग गर्दा पङ्क्तिमा पालो पर्खिए नपर्खिएको अवलोकन गरी मूल्याङ्कन गर्ने ।

(ग) विद्यार्थीहरूको असल व्यवहारको मूल्याङ्कन गर्न घटनावृत्त अभिलेखहरूको प्रयोग गरिन्छ । यस्तो अभिलेखमा विद्यार्थीले वर्षभरिमा प्रदर्शन गर्ने, उसले सिकेका सिकाइउपलब्धिसँग सम्बन्धित व्यवहारहरूलाई टिपोटको रूपमा अभिलेख राख्दै जानुहोस् । साथसाथै उक्त विद्यार्थीमा आएको परिवर्तनलाई पनि अभिलेखमा उल्लेख गर्दै जानुहोस् । विद्यार्थीले प्रदर्शन गर्ने यस्ता व्यवहारहरू खेल्ने क्रममा, कक्षामा वा अन्य समयमा आफ्नै सुरले गरेको हुनुपर्छ, जस्तै :

**घटनावृत्त अभिलेख**


**विद्यार्थीको नाम :** **कक्षा :** **रोल नं. :**

| मिति | विद्यार्थीको व्यवहार | पृष्ठपोषण | व्यवहारामा आएको परिवर्तन |
|---|---|---|---|
| ०६३।६।२२ | म धारा नजिकबाट जाँदै थिएँ, सुन्दरमानले आफ्ना साथीहरूलाई घचेट्दै अगाडि गएर पानी पियो । | मैले उसलाई "पानी पिउन लाइनमा बस्नुपर्छ, अनि पानी पाइन्छ । भोलिदेखि पिउन लाइनमा बसेर पानी पियौ भने म तिमीलाई एउटा इरेजर दिन्छु" भनी सम्झाएँ । | अर्को दिन सुन्दरमान धारामा लाइनमा बसेको देखेर मैले उस-लाई एउटा इरेजर पुरस्कार दिएँ, साथै त्यसै गर्न सल्लाह दिएँ । |
| ०६३।७।१८ | मैले सुन्दरमानलाई शौचालयमा लाइनमा बसिरहेको देखे । | हो, यसैगरी लाइनमा बस्नु पर्छ है भनेर सम्झाएँ । | सुन्दरमान मन्दिरमा पनि लाइनमा बसेको थियो । |

## ६. थप सुझाव

पाठ्यक्रममा भएका सिकाइउपलब्धि पूरा गराउनका लागि माथि उल्लिखित क्रियाकलाप नमुना मात्रै भएकाले ठाउँ, समय, परिस्थिति र पाठको प्रकृतिअनुसार अन्य क्रियाकलापहरू सिर्जना गरी पठनपाठन गराउनुपर्ने छ । पाठलाई रोचक बनाउन स्थानीयस्तरका शैक्षिक सामग्रीको निर्माण र प्रयोग एवम् स्थलगत अध्ययन गराउनुपर्ने छ ।

(ङ) आफ्नो घर, साथीको घर र विद्यालय नक्सामा देखाउन सिकेपछि अब बालबालिकाहरूलाई उनीहरूको टोल गाउँमा भएका कुराहरू, जस्तो : नदी, वन, पोखरी, बाटो, पहाड आदि केके छन् ? उनीहरूले भ्रमण गर्दा केके देखे ? ती कुराहरू भर्न सिकाउनुहोस्, जस्तै :




## ५. मूल्याङ्कन विधि

निम्न प्रश्नहरू सोधी मूल्याङ्कन गर्नुहोस् :

(क) खाली कागज माथि काठको टुक्रा वा पात राखी त्यसको आकृति बनाऊ ।

(ख) तिम्रो गाउँ/टोलको नक्सा बनाऊ र त्यसमा पूर्व, पश्चिम, उत्तर, दक्षिण देखाऊ ।

(ग) तिम्रो गाउँ/टोलबाट तिम्रो विद्यालय कता पर्छ ?

(घ) तिम्रो घरबाट तिम्रो साथीको घर कता पर्छ ?


(ङ) तिमीले बनाएको नक्सामा तिम्रो घर, तिम्रो साथीको घर र तिम्रो विद्यालय कहाँनेर पर्छ ? देखाऊ ।

(ङ) तिम्रो गाउँ वा टोलमा भएका नदी, पोखरी, वन, पहाड, बाटो आदि नक्सामा देखाऊ ।


## ६. थप सुझाव

नक्सा बनाउने अभ्यास गराउँदा साना बालबालिकाहरूलाई निरन्तर गराइरहनुपर्दछ । यसै पाठमा मात्र यस्तो अभ्यास सीमित नराखी प्रसङ्ग मिलाएर अन्य पाठहरूसमेत गर्न सकिन्छ । पाठमा दिइएका क्रियाकलापहरूसमेत गराई सोका आधारमा मूल्याङ्कन पनि गर्नुहोस् ।


(ख) अघिल्लो पाठमा बालबालिकाहरूलाई आफ्नो गाउँ/टोल वा समुदायको भ्रमण गरेको आधारमा कागजमा आफू बसेको ठाउँको नक्सा कोर्न प्रोत्साहित गर्नुहोस् । कापीको शीर्ष भागतर्फ उत्तर दिशा पर्ने गरी नक्सा कोर्न अभ्यास गराउनुहोस् । नक्सा कोर्न तपाईंले पनि सहयोग गरिदिनुहोस् । यसरी नक्सा कोर्न सिकाउँदा रूपरेखा वा आकृति मात्र आउने गरी सिकाउन सक्नुहुन्छ, जस्तै :



(ग) बालबालिकाहरूले आफ्नो गाउँ/टोल वा समुदायको नक्सा तयार पारिसकेपछि त्यस नक्सामा चार दिशा (पूर्व, पश्चिम, उत्तर र दक्षिण) देखाउन सिकाउनुहोस् । बनाइएको नक्सालाई भित्तामा टाँस्न लगाउनुहोस् । दायाँ हातपट्टि पूर्व, बायाँ हातपट्टी पश्चिम, माथितिर उत्तर र तलतिर दक्षिण हुन्छ भनी सिकाउनुहोस्, जस्तै :




**(घ)** नक्सामा चार दिशा छुट्याउन जानिसकेपछि अब आफ्नो घर कहाँनिर पर्छ, आफ्नो साथीको घर कहाँनिर पर्छ नक्सामा भर्न सिकाउनुहोस् । यी कुराहरू पहिले सिकाइसकेपछि उनीहरूलाई प्रतियोगितात्मक तरिका अपनाएर दोहोऱ्याई तेहेऱ्याई पनि सिकाउन सक्नुहुने छ, जस्तै :



## पाठ ४ हाम्रो गाउँको नक्सा

**घन्टी - तीन**

### १. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| टोल समुदायको कोरिएको नक्सामा नदी, वन, पहाड, पोखरी, बाटो आदि देखाउन । | - अग्लो ठाउँमा देखिएका कुराहरूको आकृति कोर्न,<br>- आफ्नो गाउँ टोलको सामान्य नक्सा कोर्न,<br>- नक्सामा चार दिशा (पूर्व, पश्चिम, उत्तर, दक्षिण) देखाउन,<br>- नक्सामा आफ्नो घर, विद्यालय, साथीको घर देखाउन,<br>- नक्सामा आफ्नो टोल गाउँमा भएका वन, बाटो, पहाड, पोखरी भरेर देखाउन । |

### २. पाठ परिचय

आफू बसोबास गरेको गाउँ टोलको सामान्य आकृति कोरेर आफ्नो वरिपरि भएका प्राकृतिक वस्तुहरू जस्तै : वन, नदी, ताल, पहाड, हिमाल आदि र मानवनिर्मित वस्तुहरू जस्तै : बाटो, विद्यालय, साथीहरूको घर, बजार, उद्योग, अस्पताल आदि देखाउन सक्ने सीपको विकास यस पाठमा गर्न खोजिएको छ । यस पाठमा बालबालिकाले सामान्य आकृति मात्र कोरेर त्यहाँ आफ्नो वरिपरिका कुनै पनि कुरा देखाउन सके मात्र पनि उपलब्धि मान्नुपर्ने हुन्छ ।


**आफू बसेको ठाउँ टोलको नक्साको आकृति कोरी मुख्यमुख्य कुराहरू देखाउन सक्नुपर्छ ।**

### ३. शैक्षिक सामग्री

पेन्सिल, कागज, इरेजर, विभिन्न प्रकारका नक्साका मोडेलहरू आदि ।

### ४. शिक्षणसिकाइ क्रियाकलाप


(क) कुनै पनि ठोस वस्तुलाई खाली कागजमाथि राखी पेन्सिल वा कलमले वस्तुको वरिपरि कोर्ने अभ्यास गराउनुहोस् । यो अभ्यास एउटै वस्तुमा एकपटक मात्र नभएर धेरैभन्दा धेरै वस्तुको प्रयोग गरी धेरै पटक अभ्यास गराउनुहोस्, जस्तै :



(ग) कक्षामा दुई जना विद्यार्थीलाई अगाडि बोलाएर पहिले एउटा पेन्सिल वा लठ्ठी गाडेर नजिकैबाट बसेर हेर्न लगाउनुहोस् ।

कक्षामा पहिले एउटा पेन्सिल वा लठ्ठी गाडेर पालैसँग सबै विद्यार्थीलाई नजिकै बसेर हेर्न लगाउनुहोस् । त्यसपछि भुइँमा गाडेको पेन्सिल वा लठ्ठी नजिक एउटा मेच (कुर्सी) राखी त्यसमा पालैपालो सबै विद्यार्थीलाई उभिएर पेन्सिल वा लठ्ठीको ठीक माथिबाट हेर्न लगाउनुहोस् । पहिले तलबाट हेर्दाको पेन्सिल वा लठ्ठी र अहिले मेचमाथि चढेर हेर्दाको पेन्सिल वा लठ्ठीको आकारमा के भिन्नता देखियो ? किन यस्तो भयो ? भन्ने बारेमा सबै बालबालिकाबीच छलफल चलाउनुहोस् र निष्कर्ष निकाल्न लगाउनुहोस् । उनीहरूले निकालेको निष्कर्षमा आफूले पनि थप तथ्यहरू प्रस्तुत गरिदिनुहोस्, जस्तै : दायाँबायाँ ठाउँबाट भन्दा ठीक माथिबाट हेर्दा कुनै पनि वस्तुको आकारप्रकार सानो देखिन्छ । यो कार्य कक्षा बाहिर पनि गराउन सकिन्छ । ठीक माथिबाट देखिएको आकार त्यस वस्तुको नक्सा हो ।

(घ) तल दिइएको जस्तै अङ्कहरू जोडेर नक्सा कोर्ने अभ्यास गराउनुहोस् ।




यस्तै अभ्यासको आधारमा बालबालिकाहरूलाई आफ्नो समुदायको अध्ययन भ्रमण गराइसकेपछि नक्सा कोर्ने अभ्यास गराउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

मूल्याङ्कनका लागि निम्न कार्यहरू गराउनुहोस् :

(क) अग्लो ठाउँबाट कुनै कुरा हेर्दा किन सानो देखिन्छ ?

(ख) होचो ठाउँबाट टाढाका वस्तुहरू देखिन्छन् कि ? नजिकका ?

(ग) अग्लो ठाउँबाट हेर्दा तिमीले केके देख्यौ ? त्यसको आकृति बनाउन ।

## ६. थप सुझाव

(क) तराई प्रदेशका कतिपय क्षेत्रहरूमा अग्लो ठाउँबाट हेर्ने समस्या आउन सक्दछ । यस्तो अवस्थामा विद्यालयको बार्दली, बरन्डा, पिङ आदिको सहयोगबाट पनि अग्लो ठाउँबाट टाढाका वस्तुहरू हेर्न सकिन्छ ।

# पाठ ३ नक्सामा हेर्दा हाम्रो गाउँ

**घन्टी - तीन**

**१. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| आफ्नो गाउँ, टोलको सामान्य नक्सा कोर्न । | - अग्लो ठाउँबाट देखिएका कुराहरूको आकृति कोर्न,<br>- अग्लो ठाउँबाट देखिएका वस्तुहरूबीच तुलना गर्न<br>- अग्लो र होचो ठाउँबाट देखिने वस्तुहरूको आकृति फरक पर्ने कारण प्रयोग गरी हेर्न,<br>- आफ्नो गाउँ, टोलको सामान्य नक्सा कोर्न । |

**२. पाठ परिचय**

अग्लो ठाउँबाट हेर्दा टाढाटाढाका वस्तुहरू पनि देखिन्छन् । ती वस्तुहरू साना देखिन्छन् तर तिनै वस्तुहरू नजिकबाट हेर्दा ठूला देखिन्छन् । यसरी एउटै वस्तुको पनि नजिकबाट र टाढा बाट हेर्दा फरक आकार प्रकार देखिन्छ । कतिपय नक्साहरू अग्लो ठाउँबाट तस्बिर खिचेर तयार पारिएको हुन्छ । यसरी खिचिएका नक्साहरूले धेरै प्रकारका सूचना दिन्छन् । त्यही कुराको सामान्य जानकारी दिन यो पाठ राखिएको हो ।

**आफ्नो गाउँ, टोलको सामान्य नक्सा कोर्न सक्नुपर्छ । अग्लो ठाउँबाट हेर्दा वस्तुको आकृति सानो र होचो ठाउँबाट हेर्दा त्यही वस्तुको आकृति ठूलो देखिन्छ ।**

**३. शैक्षिक सामग्री**

अग्लो ठाउँबाट खिचिएका नक्साहरू, कागज, पेन्सिल, इरेजर, मेच (कुर्सी), सानासाना लठ्ठीहरू ।

**४. शिक्षणसिकाइ क्रियाकलाप**

(क) आफ्नो कक्षाका बालबालिकाहरूलाई कक्षा बाहिर वा चौरमा लैजानुहोस् र वरिपरि हेर्न लगाउनुहोस् । यसरी हेर्दा उनीहरूले केके देखे ? कहाँकहाँसम्मका वस्तुहरू देखे ? त्यसपछि चौरभन्दा केही अग्लो भागमा लैजानुहोस् । त्यहाँबाट पनि वरिपरि हेर्न लगाउनुहोस् । अघि चौरबाट हेर्दा र अहिले कति टाढासम्मका वस्तुहरू देखिए ? कस्तो आकारप्रकारका देखिए ? देखिएअनुसारको आकृति कोर्न लगाउनुहोस् ।

(ख) अग्लो ठाउँबाट हेर्दा र होचो ठाउँबाट हेर्दा वस्तुको आकार प्रकारमा के भिन्नता आउँछ ? अवलोकन गरेका आधारमा विद्यार्थीहरूलाई छलफल गराई निष्कर्ष निकाल्न लगाउनुहोस् । निष्कर्ष निकाल्ने क्रममा तपाईंले पनि सकेको सहयोग गरिदिनुहोस्, जस्तो : अग्लो ठाउँबाट हेर्दा ठूलो देखिन्छ भन्ने कुरा सिकाइदिनुहोस् । यदि तपाईंसँग अग्लो ठाउँबाट खिचिएका फोटो वा कुनै तस्बिर भए त्यो प्रदर्शन गर्दै बालबालिकाहरूलाई प्रस्ट पारिदिनुहोस् ।

(ख) अवलोकन भ्रमणको क्रममा देखिएका समुदाय वरिपरि रहेका वस्तुहरूको चित्र कोर्न लगाउनुहोस् । यसरी बालबालिकाहरूले तयार पारेका चित्रहरूमध्ये उनीहरूलाई नै प्रथम, दोस्रो र तेस्रो छान्न लगाई प्रतियोगिता गराउनुहोस् ।

(ग) बालबालिकाहरूलाई उनीहरूको समुदायमा रहेका प्राकृतिक वस्तुहरू जस्तो : वन, नदी, ताल, पोखरी, पहाड आदिबाट हामीलाई के फाइदा हुन्छ भनी त्यसको महत्त्व कक्षामा छलफल गराउनुहोस् र त्यसको संरक्षण नहुँदा पर्ने असरहरूका बारेमा पनि भन्न लगाउनुहोस् । यसका लागि बालबालिकाहरूलाई आवश्यक सहयोग पनि गराउनुहोस् ।

(घ) पाठ्यपुस्तकमा दिइएका क्रियाकलापहरू गर्न लगाई सुनिता र भोलाको गाउँ र सहरसँग आफ्नो बालबालिकाहरू बसोबास गरेको समुदायसँग तुलना गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) बालबालिकाहरूलाई मूल्याङ्कनका लागि निम्नलिखित प्रश्नहरू सोध्नुहोस् :

- तिम्रो गाउँ/टोल वरिपरि केके छन् ? बताऊ ।
- ताल र पोखरीमा के फरक छ ?
- भोलाको सहर नजिकको वन कसरी पातलो भयो ?

(ख) नदी, ताल, पोखरी र वनको चित्र बनाऊ र त्यसमा रङ पनि लगाएर देखाऊ ।

(ग) तिम्रो समुदाय वरपर रहेका ताल, नदी, वन, पहाडबाट के फाइदा हुन्छ ? तालिकामा देखाऊ ।

| **केबाट** | **के फाइदा हुन्छ** |
|---|---|
| नदी | लुगा धुन |
| पोखरी | |
| ताल | |
| वन | |
| टार | |

## ६. थप सुझाव

बालबालिकाहरूलाई पाठको क्रियाकलापमा दिइएका कार्यहरू गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

# पाठ २ हाम्रा गाउँ र सहर

**घन्टी – तीन**

## १. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| १. आफ्नो गाउँ, टोल वरिपरिको भौगोलिक स्वरूप (नदी, ताल, वन, पोखरी, खोँच, टारको परिचय दिन । | - आफ्नो गाउँ, टोल वरिपरिको अवलोकन भ्रमण गरी नदी, ताल वन, पोखरी छुट्याउन,<br>- नदी, ताल, पोखरीको चित्र कोर्न,<br>- आफू बसोवास गरेको ठाउँ वरिपरि रहेका प्राकृतिक वस्तुहरूको महत्त्व बताउन । |

## २. पाठ परिचय

बालबालिकाहरूले आफ्नो गाउँ, टोल वा समुदायको भौगोलिक स्वरूप (होचो, अग्लो, समथर आदि) का बारेमा ज्ञान हासिल गरे तापनि त्यसका साथसाथै आफ्नो समुदाय वरिपरि रहेका अन्य प्राकृतिक एवम् मानव निर्मित वस्तुहरूको जानकारी हासिल गर्नु पनि त्यत्तिकै जरुरी छ । त्यसैले यस पाठमा समुदायमा रहेका प्राकृतिक र मानव निर्मित वस्तुहरूको अवलोकन भ्रमण गरी जानकारी लिन सक्नुपर्छ, जस्तै : नदी, ताल, पोखरी, टार, खोँच ।

**विद्यालय र त्यस वरिपरिका प्राकृतिक कुराहरू नदी, ताल, पोखरी, टार, खोँच आदि चिन्न सक्नुपर्छ ।**

## ३. शैक्षिक सामग्री

नदी, ताल, पोखरी, बाक्लो र पातलो वनको चित्र, पोस्टर, डकुमेन्ट्री, स्लाइड आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) बालबालिकाहरूलाई आफ्नो गाउँ/टोल वा समुदायको भ्रमणमा लैजानुहोस् र त्यहाँ भएका देखेका कुराहरू क्रमश: टिपोट गर्न लगाउनुहोस् । अवलोकन/भ्रमणपश्चात् कहाँकहाँ केके देखियो छलफल गराउनुहोस्, जस्तै :

हामीले भ्रमण गर्दा हाम्रो गाउँ नजिक खोला देख्यौँ । अलिपर वन पनि देख्यौँ आदि ।

छलफलपश्चात् अवलोकन भ्रमण गर्दा देखिएका कुराहरूबीच फरक छुट्याउन लगाउनुहोस् । जस्तै :

- नदी र तालमा के फरक छ ?
- बाक्लो वन कस्तो हुन्छ ? पातलो वन कस्तो हुन्छ ? आदि

(ख) पहाड अग्लो भाग हो । त्यहाँ उकालो, ओरालो हिँड्नुपर्छ । तराई समथर भाग हो, त्यहाँ उकालो, ओरालो हिँड्नुपर्दैन भन्ने कुरा आफूसँग भएका अग्लो, होचो, समथर, टार, मैदान देखिने चित्र, स्लाइड, मोडेल आदि प्रदर्शन गरी जानकारी गराउनुहोस् । त्यसैगरी बँसी, टार र खोँचको पनि स्पष्ट धारणा बसालिदिनुहोस् । यसका लागि पाठ्यपुस्तकको क्रियाकलाप नं. २ का चित्रहरू पनि प्रयोग गर्न सकिने छ ।

(ग) आफ्नो गाउँ/टोलको अवलोकन भ्रमण र अग्लो, होचो समथर बँसी, टार र खोँचको चित्र, स्लाइड, मोडेल आदिको प्रदर्शनपश्चात् बालबालिकाहरूलाई अग्लो र होचो ठाउँको चित्र कोर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूले तयार पारेका अग्लो र होचो झल्कने चित्रहरू मात्र भए पनि प्रोत्साहित गर्नुहोस् । कक्षाका सबैलाई चित्र तयार पार्न उत्प्रेरित गर्नुहोस् ।

(घ) अग्लो, होचो, समथर, बँसी, टार, खोँच आदिको स्पष्ट धारणा बसिसकेपछि बालबालिकाहरूलाई आफू बसेको टोल वा गाउँको चित्र कोर्न लगाउनुहोस् । चित्र कोर्न लगाउँदा प्रतिस्पर्धा गराउनुहोस् । सबैभन्दा राम्रो चित्र कोर्नेलाई स्यावासी/बधाई दिनुहोस् ।

(ङ) पाठमा दिइएका क्रियाकलापहरू पनि गराउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विभिन्न प्रश्नहरू बनाई सोध्नुहोस् र सोका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

- तिमी बसेको गाउँ/टोल अग्लो, होचो वा समथर कस्तो ठाउँमा छ ?
- तिम्रो घर अगाडिको जमिन कस्तो छ ?

(ख) अग्लो, समथर र होचो भागका चित्रपत्तीहरू प्रदर्शन गरी पहिचान गर्न लगाउनुहोस् ।


(ग) आफू बसेको गाउँ वा टोलको चित्र बनाउने अभ्यास गराउनुहोस् र त्यसमा आवश्यक सुधार समेत गरिदिनुहोस् ।

(घ) पाठमा दिइएका क्रियाकलापहरू गराई मूल्याङ्कन गर्नुहोस् ।

## ६. थप सुझाव

(क) कक्षाबाट सम्पूर्ण बालबालिकालाई अवलोकन भ्रमणमा लैजान सम्भव नभएमा तिम्रो गाउँ/टोल कस्तो ठाउँमा छ ? हेरर आउ भनी व्यक्तिगत अवलोकन गर्न लगाई प्रश्नोत्तर वा कक्षा छलफलद्वारा पनि पाठ अगाडि बढाउन सकिन्छ ।

- श्रव्यदृश्य सामग्री प्रदर्शन गरी विद्यार्थीहरूलाई जमिनको स्वरूपका सम्बन्धमा छलफल गराउन सकिन्छ ।



# एकाइ ५ हाम्रो पृथ्वी

## पाठ १ हामी बसेको ठाउँ

**घन्टी – तीन**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| आफ्नो गाउँ, टोल वरिपरिको भौगोलिक स्वरूप (अग्लो, होचो, समथर जमिन) को परिचय दिन । | - आफ्नो गाउँ, टोल वरिपरिको जमिन अवलोकन गरी अग्लो, होचो, समथर छुट्याउन,<br>- वरिपरिको पहाड, मैदान, समथर भाग, खोँच र टार छुट्याउन,<br>- पहाड र समथर भागको चित्र कोर्न,<br>- आफू बसेको ठाउँको चित्र कोर्न । |

२. **पाठ परिचय**

बालबालिकाहरूलाई आफू बसेको टोल, गाउँको भौगोलिक/धरातलीय स्वरूपको जानकारी होस् भन्ने उद्देश्यले यो पाठ राखिएको छ । विभिन्न स्थानमा बसोबास गर्ने बालबालिकाहरूले आफ्नो वरिपरिको भौगोलिक स्वरूपको अवलोकन गरी पहिचान गर्न सक्नुपर्छ, जस्तै : आफू बसेको टोल/गाउँ अग्लो, होचो, समथर कस्तो ठाउँमा रहेको छ, सो कुरा अवलोकनका आधारमा भन्न सक्नुपर्दछ ।

**आफ्नो वरिपरि रहेका जमिनको स्वरूपको पहिचान गर्न सक्नुपर्दछ ।**

३. **शैक्षिक सामग्री**

- पहाड, मैदान, समथर भाग वा अग्लो, होचो भाग झल्कने चित्रहरू
- काठ, प्लास्टिक वा सिमेन्टका ब्लकहरू
- पहाड, मैदान, समथर भाग देखिने मोडेल वा स्लाइडहरू
- पेन्सिल, कागज आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षाका बालबालिकाहरूलाई आफ्नो टोल, गाउँको छोटो अवलोकन भ्रमण गराउनुहोस् । भ्रमणका आधारमा आफ्नो टोल वा गाउँ कस्तो ठाउँमा रहेको छ भन्ने कुरा प्रश्नोत्तर वा छलफल गराई जानकारी गराउनुहोस्, जस्तै : हाम्रो गाउँ/टोल अग्लो ठाउँमा छ, हाम्रो गाउँ टोल होचो ठाउँमा छ, हाम्रो गाउँ/टोल समथर ठाउँमा छ आदि । छलफल वा प्रश्नोत्तर गराइसकेपछि विद्यार्थी बसेका गाउँहरू वा टोल कस्तो ठाउँमा छ, त्यसको स्पष्ट जानकारी गराइदिनुहोस् ।

**एकाइ ६** **हाम्रो विगत**

# पाठ १ साथीको जन्म दिन

**घन्टी - चार**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| आफ्नो कक्षामा पढ्ने साथीहरूको पारिवारिक पृष्ठभूमिको परिचय दिन । | - सहपाठीहरूको जन्ममिति र जन्मस्थान बताउन,<br>- आफ्नो जन्ममिति, जन्मस्थान बताउन,<br>- उनीहरूको उमेर बताउन,<br>- आफ्नो उमेर र जन्मस्थानसँग साथीको जन्मस्थान र उमेर तुलना गर्न । |

२. **पाठ परिचय**

हरेक विद्यार्थीले आफ्ना साथीको व्यक्तिगत विवरणका बारेमा जान्नु राम्रो हुन्छ । आफ्ना साथीहरू कहिले जन्मे, कहाँ जन्मे भन्ने कुराको जानकारी राख्नुपर्दछ । यस प्रकारको जानकारीले साथीको उमेर पत्ता लाग्छ । साथै जन्मेको ठाउँको अवस्था, प्रकृति आदिका बारेमा समेत जानकारी हुनजान्छ । यसबाट विद्यार्थीले आफ्नो र साथीको उमेरको तुलना गर्न सक्छन् । जन्मेको ठाउँका बारेमा थप जानकारी लिई आफू जन्मेको र साथी जन्मेको ठाउँ फरकसमेत छुट्याउन सक्छन् । त्यसैले यो पाठमा साथीको जन्म मितिका बारेमा अभ्यास गराउने कार्य हुने छ ।

**विद्यार्थीले साथीको जन्ममिति र जन्मस्थानको नाम लेख्न र भन्न सक्नुपर्दछ ।**

३. **शैक्षिक सामग्री**


- पकेट चार्ट, शब्दपत्ती, अङ्कपत्ती, वाक्यपत्ती, झलकपत्तीहरू, चित्र आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

विद्यार्थीहरूको व्यक्तिगत अभिलेख हेरी उनीहरूको जन्ममिति र जन्मस्थानसँग सम्बन्धित निम्नानुसारका शब्दपत्तीहरू बनाउनुहोस् । ती शब्दपत्तीहरू विद्यार्थीहरूको सङ्ख्याको आधारमा सबैलाई पुग्ने हुनुपर्छ :

- बारका शब्दपत्ती बनाउनुहोस् ।
- महिनाका शब्दपत्ती बताउनुहोस् ।
- जन्म साल लेखिएका पत्तीहरू बनाउनुहोस् ।

- जिल्लाको नामका शब्दपत्ती बताउनुहोस् ।
- १-३० गते लेखिएका अङ्कपत्ती बनाउनुहोस् ।
- विद्यार्थीहरूका अभिलेखको आधारमा उनीहरूको जन्म भएको जिल्लाहरूको पत्ती बनाउनुहोस् ।
- हरेक शब्द र अङ्कपत्तीलाई छुट्टाछुट्टै बाकसमा राख्नुहोस् ।




- कक्षाका विद्यार्थीहरूलाई ५ समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई एउटा एउटा बाकस जिम्मा लगाउनुहोस् ।
- हरेकलाई आआफ्नो कापीमा तल लेखिएअनुसाको तालिका बनाई उदाहरणमा दिइएजस्तैः भर्न लगाउनुहोस् ।

| क्र.सं. | साथीको नाम | जन्मेको साल | जन्मेको महिना | जन्मेको गते | जन्मेको वार | जन्मेको जिल्ला |
|---|---|---|---|---|---|---|
| १. | पेम्वा लामा | २०५५ | वैशाख | १० | बुधवार | सोलुखुम्बु |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

**द्रष्टव्यः** साल लेख्दा कठिन भएमा पछिल्ला २ अङ्क मात्र पनि प्रयोग गर्न लगाउन सक्नुहुन्छ, जस्तै : २०५५ लाई ५५ साल

- तालिकामा आफ्ना साथीको नाम लेख्न लगाउनुहोस् ।
- जन्मेको साल भएको बाकसबाट सालको पत्ती झिक्न लगाउनुहोस् । उक्त सालमा जन्मेको साथीको नामको सालको महलमा उक्त साल लेख्न लगाउनुहोस् । महिनाको महलमा महिना लेख्न लगाउनुहोस् ।
- गते भएको बाकसबाट एउटा पत्ती झिक्न लगाउनुहोस् । उक्त गते जन्मेको साथीको महलमा लेख्न लगाउनुहोस् ।
- वार भएको बाकसबाट एउटा पत्ती झिक्न लगाउनुहोस् र उक्त वार महलमा लेख्न लगाउनुहोस् ।
- जिल्ला भएको बाकसबाट एउटा पत्ती झिक्न लगाउनुहोस् । उक्त जिल्ला महलमा लेख्न लगाउनुहोस् ।
- कुनै साथी कुन साल, महिना, गते, वार र जिल्लामा जन्मेको रहेछ पत्ता लगाउन लगाई एकआपसमा छलफल गर्न लगाउनुहोस् ।

तपाईंको जन्ममिति मैले पत्ता लगाएँ, के मेरो पनि तपाईंले पत्ता लगाउन सक्नुहुन्छ ? भन्ने प्रश्नहरूको अभ्यास गराउँदै आफ्ना साथीहरूको नाम, जन्मिएको साल, महिना, गते, वार, जिल्लासमेत पहिचान गर्ने अभ्यास गराउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- तिमी कति सालमा जन्मेका हौ ?
- तिमी जन्मेको महिना कुन हो ?
- तिमी जन्मेको वार र गते कति हो ।
- तिमी कुन ठाउँमा जन्मेका हौ ?
- तिम्रो नजिकको साथीका बारेमा निम्न कुरा पत्ता लगाऊ :

  साथीको नाम :

  जन्म साल :

  जन्म गते :

  जन्म वार :

  जन्मिएको जिल्ला :

## ६. थप सुझाव

- तपाईंले यो पाठ पढाउने महिनाको क्यालेन्डर प्रयोग गर्नुहोस् । यो महिनामा जन्म दिन भएका विद्यार्थीहरूको सूची बनाउन लगाउनुहोस् ।
- बालबालिकाहरूलाई मन पर्ने ३/४ जना साथीको जन्ममिति (साल, महिना, गते, वार र जिल्ला समेत) पत्ता लगाउन लगाउनुहोस् ।

# पाठ २ साथीको परिवार पहिले र अहिले

**घन्टी - तीन**

**१. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| आफ्नो कक्षामा पढ्ने साथीहरूको पारिवारिक पृष्ठभूमिको परिचय दिन । | - सहपाठी साथीहरूको परिवारको नाम र जन्मस्थान बताउन,<br>- सहपाठी साथीहरूको परिवारको पेसा, धर्म, संस्कृतिबारे जानकारी दिन । |

**२. पाठ परिचय**

विद्यार्थीहरूलाई बढी सहज रूपबाट समाजमा तथा विद्यालयमा घुलमिल हुन सहयोग पुऱ्याउने यो पाठको उद्देश्य हो । खासगरी साथीका परिवारको बसाइ वरपर उपलब्ध सेवा सुविधाको अवस्थामा आएको परिवर्तनलाई बुझ्न, बुझाउन विगत र अहिलेको अवस्थाको तुलना गरी वास्तविकता जानकारी गराउन यो पाठ केन्द्रित रहेको छ । आफ्ना साथीको परिवारका बारेमा विद्यार्थीहरू अन्य व्यक्तिलाई बताउन सरिक गराउने कार्य यो पाठले गर्दछ । यस पाठलाई आधारित गरेर साथीको परिवारसँग सम्बन्धित धर्म, संस्कृति, पेसा आदिबारे जानकारी लिने कार्यलाई समेत अगाडि बढाउन राम्रो हुन्छ ।


**विद्यार्थीले आफ्ना साथीको परिवार पहिले र अहिले बस्ने ठाउँ, गर्ने काम, मनाउने चाडपर्व आदि सोधेर बताउन सक्नुपर्छ ।**

**३. शैक्षिक सामग्री**

शब्दपत्ती, चित्र, तस्बिर आदि

**४. शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षामा भएका विद्यार्थीहरूलाई ३ समूहमा बाँड्नुहोस् । साथीको नाम, पहिले र अहिले बस्ने ठाउँका अलगअलग शब्दपत्ती बनाई तीनओटा बाकसमा अलगअलग राख्नुहोस् ।



- आफ्नो समूहका साथीको परिवार पहिले कहाँ बस्थे र अहिले कहाँ बस्छन् पहिचान गर्न साथीको नाम भएको बाकसबाट एक जनालाई एउटा शब्दपत्ती झिक्न लगाउनुहोस् । त्यसै गरी पहिला बस्ने ठाउँ भएको बाकसबाट पनि एउटा शब्दपत्ती झिक्न लगाउनुहोस् । यो साथीको नाम र पहिले बस्ने ठाउँ मिल्यो मिलेन ? मिल्यो भने उसलाई अहिले बस्ने ठाउँ भएको बाकसबाट पत्ती झिक्न लगाउनुहोस् । नमिले अर्को साथीलाई पालो दिनुहोस् ।
- जसले साथीको नाम, पहिले बस्ने ठाउँ र अहिले बस्ने ठाउँ मिलाउँछ ऊ विजयी हुन्छ ।
- यो खेल खेलाउँदै कुन साथीको परिवार पहिले कहाँ बस्थे, अहिले कहाँ बस्छन् भन्ने बारेमा राम्ररी परिचित हुने अवसर प्रदान गर्न सकिने भएकाले यसलाई बढी मनोरञ्जनात्मक रूपमा खेलाउनुहोस् ।

(ख)

- २/२ जनाको जोडी बनाउनुहोस् ।
- हरेकले आफ्नो जोडीको परिवार पहिला केके चाडपर्व मनाउथे, केकस्तो पेसा अपनाउथे र अहिले केकस्ता चाडपर्व र पेसा मनाउँछन् पत्ता लगाउन लगाउनुहोस् ।
- आफ्नो जोडीको परिवारका बारेमा पत्ता लगाइएको विवरण कक्षाकोठामा समूहमा छलफल गर्न लगाउनुहोस् ।
- सबै जना साथीको परिवारको निम्न विवरण तयार पारी कक्षाकोठामा राख्नुहोस् :

| नाम | पहिला बस्ने ठाउँ | अहिले बस्ने ठाउँ | पहिले गर्ने काम | अहिले गर्ने काम | पहिले मनाउने चाड | अहिले मनाउने चाड | अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**नोटः** विद्यार्थीको परिवार पहिले बस्ने ठाउँ र उनीहरूले गर्ने काम, मनाउने चाडपर्व अहिले पनि एउटै भएमा त्यसैलाई राख्न सकिन्छ ।

## ५. मूल्याङ्कन विधि

- तिम्रो साथी कुनै एक जनाको परिवार पहिले कहाँ बस्थे र अहिले कहाँ बस्छन् ।
- तिम्रो साथीका परिवारले मनाउने चाडपर्वहरू केके हुन् ?
- तिम्रो साथीको परिवारले केकस्ता काम गर्ने गर्दछन् ।
- तिम्रो र तिम्रो साथीको परिवारका बारेमा केके कुराहरू फरक पायौ ?

## ६. थप सुझाव

आफ्नो परिवारका नातेदारहरू जस्तै : मामा, दिदी, फुपू आदिका परिवारका बारेमा आफ्नो अभिभावकसँग सोधी के उनीहरू बस्ने ठाउँ, गर्ने काममा केके फरक परेको छ ,पत्ता लगाउन लगाई त्यसको विवरण कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

# पाठ ३ हाम्रा राष्ट्रिय चिह्नहरू

**घन्टी - दुई**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| राष्ट्रिय चिह्नहरूको पहिचान गर्न । | - राष्ट्रिय चिह्नहरूको परिचय दिन,<br>- राष्ट्रिय चिह्नहरूको महत्त्व बताउन,<br>- राष्ट्रिय झन्डाको चित्र बनाउन,<br>- राष्ट्रिय चिह्नहरूको चित्र कोर्न । |

२. **पाठ परिचय**

हरेक देशका आ-आफ्नै विशिष्ट पहिचान हुन्छन् । यस्ता पहिचानलाई राष्ट्रिय महत्त्व प्रदान गरिएको हुन्छ । यसरी राष्ट्रिय महत्त्व पहिचान गरिएका वस्तुहरूलाई राष्ट्रिय चिह्नका रूपमा मान्यता प्रदान गरिएको हुन्छ । नेपालमा पनि यस्ता राष्ट्रिय चिह्नका रूपमा राष्ट्रिय झन्डा, गाई, राष्ट्रिय पन्छी डाँफे, राष्ट्रिय फूल लालीगुराँस र राष्ट्रिय रङ सिम्रिक रहेका छन् । यो पाठमा हामी सबै राष्ट्रिय चिह्नका बारेमा क्रियाकलापहरू सञ्चालन गर्ने छौँ ।

**विद्यार्थीले नेपालको झन्डा, गाई, डाँफे, लालीगुराँस, सिम्रिकलाई राष्ट्रिय चिह्नका रूपमा चिन्न सक्नुपर्छ ।**

३. **शैक्षिक सामग्री**

राष्ट्रिय चिह्नहरू, शब्दपत्ती, वाक्यपत्ती आदि ।



४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) **निम्नानुसारको क्रियाकलाप गराउनुहोस् :**

- विद्यार्थीहरूलाई ६ समूहमा बाँड्ने ।
- हरेक समूहको नाम राष्ट्रिय चिह्नअनुसार तोक्नुहोस् ।
- राष्ट्रिय चिह्न अङ्कित चित्र हरेक समूहको अगाडि राख्नुहोस् ।
- सबै राष्ट्रिय चिह्नका विशेषताहरू लेखिएका शब्दपत्तीहरू निर्माण गरी एउटा ठूलो बाकसमा राख्नुहोस् ।
- हरेक समूहलाई (एकएक जना) बोलाई एउटा पत्ती निकाल्न लगाउनुहोस्, आफ्नो चिह्नसँग सम्बन्धित भएकै समूहमा लैजाने र अर्को व्यक्तिलाई पुन: अर्को पत्ती झिक्न पठाउनुहोस् । तर आफ्नो चिह्नसँग असम्बन्धित शब्दपत्ती भए पुन: सोही बाकसमा राख्न लगाउनुहोस् र अर्को समूहलाई पालो दिन लगाउनुहोस् ।

- उक्त तरिकाबाट आफ्नो समूहसँग सम्बन्धित सबै शब्दपत्ती निकाल्ने समूहलाई प्रथम, द्वितीय तृतीय, गर्दै घोषित गर्दै जानुहोस् ।
- सबै समूहले आआफ्ना चिह्नसँग सम्बन्धित शब्दपत्ती पढेर नेपालका राष्ट्रिय चिह्नका बारेमा सबै समूहका बीच बताउन लगाउनुहोस् ।
- यो क्रियाकलाप चिह्न फरक पार्दै सबै समूहलाई सञ्चालन गर्ने गरी व्यवस्थापन गर्नु राम्रो हुन्छ ।
- शिक्षकले आफ्नो तर्फबाट निष्कर्ष दिनुपर्दछ ।

(ख) राष्ट्रिय चिह्नहरूको चित्र टाँसिएका वा त्यस्ता चिह्नका टेम्प्लेट बनाई त्यसलाई धागोमा उनेर कक्षामा प्रदर्शन गरी छलफल गर्नुहोस्, जस्तै :




(ग) विद्यार्थीहरूलाई निलो र रातो रङ दिनुहोस् । सिसाकलामले राष्ट्रिय झन्डाको चित्र बनाउन लगाउनुहोस् र मिल्ने रङ भर्न लगाउनुहोस् । उनीहरूले बनाएका झन्डा कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । राम्रो गर्नेलाई पुरस्कृतसमेत गर्न सक्नुहुन्छ ।

(घ) राष्ट्रिय चिह्नहरूको टेम्प्लेट बनाउनुहोस् । ती टेम्प्लेटहरू कागजमा राखेर त्यसको वरिपरि सिसाकलमले कोरी चित्र बनाउन लगाउनुहोस् र मिल्ने रङसमेत भर्न लगाउनुहोस् ।

५. **मूल्याङ्कन**

- हाम्रा राष्ट्रिय चिह्नहरू केके हुन्, नाम लेख ।
- हाम्रो राष्ट्रिय झन्डाको दुईओटा विशेषता लेख ।
- हाम्रो राष्ट्रिय जनावर गाईका बारेमा लेख ।
- निसान छाप कहाँ प्रयोग गरिन्छ ?
- राष्ट्रिय फूल लालीगुराँस कहाँ पाइन्छ ?
- राष्ट्रिय रङ सिम्रिकको रङ कस्तो हुन्छ ?
- राष्ट्रिय झन्डाको चित्र बनाई मिल्ने रङ भर ।

**जोडा मिलाऊ :**

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| गाई | रातो टीका |
| सिम्रिक | हिमाली क्षेत्र |
| राष्ट्रिय झन्डा | चन्द्रमा र सूर्य |
| लालीगुराँस | दूध दिन्छ |
| डाँफे | रूखमा फुल्ने फूल |

## ६. थप सुझाव

कक्षा २ का विद्यार्थीहरूले झन्डा तथा राष्ट्रिय चिह्नहरूको चित्र एक पटकमा बनाउन कठिन हुन सक्छ । त्यसैले राष्ट्रिय चिह्नको चित्र कोर्न अभ्यास बारम्बार गराउनुपर्दछ ।

# एकाइ ७ हाम्रो आर्थिक क्रियाकलाप

## पाठ १ कामको सम्मान

**घन्टी - तीन**

२. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| घरछिमेकका व्यक्तिहरूले गर्ने सबै प्रकारका राम्रा कामको सम्मान र सक्दो सहयोग गर्न । | - आफ्नो छरछिमेक र विद्यालय वरपरका व्यक्तिहरूले परम्परादेखि गर्दै आएका पेसाहरूको नाम बताउन,<br>- त्यस्ता परम्परागत कामप्रति सकारात्मक धारणा प्रस्तुत गर्न,<br>- बाबुबाजेले गरेका पेसागत कामको अनुशरण गर्न,<br>- छरछिमेकका मानिसले गर्ने कामहरूको सम्मान गर्न । |

२. **पाठ परिचय**

पाठ्यपुस्तकमा रवि, कला र उनका छरछिमेकहरू घनश्याम, सोनाम र अन्यले गर्ने गरेका पेसागत कामहरूको उदाहरण प्रस्तुत गरिएको छ । हाम्रो समाजमा परम्परागत पेसाहरू लोप हुँदै जाने र नयाँ पुस्ता बेरोजगार हुँदै जाने क्रम बढ्दै गइरहेको छ । यसलाई कम गर्न सानैदेखि कुनै पनि कामलाई सानो ठूलो नमानी आफ्नो योग्यता, क्षमता र सीपअनुसार पेसा गर्न प्रोत्साहित गर्नुपर्दछ ।

"लुगा सिउने काम दर्जीको मात्र होइन सीप र इच्छा भएका जसले पनि गर्नुहुन्छ" भन्ने भावना सानैदेखि जगाउनुपर्छ । काम सानोठूलो हुँदैन । जुनसुकै काम गरेर आयआर्जन गर्न सकिन्छ । सबै प्रकारका कामलाई उत्तिकै सम्मान दिनुपर्छ ।

**सबै काम समान हुन्छ । आफूले सक्ने काममा अरूलाई सघाउनुपर्छ ।**

३. **शैक्षिक सामग्री**

- मेटाकार्डहरू
- चित्रपत्ती, शब्दपत्ती, बाक्यपत्तीहरू
- चित्रहरू, फोटो र तस्बिरहरू ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई आ-आफ्नो कापीमा तलको जस्तै गरी उनीहरूको छरछिमेकमा गरिने काम र काम गर्ने मानिसको नाम तालिकामा लेख्न लगाउनुहोस् ।

जस्तै :

| काम | काम गर्ने मानिस |
|---|---|
| १. जुत्ता सिउने | सुशीलाको बुबा |
| २. खेती गर्ने | हरि काका |
| ३. पढाउने | शान्ता दिदी |

विभिन्न काम गरेको तस्बिरहरूका चित्रपत्तीहरू बनाउनुहोस् । ती चित्रपत्तीहरू विद्यार्थीले भेट्ने र देख्ने गरी गोजी तालिका सजाउनुहोस् । अब पालैपालो विद्यार्थीहरू बोलाई उसको छरछिमेकमा गर्ने कामसँग सम्बन्धित चित्रहरू झिकेर प्रदर्शन गर्न लगाउनुहोस् ।


(ख) 'के हुन्छ' खेल खेलाउनुहोस् ।

विद्यार्थीहरूको तीन समूह बनाउनुहोस्, हरेक समूहलाई तल लेखिएजस्तै मेटाकार्डहरू दिनुहोस् । तीनओटा समूहले तलको जस्तै क्रियाकलापहरू गर्ने छन् :

- लालीगुराँस समूहले मेटाकार्डको कुरा पढ्छन् ।
- सुनाखरी समूहले जवाफ दिनुपर्छ ।
- सयपत्री समूहले "के हुन्छ ?" भनी प्रश्न गर्छन् ।

अब सयपत्री समूहले मेटाकार्ड पढ्छ, सुनाखरी समूहले के हुन्छ भनी सोध्छ र लालीगुराँस समूहले जवाफ दिन्छ ।

यो क्रम मेटाकार्ड नसकिएसम्म चक्रझैँ चलिरहन्छ ।




लालीगुँरास : डाक्टरले बिरामी जाँचेन भने

सयपत्री : के हुन्छ ?

सुनाखरी : बिरामी मर्छ ।

सयपत्री : किसानले खेती गरेन भने

सुनाखरी : के हुन्छ ?

लालीगुराँस : खान पाइँदैन

सुनाखरी : पसलेले सामान बेच्यो भने

लालीगुँरास : के हुन्छ ?

सयपत्री : किन्न पाइन्छ ।

लालिगुराँस : ...................... हरेक समूहले दिएको सही जवाफलाई अङ्क दिँदै जानुहोस् । धेरै अङ्क पाउने समूहलाई विजयी घोषित गर्नुहोस् ।

खेल सकिएपछि सबै काम वा पेसाहरू उस्तै हुन्, कुनै पनि काम सानो हुँदैन भनी प्रस्ट पार्नुहोस् ।

(ग) कक्षाका आधा विद्यार्थी सङ्ख्या बराबरको मेटाकार्डमा विभिन्न कामका निम्ति आवश्यक सामानहरूको नाम वा चित्र लेख्नुहोस् ।

बाँकी आधा सङ्ख्या बराबर काम गर्ने मानिसको चित्र राखिदिनुहोस् ।

दुवै प्रकारका चित्र र शब्द पत्तीहरूलाई एकै ठाउँमा छ्यासमिस पारेर राख्नुहोस् ।

विद्यार्थीहरूलाई त्यस कार्डको थुप्रोबाट एकएकओटा कार्ड भिक्न लगाउनुहोस् र आफ्नो जोडी खोज्न लगाउनुहोस् । जस्तै : सियो भेट्ने विद्यार्थीले सुचिकार भेट्ने विद्यार्थी खोज्नुपर्छ ।

हरेक विद्यार्थीले जोडी भेटेपछि हरेक जोडीले पालैपालो यसरी प्रस्तुतीकरण गर्ने छन् :

सियो भेट्ने विद्यार्थी सुचिकार भेट्ने विद्यार्थी




(घ) तलको गीत सबै विद्यार्थीलाई एकैसाथ लय हालेर गाउन लगाउनुहोस् :

सामान बेच्ने
पसले
घर बनाउँछ
कसले
डकर्मी हो
उसको नाम
सानो छैन
कुनै काम
कामले दिन्छ
हातमा दाम
यसले दिन्छ
मिठो माम

(ङ) कुनै पेसाकर्मीलाई कक्षामा आमन्त्रण गर्नुहोस् र उनले गर्ने काम सम्बन्धमा छलफल गर्नुहोस् ।

(च) विद्यालय नजिकैको खेत, कारखाना, बजार, कार्यशाला आदिको अवलोकन गराउनुहोस् र छलफल गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

- आफ्ना छिमेकीको कामको सूची बनाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूका परिवारका सदस्यहरूले गर्ने काम र उनीहरूका छिमेकीले गर्ने कामहरू तलको तालिकामा लेख्न लगाउनुहोस् ।

| **परिवारका सदस्यले गर्ने काम** | **छिमेकीले गर्ने काम** |
|---|---|
| आमा- दूध बेच्ने | पसलमा सामान बेच्ने |
| ........................... | ........................ |
| ............................ | ........................ |
| ............................ | ......................... |

कसका लागि कुन सामान चाहिन्छ । तलका शब्दहरू कापीमा सारी जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| शिक्षक | हलो |
| सुचिकार | हथौडा |
| किसान | चक |
| व्यापारी | सियो |
| डकर्मी | तराजु |

विद्यार्थीहरूले गरेको क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् र सुचारु गर्नुपर्ने भए पुन: थप क्रियाकलाप गराउनुहोस् ।

## ६. थप सुझाव

- बालबालिकाहरूलाई क्रियाकलापमा सक्रिय गराउँदा उपयुक्त निर्देशन दिएर र आवश्यक सहयोग गर्नुहोस् । सबै विद्यार्थीहरूको स्तर समान नहुन सक्छ । त्यस्तो अवस्थामा उनीहरूको स्तरअनुसार समूह बनाउने र सोहीअनुसारका क्रियाकलापहरू छनोट गरी गराउनुपर्छ । सबै विद्यार्थीले सबै प्रकारका क्रियाकलापहरू गर्नुपर्छ भन्ने बाध्यता छैन । सिकाइउपलब्धि हासिल गर्न थप अतिरिक्त क्रियाकलापहरू गराउन पनि सकिन्छ ।
- विभिन्न पेसाहरू झल्कने चित्र, पोस्टर र चलचित्रहरू प्रदर्शन गर्न सक्नुहुन्छ ।

## पाठ २ सामानको सही प्रयोग

**घन्टी - तीन**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| **पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि** | **विशिष्ट उद्देश्य** |
|---|---|
| घर परिवारमा प्रयोग गरिने सामग्रीको प्रयोगमा मितव्ययिता अपनाउन । | - आफ्नो घरमा भएका सामनहरूको उचित प्रयोग गर्न,<br>- आफूसँग भएका सामानहरूको उचित प्रयोग र जतन गर्न,<br>- आफ्नो अभिभावकबाट पैसा जुन कामका लागि लिएको हो त्यही कामको निम्ति मात्र खर्च गर्न,<br>- खुत्रुकेको प्रयोग गर्न । |

२. **पाठ परिचय**

आफ्ना सामानको किफायत सम्बन्धमा कक्षा एकमा अभ्यास गरियो । यस कक्षामा यस पाठमा विद्यार्थीहरूले आफ्नो सामानका साथसाथै घरपरिवारका सदस्यहरूका सामानको समेत हिफाजत गर्न सिकाउने कोसिस गरिएको छ । आफ्नो लुगा कपडा, परिवारका सदस्यहरूका सामानहरू आदि हिफाजतसाथ राख्न सक्ने बानी बसाउने अभ्यास यस पाठमा गराउन खोजिएको छ । केटाकेकटीमा जस्तो बानी बस्यो ठूलो भएपछि पनि सोही बानी बस्ने हुनाले केटाकेटीलाई सामानहरू मिलाएर राख्ने, आवश्यक काममा मात्र खर्च गर्ने बानी बसाल्ने, आफूसँग भएको पैसा अनावश्यक खर्च नगरी खुत्रुकेमा साँचेर राख्ने, सामानहरू सफा सुग्घर राख्ने जस्ता बानीको विकास गर्नुपर्छ । पाठ्यपुस्तकमा डोल्मा र सुमनको उदाहरण दिएर सामान मिलाएर राख्ने, सरसफाइ गर्ने जस्ता बानीद्वारा सरसामानको सही प्रयोग र हिफाजत गरेका उदाहरणहरू दिइएको छ । त्यसलाई आधार बनाएर थप अभ्यास गराउनुपर्छ ।

**आफ्नो सामानको जतन र मितव्ययिताका साथ प्रयोग गर्नुपर्छ ।**

३. **शैक्षिक सामग्री**

- चित्रपत्तीहरू, पोस्टर, मेटाकार्ड, वाक्यपत्तीहरू
- फोटाहरू
- ठोसवस्तुहरू जस्तै : कपडा, भाँडाकुँडा, किताब, कापी, कलम, खुत्रुके आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई आवाश्यकताअनुसार विभिन्न समूहमा बाँड्नुहोस् । अफिस कोठा वा कुनै खाली

कोठामा घरयासी प्रयोगका र अफिस प्रयोगका सामानहरू यत्रतत्र छरेर राख्नुहोस् । हरेक समूहलाई पालैपालो ती सामानहरू बटुलेर ठीक ठाउँमा ठीक तरिकाले राख्न लगाउनुहोस् । एउटा समूहले सजाइरहँदा अन्य समूहलाई हेर्न लगाउनुहोस् । काम सकेको समूह बाहिर राखेर पुन: ती सामानहरू छरिदिनुहोस् र अर्को समूहलाई मिलाउन लगाउनुहोस् । जुन समूहले छिटो र राम्रोसँग सामानहरू मिलाउन सक्छ त्यस समूहलाई पुरष्कृत गर्नुहोस् । खाली कोठाहरू धेरै छन् भने एकैपटक धेरै समूहलाई मिलाउन लगाउन सकिन्छ ।

(ख) सामानहरू यत्रतत्र अव्यवस्थित ढङ्गबाट राखिएका चित्र वा तस्बिरहरू र व्यवस्थित ढङ्गबाट सामानहरू राखिएको चित्र वा फोटाहरू प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

(ग) मेटाकार्डमा तलजस्तै राम्रा र नराम्रा कामहरू झल्कने वाक्यपत्ती र चित्रपत्तीहरू धेरै सङ्ख्यामा तयार गर्नुहोस् । त्यसलाई छ्यासमिस गरी मिसिएको पत्तीहरूबाट खुला ठाउँमा राख्नुहोस् । हरेक समूहले ठीक काम र बेठिक कामहरू छुट्याउने छन् । छुट्याउने कामहरू सकिएपछि हरेक समूहलाई पकेट चार्टमा ती पत्तीहरू प्रदर्शन गरेर प्रस्तुतीकरण गर्न लगाउनुहोस्, जस्तै :

**लुगा जथाभावी फाल्नु**

**आफ्नो जुत्ता आफैँ पालिस गर्नु**

(घ) सबै विद्यार्थीहरूको झोला र लुगा निरीक्षण गर्नुहोस् । कापी, कलम, किताब आदि वस्तुहरू हिफाजतसाथ राखेको भेटेमा स्यावासी दिनुहोस् र त्यस्तो नभएमा आवश्यक सल्लाह दिएर जतन गर्न प्रोत्साहित गर्नुहोस् ।

(ङ) तलको जस्तै तालिका बनाई आफ्ना साथीहरूको खराब बानी र सुधार्नुपर्ने कुरा लेख्न लगाउनुहोस् ।

| **कस्तो बानी छ ?** | **के गर्नुपर्छ ?** |
|---|---|
| कलम टोक्ने | कलम खल्तीमा राख्ने |
| ................ | ..................... |
| ................ | .................... |

- विद्यार्थीहरूलाई बाबुआमाले दिएको पैसा जथाभावी सामान किनेर खेर फाल्नुहुँदैन भनेर छलफल गर्नुहोस् । खुत्रुके प्रदर्शन गर्दै खर्च गर्नुनपर्ने पैसा त्यसमा जम्मा गर्ने बानी बसाल्न प्रेरणा प्रदान गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूले गरेका क्रियाकलापहरू अवलोकन गरी उनीहरूको सक्रियता काम र सीपको आधारमा मूल्याङ्कन फाराम भरेर मूल्याङ्कन गर्नुहोस् ।

(ख) विद्यार्थीको निरीक्षण र पृष्ठपोषणपछि अन्य दिनहरूमा पनि उनीहरूको बानी व्यहोरामा आएको परिवर्तन सम्बन्धमा हरेक दिन कक्षा सुरु हुने बित्तिकै अवलोकन गरी अवलोकन फाराम भर्नुहोस् । आवश्यक मात्रामा पृष्ठपोषण दिँदै एक हप्ताभित्रमा ९०% भन्दा बढी विद्यार्थीहरूमा सुधारात्मक परिवर्तन ल्याउने कोसिस गर्नुहोस् तर गाली गर्ने, पिट्ने जस्ता नकारात्मक उपायहरू नअपनाउनुहोस् । जसलाई जति धेरै पटक पृष्ठपोषण दिनुपर्छ, त्यसलाई पूर्णाङ्क १० बाट घटाउँदै लैजानुहोस् । पहिले नै राम्रो बानी भएको र हप्ता दिनसम्म सोही व्यवहार कायम राख्न सफल विद्यार्थीलाई १० अङ्क नै दिनुहोस्, जस्तै :

**विद्यार्थीको व्यवहार अवलोकन गर्ने फाराम**

| मिति | विद्यार्थीको रोल नं. | खराव व्यवहार | पृष्ठपोषण |
|---|---|---|---|
| ०६३।७।३ | ४ | कापी च्यात्ने | अबदेखि कापी, किताब नच्यात है । |
| ०६३।७।४ | २० | कलम टोक्ने | कलम टोक्यो भने बिग्रिन्छ । मुख पनि फोहोर हुन्छ । |
| ०६३।७।५ | २७ | लुगा फोहोर र खुम्चेको | लुगा सफा राख्नुपर्छ । लुगा झुन्ड्याएर राख्नुपर्छ । |
| ०६३।७।६ | २० | लुगा टोकेको | लुगा टोक्दा फोहोर हुन्छ । च्यातिन्छ । लुगा सफा राख्नुपर्छ । |
| ०६३।७।७ | ११ | झोला भुइँमा फालेको | झोला भुइँमा फाल्दा फोहोर लाग्छ । |
| ०६३।७।८ | २७ | किताब छरेको | किताब सँगालेर राख । |

विभिन्न विद्यार्थीले प्राप्त गरेको अङ्क -

| रोल नं. | प्राप्ताङ्क |
|---|---|
| ४ | ९ |
| २० | ८ |
| २७ | ८ |

| रोल नं. | प्राप्ताङ्क |
|---|---|
| ११ | ९ |
| - | - |
| - | - |

**नोट** : अन्य सबै विद्यार्थीले १० अङ्क प्राप्त गरे ।

## ६. थप सुझाव

शिक्षक र अभिभावक दुवै आफैँ उदाहरण बनेर सरसामानको मितव्ययीताका साथ प्रयोग गर्ने बानी प्रदर्शन गर्ने र बालबालिकालाई पनि त्यसै गर्न प्रोत्साहित गर्नुपर्छ ।

# पाठ ३ गाउँमा उत्पादन हुने वस्तुहरू

**घन्टी – तीन**

१. **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि** | **विशिष्ट उद्देश्य** |
| --- | --- |
| आफ्नो गाउँमा उत्पादित तथा निर्मित वस्तुहरूको उपयोग गर्न । | - आफ्नो स्थानीय समुदायमा उत्पादित वस्तुहरू पहिचान गर्न र सूची तयार गर्न,<br>- स्थानीयस्तरमा उत्पादित वस्तुहरूको प्रयोग गर्ने बानीको विकास गर्न,<br>- त्यस्ता वस्तुको उपयोगबाट हुने फाइदाहरू बताउन,<br>- घरेलु सामानप्रति आकर्षण बढाउन र बजारिया हानिकारक वस्तुहरूको प्रयोग नगर्न । |

२. **पाठ परिचय**

- आजकल गाउँघरमा बजारबाट किनेर ल्याइएका वस्तुहरू, जस्तै : बिस्कुट, चाउचाउ, चकलेट, चुइँगम, चिजवलजस्ता खानेकुराद्वप्रति आकर्षण बढ्दै गएको पाइन्छ । त्यस्तै कपडाहरू र अन्य सामानहरू पनि आयातित र महँगा वस्तु प्रयोग हुन थालेका छन् । यसले गर्दा घरैमा बन्ने खट्टे, ढिँडो, रोटी, मकै, भटमास, सातु, चाम्रे (ढकनी), चिउरा, मुरई, बारा, माल्पावा, यमरी आदि परम्परागत खानेकुराप्रति रुचि घट्दै छ तर यस्ता खानेकुराहरू बजारिया खानेकुराहरूभन्दा धेरै गुणा स्वस्थकर हुन्छन् ।
- गाउँघरमा बनेका स्थानीय सामानहरूको सट्टा बजारबाट किनेर ल्याइएका महँगा सामानको प्रयोग बढ्दैछ । देशको मुद्रा विदेशिन थालेको छ । केटाकेटीको स्वास्थ्य दिनप्रतिदिन बिग्रँदै छ । यस कुरालाई विचार गरी केटाकेटीहरूलाई आफ्नै घरमा बन्ने परम्परागत र मिश्रण नभएका वस्तुहरू प्रयोग गर्न प्रेरित गर्नका निम्ति यो पाठ राखिएको हो । यसलाई व्यवहारमा उतार्न अभिभावक, शिक्षकलगायत सबैले बालबालिकाका अगाडि उदाहरण बनेर प्रस्तुत हुनुपर्छ । घरेलु खानेकुराका नयाँ र स्वादिला परिकार बनाएर खाजा दिने गर्नुपर्छ। यसले गर्दा अभिभावकमा थप भार पनि नपर्ने र हाम्रो परम्परागत वस्तुहरू र खानेकुराहरू लोप भएर जान पाउँदैन ।

**हामीले आफ्नै घरमा र समुदायमा बनेका वस्तुहरू प्रयोग गर्नुपर्छ ।**

३. **शैक्षिक सामग्री**

- विभिन्न खानेकुराहरू (ठोस वस्तुहरू)
- चित्र, पोस्टर, चित्रपत्ती र शब्दपत्तीहरू

- दौरा, सुरुवाल र गुन्युचोलीको चित्र वा वास्तविक वस्तु
- श्रव्यदृश्य सामग्री आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ्यपुस्तकमा दिइएको कवितालाई आफैँले लय हालेर पढी सुनाउनुहोस् । विद्यार्थीहरूलाई पनि सँगैसँगै गाउन लगाउनुहोस् । यो कार्य २/३ पटक दोहोऱ्याउनुहोस् ।

(ख) गाउँघरमा उत्पादन हुने विभिन्न प्रकारका फलफूल, अन्न, तरकारी आदिको चित्रपत्ती वा ठोस वस्तुहरू जम्मा पार्नुहोस् । विद्यार्थीहरूलाई ती वस्तुहरूमध्येबाट आफ्नो समुदायमा बन्ने वा उत्पादान हुने वस्तुहरू छानेर प्रदर्शन गर्न लगाउनुहोस् ।

(ग) हरेक विद्यार्थीहरूलाई आफ्नो घरमा प्रयोग हुने १०/१० ओटा सामानको नाम लेख्न लगाउनुहोस् । ती सामानहरू कहाँ उत्पादन भएका होलान्, आफ्ना अभिभावकहरूसँग सोधेर लेख्न लगाउनुहोस् ।

जस्तै :

| सामानको नाम | बनेको ठाउँ |
|---|---|
| सुकुल | गाउँमा |
| कपडा | गाउँ बाहिर |

(घ) खानेकुरा प्रदर्शनी : हरेक विद्यार्थीलाई आफ्नो घरमा बनेका वा पाकेका खानेकुराहरू ल्याउन लगाउनुहोस् । वस्तुहरूलाई कक्षाको अगाडि फिँजाएर राख्नुहोस् । हरेक वस्तुको नाम कागजमा लेखी प्रदर्शित वस्तुसँग राख्नुहोस् । विद्यार्थीहरूलाई लाइनमा राखेर त्यसको अवलोकन गर्न लगाउनुहोस् । केके खानेकुरा देखे नाम भन्न लगाउनुहोस् । ती खानेकुराहरूमध्ये घरमा बनेका खानेकुराहरू स्वस्थकर हुन्छन् । त्यसले हानिनोक्सान गर्दैन । बजारका खानेकुरा अस्वस्थकर हुन्छन् भनी छलफल गर्नुहोस् । प्रदर्शन सकिएपछि बाँडेर खान हुने भए त्यस्ता खानेकुरा बाँडेर खान सक्नुहुन्छ ।

## ४. मूल्याङ्कन विधि

(क) क्रियाकलापहरूमा विद्यार्थीहरूको संलग्नता र सक्रियताको मूल्याङ्कन गर्नुहोस् । यसका निम्ति तलको जस्तै तालिका बनाई भर्नुहोस् ।

| विद्यार्थीको रोल नं. | संलग्नता (५) | सक्रियता (५) | कुल अङ्क (१०) |
|---|---|---|---|
| १ | ५ | ३ | ८ |
| २ | ० | २ | २ |
| ३ | ४ | १ | ५ |
| ४ | ३ | ४ | ७ |

(ख) तलका वाक्यहरूका खाली ठाउँ भर्न लगाउनुहोस् :

- हामीले घरैमा बनेका ............... खान्छौँ ।
- बजारका महँगा वस्तुहरूले स्वास्थ्यमा ................ गर्छ ।
- म आफ्नै गाउँघरमा बनेका ................. प्रयोग गर्छु ।
- मलाई दौरा मनपर्छ, किनभने ................ ।
- म चौबन्दी ................ र सारी लगाउन चाहन्छु ।
- हाम्रो गाउँमा बनेको सुकुल .........................

**कुन वस्तु केबाट बन्छ, जोडा मिलाऊ :**

| | |
|---|---|
| रोटी | चामल |
| घिउ | पिठो |
| खट्टे | पराल |
| गुन्द्री | दूध |
| | बाँस |

६. **थप सुझाव**

- विद्यार्थीहरूलाई आफ्नै घर वा छिमेकमा बनेका सामानहरू प्रयोग गर्न प्रेरित गर्नुहोस् । अन्य वस्तु प्रयोग गरेमा गाली नगर्नुहोस् तर उसलाई आफ्नै घर वा गाउँ घरमा बनेका सामान प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् ।
- विद्यार्थीका अभिभावकहरूको भेला गराई वा भेला भएका वेलामा केटाकेटीहरूलाई बजारिया वस्तुभन्दा आफ्नै घरमा पाकेको वस्तु खाजाका रूपमा पठाउन वा दिन अनुरोध गर्नुहोस् ।
- पाठको कवितामा प्रयोग भएका र त्यस्तै खाले खानेकुरा एवम् आफ्नै गाउँ घरमा बनेका हुन्छन्, त्यस्तै वस्तुहरूको शब्दपत्तीहरू बनाउनुहोस् । ती शब्दपत्तीहरू सकेसम्म वस्तुकै आकारको बनाई रङ लगाउनुहोस्, त्यसलाई धागोले गाँसेर मालाजस्तै बनाउनुहोस् । त्यसलाई कक्षामा प्रदर्शन गर्दै विद्यार्थीहरूलाई छलफल गराउनुहोस् ।

स्याउ, डोको, रोटी, गुन्द्री, ढिँडो,

साग, बिस्कुटको चित्र

# पाठ ४ सहरमा बनेका सामानहरू

**घन्टी - तीन**

## १. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि | विशिष्ट उद्देश्य |
|---|---|
| आफ्नो नगरमा उत्पादित तथा निर्मित वस्तुहरूको उपयोग गर्न । | - आफ्नो सहरमा बन्ने वस्तुहरू पहिचान गर्न,<br>- ती वस्तुहरूमध्ये हानि नगर्ने वस्तुहरूको प्रयोग गर्ने बानी बसाल्न,<br>- विदेशी सामानभन्दा आफ्नै देशमा बनेका सामान प्रयोग गर्नुपर्छ भन्ने धारणा प्रस्तुत गर्न,<br>- त्यस्ता वस्तुहरूको प्रयोग गर्ने बानी बसाल्न । |

## २. पाठ परिचय

सहरका विद्यार्थीहरूलाई पाठ ३ का क्रियाकलापहरू असान्दर्भिक हुन सक्छन् । सहरका विद्यार्थीहरूले अधिकांश वस्तुहरू बजारबाट खरिद गरेर उपयोग गर्नुपर्ने हुन्छ । बजारबाट खरिद गरिने वस्तुहरू कहाँ बन्छन्, केबाट बन्छन्, कुनकुन कुरा स्वास्थ्यका लागि हानिकारक छन्, कुनकुरा उपयोगयोग्य छन् भन्ने कुराहरू विद्यार्थीले थाहा पाउनुपर्छ । त्यस्तै सहरमा कलकारखाना हुन्छन् । त्यस्ता कलकारखानाहरूले सामान बनाउँछन् । त्यस्ता सामानहरू बजारमा बेच्न राखिएको हुन्छ । बजारबाट हामी त्यस्ता वस्तुहरू खरिद गर्छौं, भन्ने कुरा विद्यार्थीलाई अवधारणा दिनुपर्छ । कक्षा २ का बालबालिकाहरूलाई आफ्ना परिवारका सदस्यहरू र छरछिमेकले प्रयोग गर्ने सामानहरू केबाट बन्छन्, कहाँ र कसरी बन्दछन् भन्ने सम्बन्धमा जिज्ञासाहरू हुन्छन् । त्यस्ता जिज्ञासा मेटाउने प्रयास गर्नुपर्छ । विद्यार्थीहरूलाई फुटपाथमा राखिएका अस्वस्थकर खानेकुराहरूबाट टाढा राख्नु जरुरी हुन्छ । उनीहरूलाई कुन खाना कस्तो हुन्छ भन्ने सम्बन्धमा जानकारी प्रदान गर्नुपर्छ ।


**उद्योगबाट धेरै प्रकारका सामानहरू बन्छन् ।**

## ३. शैक्षिक सामग्री

- घरमा उपयोग गरिने वस्तुहरू जस्तै : साबुन, कागज, लुगा, सिमेन्ट, पलङ, औषधी, बिस्कुट आदि ।
- चित्रपत्तीहरू, शब्दपत्तीहरू

## ४. शिक्षणसिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई समूह विभाजन गनुहोस् । हरेक समूहमा घरायसी उपयोगका वस्तुहरू जस्तै : साबुन, ब्रस, झोला, कपडा, औषधी, विस्कुट, चाउचाउ, कागत आदि वस्तुहरू दिनुहोस् । ती वस्तुहरू केके हुन्, पहिचान गर्न लगाउनुहोस् । त्यसपछि कुन वस्तु केबाट बनेको होला भनी पहिचन गर्न शब्दपत्तीहरू दिनुहोस् । विद्यार्थीहरूले शब्दपत्ती र ठोस वस्तुको जोडा मिलाउने छन् जस्तै :




- विद्यार्थीले देखेका कारखाना वा उद्योगमा देखेका कुराहरू लेखी प्रस्तुत गर्न लगाउनुहोस् ।
- नजिकैको कारखाना वा उद्योगमा लैजानुहोस् र त्यहाँ कुन वस्तु कसरी बनाइदो रहेछ, टिपेर भन्न लगाउनुहोस् ।
- उद्योगहरूमा उत्पादित र उद्योगबाट उत्पादन नभएका वस्तुहरू छुट्याएर सूची बनाउन लगाउनुहोस् ।
- कारखाना, उद्योगमा वस्तुहरू कसरी बन्दा रहे छन् र ती वस्तुहरू बजारमा कसरी बिक्री हुन्छ भन्ने सम्बन्धमा अवलोकन, चित्र वा तस्बिर प्रदर्शन गरी छलफल गर्नुहोस् ।
- विद्यार्थीहरूलाई उद्योगबाट उत्पादित कुनै मनपर्ने वस्तुको चित्र बनाउन लगाउनुहोस् ।
- सडेगलेका वस्तुहरू खाएर बिरामी भएको अभिनय गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई कारखानाको मजदुर, पसले, उपभोक्ताको अभिनय गर्न लगाउनुहोस् ।
- स्वास्थ्यको दृष्टिले हानिकारक वस्तुहरू र फाइदाजनक वस्तुहरूको सूची बनाउन लगाउनुहोस् ।
- बजारमा पाइने तयारी खाने कुराभन्दा घरमा खानेकुरा बढी स्वस्थकर हुन्छ भन्ने सम्बन्धमा विद्यार्थीहरूबीचमा छलफल गराउनुहोस् र घरमा बनाएको खानेकुरा खान प्रेरित गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

- विद्यार्थीको सक्रियताका आधारमा व्यक्तिगत मूल्याङ्कन गर्नुहोस् । यसका निम्ति रुजुसूचीको प्रयोग गर्न सकिने छ ।
- एउटा घटनावृत्त अभिलेख तयार गर्नुहोस् । विद्यार्थीले सामाजिक अध्ययनमा सिकेका कुराहरूको व्यावहारिक प्रयोग केकसरी गरिरहेका छन्, त्यसमा लेख्दै जानुहोस् । हरेक तीन महिनामा त्यसको नतिजा विश्लेषण गर्दै आवश्यक सुधार गर्दै जानुहोस् । विद्यार्थीहरूलाई अवश्यक पृष्ठपोषण पनि गर्दै जानुहोस् ।
- तलका वाक्यहरू ठीक बेठिक छुट्याऊ :

  बिस्कुट रिठ्ठाबाट बन्छ ।

  बजारका जथाभावी झिँगा भन्केका खानेकुराहरू खानुहुँदैन ।

  कपडा कारखानाबाट बन्छ ।

सागसब्जी कारखानामा उत्पादन हुन्छ ।

बजारको चाउचाउभन्दा घरमा बनाएको रोटी राम्रो हो ।

घरैमा बनाएको खानेकुराहरू तागतिला हुन्छन् ।

कारखानामा बनेका वस्तुहरू सित्तैमा घरमा आउँछ ।

## ६. थप सुझाव

- विद्यार्थीहरूलाई सहरमा हुने आर्थिक क्रियाकलाप उद्योग र व्यापार हो । हामीले आफ्नै वरपर बनेका स्थानीय सस्ता र स्वस्थकर वस्तुको मितव्ययी ढङ्गबाट प्रयोग गर्नुपर्छ भन्ने अवधारणा दिने खालका क्रियाकलापहरू गराउनुपर्छ ।
- यस सम्बन्धमा अभिभावकहरूलाई पनि सम्झाउनुपर्छ ।

# शिक्षक निर्देशिका

## सिर्जनात्मक कला

### कक्षा - २

एकाइ १

पाठ १

दृश्यकला

# रेखाचित्र बनाउन सिकौँ

घन्टी -छ

## १. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- सिसाकलम, गोल (Charchoal), चक, पेस्टल आदिबाट सीधा, ठाडा, बाङ्गा आदि रेखाहरू कोर्न ।
- विभिन्न आधारभूत आकारहरूबाट विभिन्न आकृतिको चित्र बनाउन ।
- साधारण रेखाचित्रहरू कोर्न ।
- सिसाकलम, चक, पेस्टल आदिबाट आफूलाई मन पर्ने रेखाचित्र बनाउन ।


यस पाठलाई छुट्टाछुट्टै पाठयोजना बनाई विद्यार्थीहरूलाई क्रियाकलाप गराउनुपर्छ । कुनै एक घन्टीमा क्रियाकलापमा सकिए पनि अरू घन्टीहरूमा पनि विद्यार्थीहरूलाई त्यस्तै खालका क्रियाकलापहरू गराउनुपर्छ ।

## २. पाठ परिचय

यस पाठमा विद्यार्थीहरूलाई उनीहरूको रुचि र सीपको स्तरअनुसार स्वतन्त्र रूपमा रेखाङ्कनद्वारा अभिव्यक्त गर्ने सिकाइउपलब्धि हासिल गराउन खोजिएको छ ।

चित्रकलाको सन्दर्भमा रेखाङ्कन (Drawing) लाई आधारभूत क्रियाकलापको रूपमा लिइन्छ । रेखाङ्कनको सीपबिना चित्रकलाको अध्ययन सम्भव हुँदैन ।

विन्दुहरू मिलेर रेखा बन्छ । रेखा विभिन्न किसिमका हुन्छन्, जस्तैः तेर्सा रेखाहरू, ठाडा रेखाहरू, छड्के रेखाहरू, बाङ्गा रेखाहरू, रङ्गीन रेखाहरू, गाढा रेखाहरू, फिक्का रेखाहरू, समानान्तर रेखाहरू, केन्द्रीकृत रेखाहरू आदि । तल रेखाहरूका नमुना दिइएका छन् -




उल्लिखित रेखाहरूबाट नै विभिन्न रेखाचित्रहरू बन्छन् । विद्यार्थीहरूलाई रेखाङ्कनसम्बन्धी क्रियाकलाप गराउँदा ती रेखाहरू एकएक गरी सिकाउनु आवश्यक छैन । विद्यार्थीहरूले बनाएका चित्रहरू हेरी उनीहरूले कोरेका रेखाबारे शिक्षकले आफ्नो प्रतिक्रिया दिनुपर्छ ।

## ३. शैक्षिक सामग्री

- विभिन्न किसिमका सादा कागज, जस्तै : डइङ पेपर, कार्डबोर्ड पेपर, न्युजप्रिन्ट, फुलिस्केप पेपर आदि ।
- साधारण पेन्सिल HB र नरम सिसाकलामहरू, जस्तै : B, 2B, 4B, 6B आदि ।
- वाक्स क्रेयल पेस्टल, रङ्गीन सिसाकलाम, साइन पेन, मार्कर पेन आदि (रङगीन सिसाकलाम र वाक्स क्रेयनको तुलनामा ओयल पेस्टल नरम हुन्छ । रेखाङ्कन र रङसम्बन्धी दुवै प्रयोजनमा यिनको प्रयोग गर्न सकिन्छ ।)
- साइनपेन, मार्करपेन आदि । (रेखाङ्कन र रङसम्बन्धी दुवै प्रयोजनमा (यनको प्रयोग गर्न सकिन्छ ।)
- पेन्ट बुरुस । (रङमा बुरुस चोपेर सीधा रेखाङ्कन गर्न सकिन्छ ।)
- स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीहरू, जस्तै : अँगार, खरी, इँटा आदि । (यिनबाट भुइँ, स्लेट, ढुङ्गा आदि सतहमाथि रेखाङ्कन गर्न सकिन्छ ।)

**सुझाव**

**कक्षाकोठाभित्र कागज र सिसाकलाम पर्याप्त मात्रामा राखिएको हुनुपर्छ । विद्यार्थीहरूले तिनको प्रयोग गरिसकेपछि फिर्ता लिएर तिनलाई व्यवस्थित रूपमा राख्नुपर्छ ।**

## ४. शिक्षणसिकाइ क्रियाकलाप

**क्रियाकलाप – १**

- विद्यार्थीहरूलाई स-साना समूहमा विभाजन गरी कार्य गराउनुहोस् ।
- विद्यार्थीहरूलाई गाउँघरमा पाइने इँटा, ढुङ्गा, छेस्का आदिबाट भुइँमाथि आफूखुसी रेखाचित्र बनाउन लगाउनुहोस् । सो क्रियाकलाप गराउँदा निम्नलिखित कुरामा ध्यान दिनुहोस् :
  - एकजना विद्यार्थीका लागि करिब १ वर्गमिटर भुइँ (छत, बरन्डा, खेल मैदान आदिमा) को व्यवस्था गर्नुहोस् । यस्तो ठाउँमा आउनेजाने गरिने हुनाले उनीहरूले बनाएका चित्र धेरै बेरसम्म रहँदैन भन्ने पूर्वजानकारी विद्यार्थीहरूलाई दिनुहोस् ।
  - विद्यार्थीहरूलाई कोर्ने कुरा (चक, खरी, इँटा, गोल आदि) बाँड्नुहोस् ।
  - उनीहरूलाई समूहिक रूपमा काम गर्न प्रेरित गर्नुहोस् ।
  - चित्र कोर्ने काम सकिएपछि उनीहरूले बनाएका चित्र हेर्न लगाएर कक्षाकोठातर्फ पठाउनुहोस् ।
  - विद्यार्थीहरूले भुइँमा कोरेका चित्र तुरुन्तै मेट्नुभन्दा कमसेकम एकदिन राख्न पाए राम्रो हुन्छ । विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई कोरेका चित्रमाथि नकुल्चिन अनुरोध गर्नुहोस् ।



**विद्यार्थीहरूले चौरमा विभिन्न प्रकारका चित्रहरू बनाइरहेको**

- यो क्रियाकलाप गराइसकेपछि कक्षा कोठा सफा राख्ने व्यवस्था मिलाउनुहोस् तथा विद्यार्थीहरूलाई कक्षा कोठा सफा गर्न लगाउनुहोस् ।

**क्रियाकलाप – २**

- विद्यार्थीहरूसँग सामूहिक रूपमा उनीहरूका परिवार, विद्यालय, साथीहरू, उनीहरूको अनुभव आदिबारे छलफल गर्नुहोस् ।
- कुनै एउटा प्रसङ्गलाई लिएर यसलाई चित्रमा यसरी देखाउन सकिन्छ भनेर शिक्षक आफैँले चित्र बनाएर देखाउनुहोस् ।
- विद्यार्थीहरूलाई कुनै निश्चित विषयवस्तुमा केन्द्रित नभई त्यसको सेरोफेरोका विषयलाई पनि चित्र बनाएर देखाउनुहोस् ।
- विद्यार्थीहरूलाई कुनै निश्चित विषयवस्तुमा केन्द्रित नभई त्यसको सेरोफेरोका विषयलाई पनि चित्रमा देखाउनुपर्छ भन्ने उदाहरण दिनुहोस्, जस्तै : कुनै घरको चित्र बनाउँदा त्योसँग रूख हुन्छ र आँगनमा मानिस, जनावर आदि पनि हुन्छन् । त्यस्तै घर विभिन्न किसिमका हुन्छन्, गाउँका घर, सहरका घर, पहाडका घर, तराईका घर आदि ।
- उनीहरूलाई कागज बाँड्नुहोस् र स्वतन्त्र रूपले चित्र कोर्न लगाउनुहोस् ।

**क्रियाकलाप –३**

- क्रियाकलाप २ मा जस्तै विद्यार्थीहरूलाई उनीहरूको कल्पनालाई प्रोत्साहित हुने किसिमले छलफल गर्नुहोस् ।
- उनीहरूलाई रमाइलो लागेका वा मन परेका विषयमा चित्र बनाउन उत्प्रेरित गराउनुहोस् ।
- उनीहरूले बनाएका चित्रहरू कक्षाकोठाभित्र प्रदर्शन गरी तिनलाई आ-आफ्ना अभिभवकलाई पनि देखाउनका लागि घर लान दिनुहोस् ।

**क्रियाकलाप –४**

- विद्यार्थीहरूले केके विषय सिकेका छन्, छलफल गर्नुहोस् ।
- त्यसपछि उनीहरूलाई आआफ्नो व्यक्तिगत रुचिअनुसारका विषयमा रेखाचित्र बनाउन लगाउनुहोस् ।

**क्रियाकलाप –५**

- यो क्रियाकलाप गराउँदा पहिलाका घन्टीहरूमा प्रयोग गरिएका कागजभन्दा फरक किसिमका कागज वितरण गर्नुहोस् ।
- फरक कागज प्रयोग गर्दा कस्तो चित्र बन्यो, छलफल गराउनुहोस् ।

**क्रियाकलाप –६**

- विद्यार्थीहरूलाई उनीहरूले पढ्ने कक्षा २ का अरू विषयसँग सम्बन्धित प्रसङ्गहरूलाई पनि चित्रमा अभिव्यक्त गर्न प्रेरित गर्नुहोस् ।
- कुनै फोटा वा चित्र देखाएर त्यसको अनुकरण नगराउनुहोस् । तर उनीहरूलाई सधैँ आफ्नै सोचअनुसार चित्र बनाउन उत्प्रेरित गर्नुहोस् ।
- विद्यार्थीहरूले बनाएका चित्रहरूलाई प्रदर्शन गर्ने व्यवस्था मिलाउनुहोस् ।

**५. मूल्याङ्कन विधि**

बालबालिकाले बनाएका रेखाचित्रहरूमा उनको उमेरगत रुचि र संवेग तथा सांस्कृतिक परिवेश प्रतिबिम्बित भएको हुन्छ, जुन अति महत्त्वपूर्ण मानिन्छ । शिक्षकले यस कुरामा ध्यान राख्नु अत्यावश्यक छ । उनले सो रेखाचित्र किन बनाए, त्यो बनाइसकेपछि कस्तो अनुभूति भयो आदि प्रश्न गर्नुपर्छ ।

पाठ २

# रङ

**घन्टी - आठ**

**१. उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- पानी रङ (Water Colour) पोस्टर रङ, (Poster Colour) वा स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीबाट बनाइएका रङहरूबाट कागजमाथि आफूखुसी विभिन्न आकृति तथा बुट्टा बनाउन ।
- रङसम्बन्धी विभिन्न प्रयोगहरू गर्न ।
- आफ्नो कल्पना र वैयक्तिक गर्ने चित्र बनाउन ।

यस पाठलाई छुट्टाछुट्टै पाठयोजना बनाई विद्यार्थीहरूलाई क्रियालाप गराउनुपर्छ । कुनै एक घन्टीमा क्रियाकलापमा सकिए पनि अरू घन्टीहरूमा पनि विद्यार्थीहरूलाई त्यस्तै खालका क्रियाकलापहरू गराउनुपर्छ ।

**२. पाठ परिचय**

यस पाठमा विद्यार्थीहरूले रङ प्रयोग गर्ने तरिकाहरू सिक्छन् र रङसम्बन्धी अनुभवहरू प्राप्त गर्छन् । साथै रङबाट वैयक्तिक कल्पना तथा रुचिलाई चित्रमा अभिव्यक्त गर्छन् ।

- यस पाठमा विद्यार्थीहरूलाई पहिलो दुई घन्टीमा रङसम्बन्धी विभिन्न प्रयोग गराउने, त्यसपछिका घन्टीहरूमा उनीहरूलाई रङको प्रयोग गरेर कला सिर्जना गर्न लगाउनुपर्छ ।
- बालबालिकाका लागि रङसँग खेल्नु असाध्यै रमाइलो क्रियाकलाप हुन्छ । उनीहरूलाई रङसम्बन्धी विभिन्न प्रयोग गराउनाले रङको गुण र तिनबाट उत्पन्न हुने विविध प्रभावहरू बुझ्दै जान्छन् । साथै रङको काम गर्दा प्रयोग गरिने औजारहरू सञ्चालनमा उनीहरूको अनुभव बढ्दै जान्छ ।

**३. शैक्षिक सामग्री**

- विभिन्न किसिमका सादा कागज जस्तै : ड्रइङ पेपर, कार्डबोर्ड, न्युजप्रिन्ट, फुलिस्केप पेपर आदि ।
- पेन्ट बुरुस, सिन्का, छेस्का, कपास, नरम कपडाका टुक्रा आदि (तयारी पेन्ट बुरुस उपलब्ध नभएको अवस्थामा सिन्धा वा छेस्कामा कपास वा नरम कपडा बेरेर त्यसबाट बुरुसको काम लिन सकिन्छ ।)
- रङ हाल्ने भाँडो, पानी हाल्ने भाँडो, रङ मिसाउने भाँडो आदि ।
- विभिन्न रङ, माड अथवा गम, मैन आदि रङसम्बन्धी विभिन्न प्रयोग गर्नका लागि यी वस्तुहरूको आवश्यकता पर्छ ।

**स्थानीय सामग्रीबाट बुरुस तथा रङ बनाउने तरिका**

- अलि मोटो सिन्को वा काठको छेस्को, कपास, नरम सुती कपडा र धागोको व्यवस्था गर्नुहोस् ।
- छेस्कोलाई चक्कुले ताछेर गोलो बनाउनुहोस् ।
- सिन्को वा छेस्कोको एक छेउमा कपासलाई गोलो हुने गरी बेर्नुहोस् ।
- त्यसमाथि नरम सुतीकपडाले राम्ररी मोरेर धागाले बाँध्नुहोस् । अब तपाईंको बुरुस तयार भयो । यसलाई बुरुसजस्तै प्रयोग गर्न सकिन्छ, प्रयोग पनि गराउनुहोस् ।

**निम्नलिखित सामग्रीबाट निम्नलिखित रङहरू बनाउन सकिन्छ, बनाएर हेर्नुहोस् तथा प्रयोग पनि गराउनुहोस् :**

- कमेरोबाट सेतो रङ
- गोल, मोसो, ध्वाँसो, गाजलबाट कालो रङ
- अबिर अथवा सिम्रिकको धुलोबाट रातो रङ
- बेसार अथवा केशरीको धुलोबाट पहेँलो रङ
- सजिलैसँग रस निस्किने घाँस अथवा पातबाट हरियो रङ
- सिँदुरको धुलोबाट सुन्तला रङ
- रातोमाटोबाट खैरो रङ

**रङ बनाउने तरिका** :


- रङ बनाउनका लागि खल वा डल्लो ढुङ्गा, सिलौटो अथवा समथर सतह भएको चेप्टो परेको ढुङ्गो, मिहिन खालको सफा कपडा, रङ राख्नका लागि भाँडाहरू तथा सफा पानीको व्यवस्था गर्नुहोस् ।
- माथि उल्लिखित रङमध्ये जुन रङ बनाउने हो, सो बनाउनका लागि तोकिएको सामग्री लिनुहोस् । रङ बनाउने सामग्री धुलो नभई ठोस छ भने त्यसलाई ससाना टुक्रा पारेर सुकाउनुहोस् । पूरा सुकिसकेपछि त्यसलाई मिहिन हुने गरी खल वा सिलौटोमा पिस्नुहोस् ।
- पिसिसकेपछि तयार भएको धुलोलाई मिहिन कपडा माथि राखेर चाल्नुहोस् ।
- धुलो तयार भइसकेपछि भाँडामा खन्याई पानी हाली बिस्तारै घोल्नुहोस् ।
- बनाइएको रङ प्रयोग गर्दा वा सुकिसकेपछि हातले छुँदा वा त्यसमाथि अरू कागज राख्दा नपरोस् र रङ टिकाउ रहोस् भन्नका लागि रङ घोल्दा अलिकति माड/गम/ मोबिकोल आदि मिसाउनुहोस् ।
- बेसार, अबिर, गोल र रातोमाटोबाट रङ बनाउँदा माडको झोल मिसाइसकेपछि एकपल्ट राम्ररी चलाउनुपर्छ र कपडा राखेर छान्नुपर्छ । यसको रङको कसर छानिन्छ र रङ सफा बन्छ ।
- रङ बनाउनका लागि पानी नसोसिने भाँडो बेस हुन्छ । पानी सोस्ने माटाका भाँडामा रङ चाँडै सुक्ने र फुस्रो भएर जाने रङ रहन्छ ।
- रातोमाटो, कमेरो आदिबाट रङ बनाउँदा माटामा गिर्खा मिसिएका छन् भने तिनलाई छान्दै मिल्काउनुपर्छ ।
- बालुवा मिसिएको माटो रङ बनाउनका लागि काम लाग्दैन ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

**क्रियाकलाप – १**

- नयाँ रङ कसरी बनाउन सकिन्छ यसबारे विद्यार्थीहरूलाई पहिले गरेर देखाइ दिनुहोस्, जस्तै : रातो र निलो रङ मिसाएर वैजनी रङ, निलो र पहेँलो रङ मिसाएर हरियो रङ तथा रातो र पहेँलो रङबाट सुन्तला रङ बन्दछ भन्ने कुरालाई प्रदर्शन गरेर देखाइ दिनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पनि गर्न लगाउनुहोस् । यहाँ यसको उदाहरण देखाइएको छ ।

- यस क्रियाकलापका लागि आवश्यक हुने रङहरू विद्यार्थीहरूलाई लिन, त्यसको प्रयोग गर्न र प्रयोगपछि ती सामग्रीहरूको सरसफाइ गर्ने तरि काहरू सिकाउनका साथै उचित स्थानमा राख्न लगाउनुहोस् ।
- रङ प्रयोगसम्बन्धी क्रियाकलाप गराउँदा सर्वप्रथम प्रत्येक विद्यार्थीलाई निम्नलिखित सामग्रीहरू एकएक थानका दरले उपलब्ध हुने सङ्ख्यामा तयार गर्नुहोस् ।
- नचुहिने भाँडोमा आधा लिटर जति पानीको व्यवस्था गर्नुहोस् ।
- रङ मिसाउनका लागि रिकापी वा कुनै पखाल्न हुने सफा पाता वा सिलोटको व्यवस्था गर्नुहोस् ।



रङको चार्ट

- पाँचओटा साना बिर्का, बाक्लो कागजका टुक्रा, दुना वा कचौरामा पाँच थरीका रङहरूको व्यवस्था गर्नुहोस् ।
- निलो, रातो, पहेँलो, सेतो र कालो मात्र रङ लिनुहोस् । यी रङ मिसाएर अरू रङ बनाउनुहोस् ।
- रङ लगाउन बुरुस र बुरुस पुछ्न टालोको व्यवस्था गर्नुहोस् ।
- प्रत्येक विद्यार्थीले यी सामग्रीहरू लिइसकेपछि उनीहरूलाई फराकिलो ठाउँमा बस्न लगाउनुहोस् र कागज वितरण गर्नुहोस् ।
- कागजको पछाडिपट्टि आआफ्नो नाम लेख्न लगाउनुहोस् ।
- त्यसपछि बुरुसले रङ लिई आफूखुसी रङ पोत्न लगाउनुहोस् । बुरुसलाई प्रयोग गर्दा पेन्सिल समाते जसरी नै गर्नुपर्छ । धेरै थिचेर वा हलका समातेर गर्दा यसबाट कोरिने वा पोतिने आकार र प्रकार फरकफरक हुने हुँदा विद्यार्थीहरूलाई अनुभव गर्न लगाइ चित्र बनाउन लगाउनुहोस् ।
- बुरुस सफा गर्न र पुछ्न सिकाउनुहोस् ।
- अब बुरुसको सहायताले रिकापीमा दुई थरी रङ मिसाउन सिकाउनुहोस् ।
- मिसाएर बनेको रङ कागजमा पोत्न लगाउनुहोस् ।
- कागजमा पोतेपछि सुरक्षित ठाउँमा सुक्न लगाउनुहोस् ।
- बुरुस, पानीको भाँडो र रङका बिर्काहरू सफा गर्न लगाउनुहोस् ।

**क्रियाकलाप –२**

- विद्यार्थीहरूलाई प्राथमिक रङहरू मिसाई सहायक रङ बनाउने अभ्यास सामूहिक रूपमा गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई रातो, निलो र पहेँलो रङ छुट्टाछुट्टै हालिएका भाँडाहरू दिनुहोस् ।
- केही थोपा रातो रङ लिएर कुनै भाँडा वा कचौरामा हाल्न लगाउनुहोस् । अब उक्त बुरुसलाई राम्ररी पखाल्न लगाउनुहोस् । त्यति नै थोपा पहेँलो रङ लिएर रातोमाथि हाल्न लगाउनुहोस् ।
- अब बिस्तारै मिसाउन लगाउनुहोस्, सुन्तला रङ बन्छ ।
- एवम् प्रकारले निलो र पहेँलो मिसाएर हरियो रङ तथा निलो र रातो मिलाएर प्याजी रङ बनाउन सिकाउनुहोस् ।

- रङ बनिसकेपछि ती रङ प्रयोग गरेर चित्र बनाउन लगाउनुहोस् ।
- धेरै पल्ट रङ लगाएको बुरुसलाई पानीले पखाल्दा वा फोहोर पानीमा पखालिएको बुरुसले रङ मिसाउँदा रङको ताजापन र रङको मौलिक गुण नष्ट हुन्छ । त्यसैले बुरुस पखाल्नका लागि दुईओटा गिलासको प्रयोग गर्नु राम्रो हुन्छ ।
- रङको प्रयोग गरिसकेपछि बाँकी रङलाई बिर्को भएको भाँडामा हाली सुरक्षित राख्नुपर्छ । पछिल्ला घन्टीहरूमा तिनको प्रयोग गर्न सकिन्छ ।
- भाँडोबाट रङ निकाल्दा अरू रङ चलाएको बुरुस वा छेस्का प्रयोग गर्न हुँदैन । रङ प्रयोग गरेका बुरुस वा छेस्काले रङमा चोप्दा रङको गुण बिगार्छ । त्यसैले यस्तो कार्य विद्यार्थीहरूले पनि पटकपटक गर्ने गरेको हुँदा विशेष ध्यान दिई कार्य गराउनुहोस् ।

**क्रियाकलाप –३**

- विद्यार्थीहरूलाई रङको माध्यमबाट व्यक्तिगत अभिव्यक्ति गर्न प्रेरित गर्नुपर्छ । अतः उनीहरूलाई आफूखुसी विभिन्न आकार अथवा डिजाइन बनाउन लगाउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा सर्वप्रथम विद्यार्थीहरूसँग उनीहरूका व्यक्तिगत रुचि र अनुभवबारे छलफल गर्नुहोस् । रङ बनाउनका लागि आवश्यक सामग्रीहरू वितरण गर्नुहोस् ।
- कागजको पछाडिपट्टि आआफ्नो नाम लेख्न लगाउनुहोस् । बुरुसमा रङ लिई आफूखुसी विभिन्न आकार वा डिजाइन बनाउन लगाउनुहोस् ।



**बुरुसमा रङ लिई आफूखुसी बनाइएको चित्र**

- रङ मिसाएर अर्को नयाँ नङ बनाएर प्रयोग गर्न सिकाउनुहोस् ।
- काम सकिएपछि बुरुस सफा र सुख्खा राख्न तथा आ-आफूले बनाएका चित्रहरू सुक्नुपर्छ भन्ने धारणा दिनुहोस् ।
- विद्यार्थीहरूलाई माथि नमुना चित्रहरूमा दिइएजस्तै दुरुस्त चित्र बनाउन लगाउनुहुँदैन । ती केवल उदाहरण मात्र हुन् । उनीहरूलाई आफ्नै मौलिक सोचाइअनुसार चित्र सिर्जना गर्न उत्प्रेरित गर्नुहोस् ।
- शिक्षकले विद्यार्थीहरूको काम कहिल्यै नसच्याउनुहोस् । तर सही किसिमको सुझाव दिनुहोस् । उनीहरूसँग वार्तालाप गरेर उनीहरूले बनाएका चित्रको अवलोकन गरी त्यहाँ भइरहेका कुरालाई बुझ्ने प्रयत्न गर्नुहोस् । उनीहरूले बनाएका चित्रबारे सधैँ सकारात्मक प्रतिक्रिया दिनुहोस् ।

**क्रियाकलाप –४**

- विद्यार्थीलाई एक पाना सेतो कागजमाथि मैनको टुक्राले कुनै आकृति, जस्तै : घर, फूल, रूख, सूर्य, पहाड, जनावर, आफुलाई मन पर्ने मान्छे आदिका चित्र कोर्न लगाउनुहोस् ।
- बुरुसलाई पानी रङ अथवा कुनै मसीमा चोपी पूरा कागजमाथि पोत्न लगाउनुहोस् । यसो गर्दा मैन लागेको ठाउँमा रङ लाग्दैन, मैन नलागको ठाउँमा रङ लाग्छ र मैनले बनाएको आकृति प्रस्ट देखिन्छ ।

**क्रियाकलाप –५**

- विद्यार्थीलाई उनीहरूको इच्छाअनुसार कक्षा १ को कुनै पनि विषयको पाठसँग केन्द्रित भएर छलफल गर्न लगाउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा प्रशस्त समय दिई काम पूरा गर्न लगाउनुहोस् ।
- तयार भएका चित्रहरू कक्षाकोठाभित्र प्रदर्शन गर्नुहोस् ।
- उल्लिखित क्रियाकलाप गराउँदा शिक्षकले विद्यार्थीलाई 'यो बनाऊ, त्यो बनाऊ' नभनी पहिला उनको व्यक्तिगत रुचि, अनुभव, परिवेश आदिबारे छलफल गरी चित्र बनाउन लागि मानसिक रूपमा तयार गर्नुहोस् ।



**मैन प्रयोग गरेर बनाइएको चित्र**



- बालबालिकालाई कुनै फोटा वा चित्र देखाएर त्यसको अनुकरण कहिल्यै नगराउनुहोस् । उनीहरूलाई सधैँ आफ्नो सोचअनुरूप चित्र बनाउन उत्प्रेरित गर्नुहोस् ।
- उल्लिखित क्रियाकलाप गराउँदा विद्यार्थीलाई सिसाकलमबाट रेखाङ्कन गराइरहनु आवश्यक छैन । बुरुसमा रङ चोबी सीधै रङविन्यास (Paint) गराउनाले चित्र बढी सरल एवम् प्रभावपूर्ण बन्छ ।
- बाक्लो रङको प्रयोग गराउनु उपयुक्त हुन्छ कि हुँदैन भन्ने कुरा विद्यार्थीहरूलाई नै अनुभव गर्न दिनुहोस् ।
- मिठासपूर्ण प्रभावका लागि पहिले रङ हालेर सुकिसकेको स्थानमाथि कतैकतै अन्य रङहरूलाई अझ बढी आकर्षक बनाउन सकिन्छ ।
- रङ लगाउँदा सकेसम्म पूरा चित्र बनाएको कागजमा रङ भर्न प्रोत्साहित गर्नुपर्छ ।
- चित्रमा बाक्लो रङ र पातलो रङको प्रयोगबाट रङको गाढा पन/फिक्कापन (Tone value) चित्रमा देखाउन सकिन्छ ।

## ६. मूल्याङ्कन विधि

- बालबालिकाले बनाएका चित्रहरूमा उनको उमेरगत रुचि र संवेग तथा सांस्कृतिक परिवेश प्रतिविम्बित भएको हुन्छ, जुन अति महत्त्वपूर्ण मानिन्छन् । शिक्षकले यस कुरामा ध्यान राख्नु अत्यावश्यक छ । उनले सो चित्र किन बनाए, त्यो बनाइसकेपछि कस्तो अनुभूति भयो आदि प्रश्न गर्नुपर्छ ।
- रङसँग खेल्ने क्रियाकलाप धेरै पटक गरिसकेपछि विस्तारै बुरुस र रङमाथि उनीहरूको नियन्त्रण बढ्दै जान्छ र क्रमश: कागजमाथि मूर्त आकृतिहरू देखापर्न थाल्छन् । अत: विद्यार्थीहरूले रङबाट के चित्र बनाउँछन् भन्ने त्यति महत्त्वपूर्ण विषय होइन, उनीहरूले कति स्वच्छन्द र आम्मविश्वासपूर्वक आफूलाई अभिव्यक्त गर्छन्, सो महत्त्वपूर्ण हुन्छ ।

**सुझाव**

कक्षाकोठाभित्र पर्याप्त मात्रामा बुरुस तथा रङको व्यवस्था गरिएको हुनुपर्छ । विद्यार्थीहरूले तिनको प्रयोग गरिसकेपछि फिर्ता लिएर तिनलाई शिक्षकले व्यवस्थित रूपमा राख्नुपर्छ । तयारी पेन्ट बुरुस तथा तयार रङ उपलब्ध नभएको अवस्थामा कसरी स्थानीय सामग्रीहरूको प्रयोग गरी काम चलाउन सकिन्छ, सोबारे जानकारी निम्नानुसार दिइएको छ ।

**पाठ ३**

# छपाइ

**घन्टी – छ**

## १. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- हात वा हातका औँलाहरूबाट छपाइ कार्य गर्न ।
- विभिन्न प्रकारका पातमा रङ लगाई त्यसबाट छपाइ कार्य गर्न ।
- आलु, मुला, प्याज, रामतोरिया, तितेकरेला आदि जस्ता वस्तुलाई काटी छपाइ कार्य गर्न ।

## २. पाठ परिचय

कुनै पनि वस्तुमा रङ लगाई सफा सतहमा त्यसको आकारको छापा निकाल्ने प्रक्रियालाई छपाइ (Pint) भनिन्छ । यस छपाइ कार्यमा विभिन्न वस्तुहरूबाट वा वस्तुमा आकार काटी रङ लगाई कागज माथि त्यसको आकारको छापा निकाल्न सकिन्छ ।

## ३. शैक्षिक सामग्री

रङहरू, बुरुस, विभिन्न प्रकारका तरकारी, फलफूल, विभिन्न किसिमका बोटबिरुवाका पातहरू, चक्कु, सफा कागज, बाक्लो कागज, पेन्सिल आदि

## ४. शिक्षणसिकाइ क्रियाकलाप

**क्रियाकलाप – १**

- विभिन्न प्रकारका रङहरूलाई बेग्लाबेग्लै भाँडामा तयार गर्न लगाउनुहोस् ।
- तयार पारिएका रङलाई बुरुसको सहयोगले हातका हत्केलाका औँलामा लगाउँदै त्यसबाट कागजमा छपाइ कार्य गराउनुहोस् । यो क्रियाकलाप गराउनुभन्दा पहिले शिक्षक स्वयम्ले प्रदर्शन गर्नुहोस् ।
- सर्वप्रथम एक मात्र रङको प्रयोग गर्न लगाउनुहोस् । त्यसपछि क्रमश: अन्य रङको पनि प्रयोग गर्न लगाउनुहोस् ।
- हात र औँलाका छापबाट विभिन्न प्रकारका आकृतिहरूलाई परिवर्तन गरी अन्य आकृतिको रूपमा विकास गर्न सकिन्छ भन्ने कुरा बुझाई कार्य गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप – २**


- विभिन्न प्रकारका पातहरू सङ्कलन गर्न लगाउनुहोस् । यसरी सङ्कलन गरिएका पातहरू सकेसम्म कडा तथा दह्रो प्रकारका हुनुपर्दछ । यस्ता प्रकारका पातहरूबाट छपाइ कार्य गर्न सजिलो हुन्छ ।
- सङ्कलन गरेका पातहरूमध्ये विद्यार्थीहरूलाई मन पर्ने आकार प्रकारका पात छान्न दिनुहोस् । अब त्यस पातको एकापट्टिको सतहमा कुनै एक रङ लगाई छपाइ कार्य गरेर प्रदर्शन गर्नुहोस् ।



- विभिन्न प्रकारका पातबाट बनेका छापाबारे उनीहरूमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप – ३**

- छपाइ कार्य गर्नका लागि एउटा छापदानीको आवश्यक पर्छ अर्थात् यसको सहयोगबाट छपाइ कार्य गर्न सजिलो भएकाले यसको निर्माण गर्न अति आवश्यक छ ।
- कुनै जुत्तामा लगाउने पलिसको खालि बट्टा वा अरू कुनै बट्टाको व्यवस्था गर्न लगाउनुहोस् ।
- पुरानो नरम कपडा वा फलाटिनको टुक्रा वा कपासका टक्रालाई बट्टामा मिल्ने गरी काट्न लगाउनुहोस् र बट्टामा राख्न लगाउनुहोस् । यसरी कपडा वा कपास राख्दा बाक्लो गरी राख्ने तर बट्टा भन्दा बाहिर आएको हुनुहुँदैन ।
- कपडा राखिसकेपछि त्यसमाथि मसी वा घोलिएको रङलाई बिस्तारै हाल्न लगाउनुहोस् । यसरी रङ हाल्दा कपडा वा कपास राम्ररी भिज्ने गरी राख्नुपर्दछ तर अति धेरै मात्रामा मसी राखेमा कार्य गर्न कठिन हुनुका साथै जतातत्तै मसी पोखिन सक्दछ ।




**खाली बट्टा** **कपडा** **बट्टामा कपडा राखी त्यसमा धोलिएको रङ राख्दै गरेको**

- यसरी बनाइएका घरेलु छापदानीबाट विभिन्न प्रकारका छपाइ कार्य गर्न लगाउनुहोस् ।

- कुनै एक बिर्को वा यस्तै वस्तु लिनुहोस् । त्यसलाई बनाएको छापदानीमा चोप्दै कागजमा वस्तुको छापा निकाल्न लगाउनुहोस् । यसरी निकाल्दा छापा निश्चित आकारको पनि हुन सक्दछ वा नहुन पनि सक्दछ । यदि सोचेर छपाइ कार्य गरेमा विभिन्न रमाइला आकृतिहरू बनाउन सकिन्छ । यहाँ यस्तै आकृतिको उदाहरण देखाइएको छ ।

क 

**काटिएको तरकारीबाट छापेर बनाइएको आकृति**

ख 

**बिर्कोबाट छापेर बनाइएको चराको आकृति**

- माथि देखाइएको चित्र 'क' एउटा अमूर्त छपाइ कार्य हो भने चित्र 'ख' निश्चित आकृति भएको छपाइ कार्य हो । यस्तै प्रक्रियाबाट छपाइ पनि छपाइ कार्य गराउन सक्नुहुन्छ । विद्यार्थीहरूले छपाइ कार्य गरिसकेपछि उनीहरूको कार्यहरूबारे एकआपसमा छलफल गराउनहोस् ।

**क्रियाकलाप – ३**


- आलु, प्याज, मूला, रामतोरिया (भिन्डी), तितेकरेला आदि जस्ता तरकारी सङ्कलन गर्न लगाउनुहोस् ।
- सर्वप्रथम शिक्षकले यी माथि उल्लेख भएका तरकारीहरूमध्ये कुनै एक तरकारी लिई त्यसलाई काटी रङको छापादानीमा चोपी वा रङ दलेर त्यसको छापा निकालेर देखाइ विद्यार्थीहरूलाई पनि यस्तै प्रकारले छपाइ कार्य गर्न प्रेरित गर्नुहोस् ।
- यो क्रियाकलाप गराउदा विद्यार्थीहरूले चक्कु वा अन्य काट्ने औजारको प्रयोग गर्नुपर्ने हुँदा विशेष सावधानी अपनाई कार्य गराउनुहोस् ।





**आकृति बनाई त्यसमा तरकारीको छापा निकालिएको**

- विद्यार्थीहरूलाई कागजमा उनीहरूलाई मन पर्ने कुनै पनि फलफूल वा आकृति बनाउन लगाई त्यसमा काटिएको तरकारीबाट छपाइ कार्य गर्न लगाउनुहोस् । विद्यार्थीहरूले बनाउने वस्तुको आकृति धेरै ठूलो वा धेरै सानो हुनुहुँदैन । यदि आकृति धेरै ठूलो भए त्यसमा छपाइ कार्य गर्न धेरै समय लाग्दछ, त्यस्तै धेरै सानो भएमा छपाइ कार्य गर्न निकै कठिन हुन्छ । तसर्थ ठीक प्रकारको आकार बनाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई कागज माथि कुनै पनि वस्तु राख्न लगाई यसको बाहिरी भाग कोर्न लगाउनुहोस् । त्यसपछि त्यो आकृतिको भित्री भागमा विभिन्न वस्तुहरूबाट छपाइ कार्य गराउनुहोस् ।



**हातको आकृति कोरी त्यसभित्र छपाइ कार्य गरेको चित्र**

## ५. मूल्याङ्कन विधि

- यो विषय पूर्णरूपले प्रयोगात्मक विषय भएकाले यसको मूल्याङ्कन पनि प्रयोग विधिबाट गर्दा उचित हुन्छ ।
- विद्यार्थीहरूले गरेका कार्यलाई अवलोकन गरी ठीक तरिकाले गरे नगरे हेरी मूल्याङ्कन गरी आवश्यकताअनुसार निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूलाई तिनीहरूले गरेका कार्यबारे प्रश्न उत्तर गरेर पनि मूल्याङ्कन गर्न सकिन्छ ।
- कुनै एक किसिमको वस्तुबाट छपाइ कार्य गर्न लगाएर पनि मूल्याङ्कन गर्न सकिन्छ ।

## ६. थप सुझाव

- छापा निकाल्न जानेपछि त्यस्ता ज्ञान कसरी प्रयोग गरिएका छन्, अवलोकन गर्नुहोस् । जानिसकेको कुरालाई नौलो तरिकाले प्रयोग गर्नु नै सिर्जनशिलताको उद्गम बिन्दु हो । त्यसैले यस्ता प्रक्रिया गर्न हौसला प्रदान गरी कार्य गर्न प्रेरणा दिनुहोस् ।

**पाठ ४**

# कोलाज

**घन्टी - आठ**

## १. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- विभिन्न किसिमका रङ्गीन कागजहरू, चित्रहरू, विभिन्न प्रकारका हलुका वस्तुहरू, पात आदिलाई टाँसी कोलाज चित्र बनाउन ।
- कागजलाई इच्छानुसार विभिन्न आकारप्रकारमा काट्न, च्यात्न तथा टाँस्न ।
- काटेका या च्यातेका कागजका टुक्राहरूलाई एकपछि अर्को गर्दै, खप्टेर या छुट्टाछुट्टै राखेर कोलाज चित्र या आकृतिको रूप दिन ।
- कागजमा आकृतिक वस्तुहरू मिलाएर टाँसी आफ्नो मौलिक सोच र अभिव्यक्ति प्रस्तुत गर्न ।

## २. पाठ परिचय

कक्षा दुईको कोलाज पाठमा कक्षा एकमा सिकेको कागज च्यातेर मिलाउने र आकार बनाउने सीपलाई थप अभिवृद्धि गर्दै उमेरअनुसार अभिव्यक्तिको क्षमता वृद्धिमा जोड दिन खोजिएको छ । कक्षा दुईमा बालबालिकाहरूले कागजको साथसाथै चित्रहरू र अन्य सामान्य आकारका हलुका वस्तुहरू जस्तै: पात, फूलको तुष्पदल इत्यादि पनि कोलाजमा टाँस्न सकिन्छ भन्नेकुराहरू सिक्नेछन् ।

## ३. शैक्षिक सामग्री

कोलाजका विभिन्न पाठहरूका लागि निम्नलिखित शिक्षण सामग्रीहरू आवश्यक पर्दछन् । पाठ योजनाअनुसार सामग्रीहरू सङ्कलन र व्यवस्थापन गर्नुपर्ने हुन्छ :

- कागज च्यातेर बनाइने कोलाजका लागि आधा कागज (चार्टपेपर या कापीको पाना)
- शिक्षकले निरीक्षण गरी पत्रपत्रिकाहरू या अन्य रङ्गीन छापिएका चित्रहरू
- टाँस्नका लागि माड वा गुँद वा मोबिकोल
- गुँद माड्न कचौरा र दल्न बुरुस या सिन्धामा कवास बेरेर बनाएको सिख
- विभिन्न किसिमका बोतल, साधा या रङ्गीन कागजहरू । (बुट्टाहरू भएका कागज उपयुक्त मानिँदैन किनभने बुट्टाहरूले बालबालिकाको ध्यान त्यसतर्फ केन्द्रित गराउँछ र उनीहरू मौलिक प्रयोग र सोचतर्फ अग्रसर हुँदैनन् ।)
- पात, फूल, बालुवा, काठको भुसजस्ता प्राकृतिक पदार्थहरू, हरेक पदार्थ पर्याप्त मात्रामा
- प्राकृतिक वस्तुहरू टाँसेर बनाउने कोलाजका लागि दह्रो आधार कागज ।
- पाठ सुरु गर्न उदाहरणका लागि सुहाउँदो कोलाजका नमुनाहरू ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

**क्रियाकलाप – १**

- कोलाजको पहिलो पाठमा कक्षा एकमा सिकेका कागज च्यात्ने, टुक्राहरू समायोजन गरी टाँस्ने कामको पुन: परिचय दिनुहोस् ।
- यो पाठमा दुई किसिमका रङ्गीन कागज च्यात्न दिनुहोस् । च्यात्दै मिलाउँदै टाँस्दै चित्र बनाउन सिकाउनुहोस् ।
- टुक्राहरूमा उपयुक्त मात्रामा उपयुक्त सामग्रीको प्रयोग गरेर गुँद वा गम दल्न सिकाउनुहोस् । आधार कागजमा भन्दा टुक्राहरूमा गुँद दल्दा कोलाज सफा हुन्छ भन्ने कुरा सिकाउनुहोस् । यो पाठ एक पटक फेरि दोहोऱ्याउनुहोस् तर दोस्रो पटक चारपाँच रङका पातला कागजहरूबाट छानेर कोलाज बनाउन थप सामग्री उपलब्ध गराउनुहोस् ।

**क्रियाकलाप – २**

- कैँचीको प्रयोग गर्ने सही तरिकाहरू फेरि सिकाउनुहोस् र चारपाँच थरीका रङ्गीन कागजहरू काटेर टाँस्न दिनुहोस् । यो क्रियाकलाप दुई घन्टी भित्र गराउनुहोस् ।



**रङ्गीन कागजका टुक्राहरू जोडेर बनाइएको**



**विभिन्न प्रकार कागजका टुक्राहरू जोडेर बनाइएको कोलाज**

- कैँची उपलब्ध नभए कागजलाई च्यातेरै भए पनि निश्चित आकारका टुक्राहरू बनाउन लगाउनुहोस् । अभिव्यक्तिमा विविधता र मौलिकता ल्याउने काम गर्दागर्दै हरेक विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।
- हरेक विद्यार्थीहरूलाई आफ्नै सोच र रुचिअनुसारको अभिव्यक्ति प्रेरित गर्नुहोस् । कक्षाको अन्त्यमा कक्षाको सरसफाइ तथा विद्यार्थीहरूले बनजाएका वस्तुहरूको प्रदर्शन गरिदिनुहोस् ।


**क्रियाकलाप – ३**

- यस क्रियाकलापलाई तीन घन्टीसम्म सिकाउन सकिने छ ।
- बाल उपयोगी पत्रपत्रिकाहरू र चित्रयुक्त सामग्रीहरू सङ्कलन गरेर ल्याउनुहोस् ।
- कैँची, गुँद, बुरुस र आधार कागज जस्ता कोलाजका सामान्य सामग्रीहरूको व्यवस्था मिलाउनुहोस् ।
- समूहमा राखिएका बालबालिकाहरूमध्ये यी सामग्रीहरूको वितरण गरेपछि पर्याप्त मात्रामा पत्रपत्रिकाहरू समूहहरूमा वितरण गर्नुहोस् । त्यसपछि हरेक विद्यार्थीलाई पत्रपत्रिकाहरू हेरी उचित लागेका चित्रहरू वा रङ छापिएका चित्रहरू काटेर आआफ्नो आधार कागजमा मिलाएर टाँस्न सहयोग गर्नुहोस् ।



**उपयुक्त तरिकाबाट कैँचीको प्रयोग गरी कागजका चित्र काटिरहेको**





**कैँचीले विभिन्न प्रकारका तस्विर, फोटो आदि काटी टाँसी बनाएको कोलाज चित्र**

- हरेक समूहमा चित्रहरू बाँडी लिन र साथीहरूलाई सघाउन प्रेरित गर्नुहोस् । छलफल गर्दै कोजाललाई अर्थपूर्ण बनाउन उपयुक्त चित्रहरू मात्र मिलाएर टाँस्न प्रेरित गर्नुहोस् ।
- अन्त्यमा सरसफाइ गर्न लगाई प्रदर्शन र मूल्याङ्कन गर्नुहोस् ।

**क्रियाकलाप – ४**

- प्राकृतिक सामग्रीहरूबाट कोजाल बनाउन सकिन्छ भन्ने कुरा देखाउन एउटा नमुना तयार पार्नुहोस् ।
- सो नमुनामा भएका जस्ता विभिन्न किसिमका प्राकृतिक सामग्रीहरू, दह्रो आधार कागज, बलियो गुँद, गुँद लगाउने सामान तयार पार्नुहोस् ।
- नमुना प्रदर्शन गरी सामग्रीहरूको छनोट, काटछाँट, समायोजन र टाँस्ने तरिकाबारे छलफल गर्दै सिकाउनुहोस् ।

- त्यसपछि विद्यार्थीहरूलाई साना समूहहरूमा राखी सामग्री वितरण गर्नुहोस् र एकएकओटा प्राकृतिक वस्तु लिँदै छामेर त्यसको सतहको खस्रोपना, रङ, वजन, आकार र अन्य गुणहरूका बारेमा छलफल गर्नुहोस् ।
- विद्यार्थीहरूलाई स्वतन्त्ररूपले सामग्रीहरू छनोट, काटछाँट र चित्र वा डिजाइनमा मिलाएर टाँस्न प्रेरित गर्नुहोस् ।
- आधार कागजलाई सकेसम्म ढाक्न र कोलाज सकेसम्म अर्थपूर्ण बनाउन टेवा दिनुहोस् । कक्षाको अन्त्यमा सरसफाइ गर्न र कोलाज सुकाउन लगाउनुहोस् ।





**कोलाजमा प्रयोग हुने सामग्रीहरू**

- यो क्रियाकलाप तीन घन्टी गराउनुहोस् । एउटै काम तीन घन्टीसम्ममा गरेर सक्नुभन्दा आधार कागज सानो गरी हरेक घन्टीमा बेग्लाबेग्लै कोलाज बनाउनु राम्रो हुन्छ ।



**काठको छ्याकन, फूल, पात आदि प्रयोग गरेर बनाएको कोलाज**



**फूल, पात आदि प्रयोग गरेर बनाएको कोलाज**

## ५. मूल्याङ्कन विधि

- कोलाजको पाठको मूल्याङ्कन प्रक्रिया निम्न प्रकारले गर्न सकिन्छ :

(क) सामग्रीहरूको प्रयोग गर्न चाहिने सीपहरू

(ख उपलब्ध भएका सामग्रीहरूमध्येबाट आवश्यक मात्रामा आवश्यक रङका कागजहरू वा पदार्थहरू मात्र छनोट गर्न सक्ने क्षमता

(ग) छनोट गरेका वस्तुहरूलाई प्रतिकात्मक रूपमा उचित किसिमले प्रस्तुत गर्ने सिर्जनशील सोचाइ ।

घ) कोलाजमा अर्थपूर्ण विषय देखाउन सक्नु

(ङ) स्वतन्त्र मौलिक सोचाइ मूल्यवान ठानी व्यक्तिगत अभिव्यक्ति प्रस्तुत गर्न सक्नु ।

- विद्यार्थीहरूको कार्यको मूल्याङ्कन गर्दा शिक्षकले यी माथि उल्लेख गरिएका विषयहरूमा अवलोकन गरी गर्नुपर्छ ।

## ६. थप सुझाव

- विद्यार्थीहरूले छनोट गरेका विभिन्न प्रकारका चित्रहरू उपयुक्त छन् कि छैनन् हेरी कोलाज कार्य गराउनुहोस् । विद्यार्थीहरूले छानेका चित्रहरू अश्लिल भए तिनको प्रयोग नगराउनुहोस् ।
- माड या गुँद राम्ररी टाँस्ने हुनुपर्छ । टाँसिएका चित्रहरूको परीक्षण गर्नुहोस् ।
- विद्यार्थीले कोलाजको चित्र बनाउने क्रममा पुतलीको चित्र बनाउने वा स्याउ र कुकुर बनाउने भनेर निर्दिष्ट गर्नुहुँदैन । विद्यार्थीहरूलाई स्वतन्त्र अभिव्यक्ति गर्ने अवसर दिनुपर्छ ।
- कुनै पनि वस्तु टाँस्दा त्यसको आफ्नै आकार कायम गर्नुपर्दैन । कोलाज चित्र बनाउँदा नौलो आकार मा काटछाँट गरी नौलो रूपमा प्रस्तुत गर्ने सिर्जनशीलको मौका गुमाउनु हुँदैन ।
- विद्यालयमा प्रदर्शन गरेपछि अनिवार्य रूपमा बालबालिकाहरूले गरेको काम घर लागी अभिभावकहरूलाई देखाउन लगाउनुहोस् । यसो गर्दा कलाकारिताको बाल विकासमा टेवा पुग्छ र अभिभावकहरू सन्तुष्ट हुन्छन् ।
- कक्षा सुरु गर्दा उत्प्रेरकको रूपमा प्रदर्शन गर्न आवश्यक कोलाज शिक्षक आफैँले बनाउनुहोस् या कुनै विद्यार्थीले अघिल्लो वर्ष बनाएको नमुनालाई उदाहरणको रूपमा देखाउन सकिन्छ । तर नक्कल नगराउनुहोस् ।

**पाठ ५**

# माटोको काम

**घन्टी - आठ**

## १. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- माटोलाई थिचेर विभिन्न आकारप्रकार बनाउन ।
- स्वतन्त्र रूपबाट आकार वा वस्तु बनाउन ।
- डल्लो, च्याप्टो, पाटुलो, लाम्चो  आकार आदि बनाउन ।

## २. पाठ परिचय

माटोबाट विभिन्न आकारप्रकारका वस्तुहरू निर्माण गर्न सकिन्छ । विद्यार्थीहरूले माटो खेल्न निकै मन पराउने भएकाले माटो एक महत्वपूर्ण सामग्रीको रूपमा लिन सकिन्छ । यसको माध्यमबाट विद्यार्थीहरूले धेरै अनुभव तथा आकृति बनाउन सक्दछन् ।

## ३. शैक्षिक सामग्री

तयार पारिएको माटो, पानी राख्ने भाँडा, माटो कोट्याउनका लागि काठ वा सिन्का, काठको सम्म परेको फल्याक आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

**क्रियाकलाप - १**

- विद्यार्थीहरूलाई सर्वप्रथम ४/५ जनाको ससाना समूहमा विभाजन गर्नुहोस् ।
- तयार पारिएका माटोका डल्लोलाई सबैलाई समान मात्रामा वितरण गर्नुहोस् ।
- वितरण गरिएको माटोलाई हातले वा अन्य वस्तुको सहयोगले थिचेर (Press) गरेर विभिन्न प्रकारका माटोका आकृतिहरू बनाउन प्रेरित गर्नुहोस् । यसरी बनाइएका माटोका वस्तुहरूका आकृति बारे छलफल गर्नुहोस् ।
- यसरी निर्माण भएका माटोका वस्तुहरूलाई पुनः प्रयोग पनि गराउनुहोस् ।





- माटोको सट्टा वा विकल्पमा अन्य वस्तु जस्तै पिठो, चको धुलो, साबुन आदिबाट पनि गराउन सकिन्छ  तर यो प्रक्रिया महँगो हुने भएकाले अलिक व्यावहारिक नहुन पनि सक्दछ ।

**क्रियाकलाप – २**

- ससाना समूहमा विभाजन गरी समान मात्रामा माटो वितरण गरी विभिन्न वस्तु वा आकृति बनाउन लगाउनुहोस् ।
- सर्वप्रथम शिक्षकले एउटा माटोको नमुना बनाएर देखाउनुहोस् । यसका लागि केही मात्रा माटो लिई त्यस माटोलाई हातले थिची त्यसमा विभिन्न प्रकारले माटो थपेर वा थिचेर विभिन्न आकृतिमा परिवर्तन गरी देखाउनुहोस् । यहाँ केही उदाहरणहरू देखाइएको छ ।



**विभिन्न प्रकारका अमूर्त किसिमका माटाका आकृतिहरू**


- यसरी निर्माण गरिएका आकृतिहरू कुनै निश्चित आकारमा नभएर अनिश्चित आकृति अर्थात् अमूर्त आकार (Absract Form) मा हुन सक्दछन् । यस क्रियाकलापले विभिन्न माटोमा हात कसरी चलाउने तथा माटो कसरी र कति भागमा मिसाउने, थिच्ने वा हटाउने जस्ता क्रियाकलाप गर्न सक्ने हुन्छ ।
- विद्यार्थीहरूले निर्माण गरेका विभिन्न आकारहरूबारे छलफल तथा प्रदर्शन गर्ने व्यवस्था मिलाउनुहोस् । साथै उक्त माटोलाई पुन: प्रयोग पनि गराउनुहोस् ।

**क्रियाकलाप – ३**


- तयार माटोलाई विद्यार्थीहरूमा बराबर मात्रामा वितरण गर्नुहोस् ।
- माटोलाई गोलो, बाटुलो र लाम्चो आकार बनाएर देखाउनुहोस् । साथै विद्यार्थीहरूलाई पनि बनाउन लगाउनुहोस् ।
- यसरी बनाइसकेका गोलो, बाटुलो, लाम्चो आकारलाई एकअर्कोसँग जोड्न लगाउनुहोस् । यसरी ठूलो आकारमा सानो आकार तथा सानो आकारमा ठूलो आकार जोडन लगाउनुहोस् र यसरी विभिन्न आकारमा जोड्दा केकस्तो कठिनाइ आइपरे छलफल गर्नुहोस् ।
- विभिन्न आकारमा जोड्दा ठूलो आकारमा सानो आकार जोड्दा सजिलो हुन्छ भने सानो आकारमा

ठूलो आकार जोड्दा कठिन हुने वा जोड्न नसक्ने भएका आकृति बनाउन सकिँदैन । त्यसैले वस्तु बनाउँदा जहिले पनि ठूलो आकारमा सानोसानो आकार जोडी विभिन्न प्रकारका वस्तु वा आकृति बनाउन लगाउनुहोस् ।

- माटोमा माटो जोडदा अलिकता पानीको प्रयोग गरेमा सजिलो हुन्छ । तर धेरै पानीको प्रयोग गरेमा माटो गिलो भई कार्य गर्न कठिन हुन्छ ।



- विभिन्न प्रकारका आकारका वस्तुहरू बनाउन जानिसकेपछि स्वतन्त्र रूपले विभिन्न वस्तुहरू बनाउन लगाउनुहोस् । तल केही यस्ता प्रकारका उदाहरणहरू देखाइएको छ :



- बनाइसकेका माटाका वस्तुहरूलाई घाम नलाग्ने छाया भएको स्थानमा राखेर सुकाउनुहोस् । राम्ररी सुकिसकेका वस्तुहरूमा वास्तविक रङ वा उचित रङको प्रयोग गर्न लगाउनुहोस् ।

- माटोको वस्तुमा रङ लगाउँदा पहिले माटोमा प्राइमर वा गम वा मोबिकोलको राम्ररी एक कोट लगाइ राम्ररी सुकेपछि आफूले चाहेको रङ लगाउन लगाउनुहोस् । एउटा रङ पूर्णरूपले लगाइ सकेर सुकेपछि मात्र अर्को रङ लगाउन लगाउनुहोस् ।
- रङ पूर्ण रूपले सुकिसकेपछि त्यसमाथि वारनिस वा पातलो बनाएको मोबिकोल वा गमको अर्को तह लगाइ सुकिसकेपछि प्रदर्शन गर्ने व्यवस्था मिलाउनुहोस् ।
- यसरी माटोबाट वस्तु बनाउँदा बिग्रेको माटो वा वस्तुहरूलाई पुनः प्रयोग गर्न पनि सकिन्छ ।

## ५. मूल्याङ्कन विधि

- विद्यार्थीहरूले गरेका कार्यलाई अवलोकन गरी ठीक तरिकाले गरे नगरे मूल्याङ्कन गरी आवश्यकताअनुसार निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूलाई तिनीहरूको कार्यबारे प्रश्न उत्तर गरेर पनि मूल्याङ्कन गर्न सकिन्छ ।
- कुनै एक प्रकारको माटोबाट आकृति वा वस्तु बनाउन लगाएर पनि मूल्याङ्कन गर्न सकिन्छ ।

## ६. थप सुझाव

माटाको क्रियाकलाप गराउनुभन्दा पहिले नै माटोको तयारी गरिसक्नुपर्छ । क्रियाकलाप खुला वा फराकिलो स्थानमा गराउनु राम्रो हुन्छ । यस क्रियाकलापका लागि धेरै पानीको आवश्यकता पर्ने भएकाले पानी भएको स्थानमा गराउँदा राम्रो हुन्छ । माटोको कार्य गराउँदा लुगा फोहोर हुने भएकाले विशेष सावधानी अपनाई कार्य गराउनुहोस् ।

**पाठ ६** 

# कागजको काम

**घन्टी - चार**

## १. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- कागजसम्बधी कार्य गर्न ।
- कागजलाई वर्गाकारमा मिलाएर काट्न वा च्यात्न ।
- कागजबाट विभिन्न वस्तुहरूको नमुना बनाउन ।

## २. पाठ परिचय


कागजलाई आवश्यकताअनुरूप काटी मिलाएर पट्याई विभिन्न आकृति बनाउन सकिन्छ । यसरी कागजलाई आवश्यकताअनुरूप पट्याई बनाउने कलालाई ओरिगामी (Origami) भनिन्छ । ओरिगामी कला जापनिज परम्परागत कला हो । यसको विकास तथा विस्तार पनि जापानबाट नै भएको मानिन्छ । ओरिगामी शब्द जापानिज भाषाबाट आएको हो । ओरि (Ori) भन्नाले पट्याउनु (Gami) भन्नाले कागज (Paper) भन्ने बुझिन्छ । त्यसैले यसको शब्दबाट नै प्रष्ट हुन्छ कि यो कला पूर्ण रूपले कागजसम्बन्धी र कागजलाई विभिन्न रूपमा पट्याई बनाउने कला हो ।

## ३. शैक्षिक सामग्री


रङ्गीन प्रकारका कागज, पुराना पत्रपत्रिका, पुराना लेखिसकेका कापी, कैंची, पेन्सिल आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप


**क्रियाकलाप - १**




- ओरिगामी अर्थात् कागजसम्बन्धी कार्य गर्नका लागि कागजको व्यवस्था मिलाउनु हो । ओरिगामी कार्य प्राय: वर्गाकार (Square) कागजबाट गरिने भएकाले वर्गाकार कागज कसरी काट्न सकिन्छ त्यसबारे काटेर विद्यार्थीहरूमा प्रदर्शन गर्नुहोस् ।
- प्रत्येक विद्यार्थीलाई एकएकओटा कागजका पाना वितरण गर्नुहोस् ।
- एउटा नमिलेको कागज दिई चित्रमा देखाएजस्तै विस्तारै मिलाएर पट्याइसके पछि काट्नुहोस् ।
- यसरी कागजलाई पट्याउँदा कागजको एक छेउ 'क' लाई विस्तारै 'घ' र 'ग' को सतहसँग मिलाउनुहोस् ।
- यसरी मिलाउँदा 'क' रेखा 'ख' र 'ग' रेखासँग सामानन्तर हुनुपर्दछ ।





- अब चित्रमा देखाएजस्तै गरेर '**ख**' **र** '**ग**' लाई '**घ**' बाट विस्तारै पछाडितिर पट्याउनुहोस् ।





- पुन: यो भागलाई खोली कैँचीले वा हातले काट्नु वा च्यात्नुहोस् । अब '**क**' भाग एउटा मिलेको वर्गाकार कागजको रूपमा हुन्छ भने '**ख**' भाग एउटा आयतकार कागजको रूपमा हुन्छ । यसरी कुनै पनि आकारको कागजलाई वर्गाकार कागजमा मिलाएर काटी ओरिगामी कार्य गर्न सकिन्छ ।
- यसरी कागजलाई कैँची वा अन्य औजारको प्रयोग गर्दा विशेष सावधानी अपनाई कार्य गर्नुहोला । अन्यथा कुनै घटना घटन पनि सक्दछ ।
- यो क्रियाकलाप गरेर देखाइसकेपछि पुन: विद्यार्थीहरूलाई पनि गर्न लगाउनुहोस् ।
- यो क्रियाकलाप बारम्बार गर्न लगाउनुपर्छ ।
- मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला, कक्षा - २ पुस्तकको पाना नं. ६३ मा रहेको कागज काट्ने विधिको चित्रलाई एउटा ठूलो चार्ट पेपरमा बनाई चरणबद्ध रूपमा देखाई अभ्यास गराउनुहोस् ।


**क्रियाकलाप** – २




- मिलेको अर्थात वर्गाकार कागजको व्यवस्था गर्न लगाउनुहोस् ।
- एउटा वर्गाकार कागजको व्यवस्था गर्नुहोस् । चित्रमा देखाइएको जस्तो गरी वर्गाकार कागजलाई मिलाएर पट्याइ त्रिभुजाकार बनाउनुहोस् ।




- चित्रमा देखाइएको जस्तो थोप्लाथोप्ला रेखामा पट्याउनुहोस् ।



- अब बिस्तारै मध्य भागमा आधा हुनेगरी पट्याउनुहोस् ।




- यसरी पट्याउँदा यहाँ एउटा त्रिभुजाकारमा कागज बन्छ । जसको एक छेउमा दुईओटा चोसो चिस्किएको हुन्छ । ती दुई चोसोमध्ये एउटा चोसोलाई माथितिर फर्काउनुहोस् ।




- अब त्यो फर्काइएको भागको अर्को कुनामा माछाको आँखा र मुखजस्तै कोरी प्रदर्शन गर्नुहोस् । यो क्रियाकलाप पनि अन्य क्रियाकलापजस्तै गरी विद्यार्थीहरूलाई गराउनुहोस् ।

**क्रियाकलाप – ३**




- एउटा वर्गाकार कागज बनाउनुहोस् वा काट्नुहोस् ।
- वर्गाकार कागजलाई चित्रमा देखाएको जस्तो गरी घुमाएर राख्न लगाई थोप्लाथोप्ला देखाएको रेखामा पट्याउनुहोस् ।
- वर्गाकार कागजलाई चित्रमा देखाइएको जस्तो गरी त्रिभुजाकारमा पट्याउनुहोस् ।




- अब चित्रमा देखाइएको जस्तो त्रिभुजाकारका थोप्लाथोप्ला रेखा दिइएको स्थानमा कैंचीले काट्नुहोस् । काट्दा करिब आधा इन्ची जति मात्र काट्नुहोस् ।


- त्रिभुजाकार आकारको कागजलाई बिस्तारै आधा हुने गरी पट्याउनुहोस् ।



क




ख




- चित्र 'ख' मा देखाइएजस्तै गरी बिस्तारै पट्याई पुतली आकार बनाउनुहोस् ।
- चित्रमा देखाइएजस्तै अब एउटा पुतली आकार बन्दछ, यसरी नै विद्यार्थीहरूलाई बनाउन लगाउनुहोस् । यसरी बनाइएका पुतलीहरूमा रङको प्रयोग गर्न पनि सकिन्छ ।


**क्रियाकलाप – ४**




- मिलेको वर्गाकार कागजको व्यवस्था गर्न लगाउनुहोस् । चित्रमा देखाएजस्तै गरी कागजलाई पट्याई त्रिभुजाकार बनाउनुहोस् ।





- अब कागजको '**क**' छेउलाई '**ख**'  र '**ग**' को  मध्य भागमा पर्ने गरी र '**ख**' छेउलाई '**क**' र '**ग**' को मध्य भागमा पर्ने गरी बिस्तारै पट्याउनुहोस् ।



- अब तपाईंको कागज चित्रमा देखाइएजस्तै बन्ने छ ।




- चित्रमा देखाइएको थोप्लाथोप्ला लेखेको रेखामा बिस्तारै एउटा कागजको छेउलाई अगाडि र अर्को छेउलाई पछाडि पट्याउनुहोस् ।




- अब एउटा चुच्चे टोपीको आकार बन्छ । यसरी नै चुच्चे टोपी बनाउन लगाउनुहोस् । यो क्रियाकलापलाई बारम्बार बनाउन लगाउनुहोस् ।


**क्रियाकलाप – ५**




- कागजको व्यवस्था गरी वर्गाकारमा काट्नुहोस् । चित्रमा देखाइएजस्तै गरी कागजलाई पट्याउनुहोस् ।




- चित्रमा देखाइएजस्तै थोप्लाथोप्ला लेखेको रेखामा माथिल्लो र तल्लो भागलाई बिस्तारै पट्याउनुहोस् ।




- चित्रमा देखाइएको जस्तै गरी कागजलाई पट्याइसकेपछि कागजको माथिल्लो भागलाई बिस्तारै माथितिर तान्नुहोस् ।



- अब चित्रमा देखाएजस्तै गरी कागजलाई बिस्तारै पछाडितिर पट्याउनुहोस् ।
- अब चित्रमा देखाएजस्तै मध्य भागबाट पट्याउनुहोस् ।




- अब कागजको आगाडिको चुच्चो परेको भागलाई बिस्तारै अगाडितिर तानी चुच्चोको आकारजस्तै बनाउनुहोस् ।




- अब चराको टाउको जस्तो बन्ने छ । त्यसमा चराको आँखा कोर्नुहोस् । यसरी नै विद्यार्थीहरूलाई कागजको हाँस बनाउन अभ्यास गराउनुहोस् ।


**क्रियाकलाप – ५**




- एउटा मिलेको कागज लिनुहोस् । चित्रमा देखाइएजस्तै गरी कागजलाई पट्याउनुहोस् ।




- पुनः उक्त कागजलाई चित्रमा देखाएजस्तै गरी पट्याउनुहोस् । अब एउटा मिलेको सानो आकारको वर्गाकार कागजको रूपमा बन्दछ ।





- चित्रमा देखाइएको जस्तै गरी कागजलाई पट्याउनुहोस् ।



- पुनः उक्त कागजलाई चित्रमा देखाएजस्तै गरी पट्याउनुहोस् । अब एउटा त्रिभुज आकारको कागजको रूपमा बन्दछ ।
- चित्रमा देखाइएको जस्तै गरी कागजमा चिह्नलाई कैँचीले बिस्तारै काटनुहोस् र त्यस काजगलाई बिस्तारै खोल्नुहोस् । अब यहाँ एउटा तारा आकारमा कागज काटेको हुन्छ । यसलाई विभिन्न स्थानमा विभिन्न प्रकारले सजावटका लागि प्रयोग गर्न सकिन्छ । यस्तै किसिमबाट विभिन्न रङगीन कागजहरूलाई काटी सजाउन सकिन्छ ।









रङ्गीन कागजलाई काटिसकेपछि यस्तो तारा बन्छ ।


**क्रियाकलाप – ६**




- एउटा आयताकार वा लाम्चो आकारको कागज लिनुहोस् । बिस्तारै करिब आधा इन्च जतिमा कागजको छेउबाट पट्याउनुहोस् ।




- चित्रमा देखाएजस्तै गरी कागजलाई एक पटक भित्र र अर्को पटक बाहिर पट्याउनुहोस् ।



- अब कागजलाई पूरै पट्याइसकेपछि चित्रमा देखाइएजस्तै गरी कागजलाई थोप्ला थोप्ला देखाएको रेखाबाट भित्रतिर पट्याउनुहोस् ।




- अब कागज चित्रमा देखाइएजस्तो आकारको बन्दछ । त्यस कागजको भित्रपट्टिको भागलाई गम वा मोबिकोल वा स्टेपलले जोडन लगाउनुहोस् । त्यसपछि एउटा कागजको पङ्खा तयार हुन्छ । अब विद्यार्थीहरूलाई पनि बनाउन लगाउनुहोस् ।




यसरी कागजलाई जोडेपछि यस्तो कागजको पङ्खा तयार हुन्छ ।


**क्रियाकलाप – ७**




- एउटा मिलेको कागज लिनुहोस् । चित्रमा देखइाएजस्तै गरी कागजलाई छेउ छेउबाट पट्याउनुहोस् ।




- पुन: उक्त कागजलाई चित्रमा देखाएजस्तै गरी कागजको तल्लो भागलाई बिस्तारै माथितिर पट्याउनुहोस् ।




- अब उक्त कागजलाई चित्रमा देखाइएजस्तै गरी थोप्लाथोप्ला लेखिएको स्थानबाट कागजलाई तलतिर बिस्तारै पट्याउनुहोस् ।





- अब चित्रमा देखाएजस्तै गरी '**क**' कागजको आकार बन्दछ । त्यस '**क**' कागजलाई पूरै पल्टाएर '**ख**' जस्तै राख्नुहोस् । यसपछि '**ख**' कागजको माथिल्लो भागलाई बिस्तारै तलतिर पट्याउनुहोस् ।




- अब कागजलाई चित्रमा देखाइएजस्तै गरी पछाडितिर बिस्तारै पट्याउनुहोस् ।




- अब कागज चित्रमा देखाएजस्तो आकारको बन्दछ । उक्त कागजको माथिल्लोतिरको भागलाई बिस्तारै माथितिर तान्नुहोस् ।




- चित्रमा देखाएको कागजको माथिल्लो भागलाई केही सेमि जति कैँचीले काटनुहोस् । त्यस काटिएको कागजको भागलाई दायाँबायाँ गरी दोब्राउनुहोस् । अब यहाँ एउटा खरायो आकारको कागजको ओरिगामी तयार हुन्छ । त्यस ओरिगामीमा खरायोको जस्तै आँखा, नाक तथा अन्य अङ्ग पनि कोर्न सकिन्छ ।




**क्रियाकलाप – ८**




- एउटा मिलेको कागज लिनुहोस् । चित्रमा देखाइएजस्तै गरी कागगको छेउबाट भित्रतिर पट्याउनुहोस् ।




- अब कागज चित्रमा देखाएजस्तो आकारको बन्दछ । उक्त कागजलाई पुन: पट्याउनुहोस् ।




- अब चित्रमा देखाइएजस्तै गरी कागगको दुई छेउबाट भित्रतिर पट्याउनुहोस् ।




- अब कागज चित्रमा देखाइएजस्तो आकारको बन्दछ। उक्त कागजको माथिल्लो भागलाई चित्रमा देखाएजस्तै गरी बाहिरतिर पट्याउनुहोस् ।




- अब चित्रमा देखाएजस्तो आकारको बन्दछ । उक्त कागजको तलतिरको दुई पानाबाट एकमात्र पानालाई  भित्रतिर चित्रमा देखाएजस्तै गरी पट्याउनुहोस् ।




- अब चित्रमा देखाएजस्तो आकारको बन्दछ । उक्त कागजको तलतिरको दुइ पानाबाट एकमात्र पानालाई भित्रतिर चित्रमा देखाएजस्तै गरी पट्याउनुहोस् । त्यस पछि उक्त कागजमा कुकुरको जस्तै आँखा, मुख, नाक आदि पेन्सिलले बनाउन लगाउनुहोस् । यो क्रियाकलापलाई पुन: गर्न लगाउनुहोस् ।




**क्रियाकलाप – ९**




- एउटा मिलेको कागज लिनुहोस् । चित्रमा देखाएजस्तै गरी कागजलाई छेउ छेउबाट भित्रतिर पट्याउनुहोस् ।




- अब कागज चित्रमा देखाएजस्तो आकारको  बन्दछ । उक्त कागजको माथिल्लोतिरको भागलाई बिस्तारै माथितिर तान्नुहोस् ।




- अब उक्त कागजलाई चित्रमा देखाएजस्तै गरी पट्याई पुन: थोप्लाथोप्ला लेखिएको स्थानबाट कागजलाई भित्रतिर बिस्तारै पट्याउनुहोस् ।




- चित्रमा देखाएजस्तो आकार बनिसकेपछि उक्त कागजलाई चित्रमा देखाएको थोप्लाथोप्ला रेखाबाट बाहिरतिर कागजलाई तान्नुहोस् ।




- चित्रमा देखाइएजस्ता गरी कागजमा देखाएको थोप्लाथोप्ला रेखाबाट बिस्तारै पहिले भित्रतिर र त्यसपछि बाहिरतिर कागजलाई तान्नुहोस् ।



- अब कागजको अधिल्लोतिरको भागलाई भित्रतिर पट्याउनुहोस् ।



- अब कागजलाई चित्रमा देखाएजस्तै बिस्तारै भित्रतिर पट्याउनुहोस् ।



- चित्रमा देखाइएजस्ता आकार बनिसकेपछि त्यस कागजमा देखाएको थोप्लाथोप्ला रेखामा बिस्तारै कैँचीले काटी जनावरको आकारको बनाउनुहोस् ।



- चित्रमा देखाएजस्तो गरी कागजको जनावरको आकार बनिसकेपछि त्यसमा पाटेबाघको जस्तै गरी धर्सो कोर्नुहोस् । यस क्रियाकलापलाई बराम्बार अभ्यास गर्न लगाउनुहोस् ।




पाटेबाघको जस्तै गरी धर्सो कोरिएको चित्र

## ५. मूल्याङ्कन जस्तो

- विद्यार्थीहरूले गरेका कार्यलाई अवलोकन गरी ठीक तरिकाले कागज पट्याइरहेको छ वा छैन हेरी मूल्याङ्कन गरी आवश्यकताअनुसार निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूलाई स्वतन्त्र रूपले बनाउन लगाई मूल्याङ्कन कार्य गर्न सकिन्छ ।

## ६. थप सुझाव

- विद्यार्थीहरूले कागजलाई  पट्याई बनाएका विभिन्न वस्तुहरूका आकारबाट अन्य कस्ताकस्ता आकारहरू पनि बन्न सक्दछ, त्यस कुरामा विद्यार्थीहरूलाई प्रेरित गरी बनाउन लगाउनुहोस् ।
- ओरिगामी कार्यमा प्रयोग हुने विशेष किसिमका सङ्केतहरूलाई तल दिइएको छ । यी सङ्केतहरूलाई ध्यान दिई ओरिगामी कार्य गराउनुहोस् ।


 **कागजलाई काट (कैँची)**

 **कागजलाई तान**

 **कागजलाई एक चोटी पट्याएर बिस्तारै खोल**

 **कागजलाई भित्रपट्टि पट्याई खोल**

 **भित्रपट्टि पट्याऊ**

 **कागजलाई पछाडिबाट पट्याई खोल**

 **कागजलाई पछाडितिर पल्टाऊ**

# एकाइ -२ : सङ्गी त

## स्वरलिपिबारे केही जानकारी

सङ्गीत र स्वरलिपिको आत्मीय सम्बन्ध छ । स्वरलिपिविना सङ्गीत सार्थक हुँदैन । स्वरलिपि भन्नाले स्वरको लिपि भन्ने सीधा अर्थ लाग्छ, तर खास अर्थमा जब कुनै पनि कविता अथवा गीतको शब्द अथवा धुनलाई स्वर र तालमा बाँधेर लेखिन्छ, त्यसलाई नै स्वरलिपि भनिन्छ । त्यसैले कुनै पनि सङ्गीतबारे तथा स्वर अभ्यास गर्न स्वरलिपि जान्नु अति आवश्यक छ । स्वरलिपि लेख्दा विभिन्न चिह्नहरू प्रयोग गरिन्छन् । राष्ट्रिय गान र कक्षागत गीतको स्वरलिपिका लागि तल लेखिएअनुसारका चिह्नहरू प्रयोग गरिएका छन् :

(१) **सा** = यो गीत र वाद्यमा प्रयोग हुने मुख्य स्वर हो । यही स्वरका आधारमा गीत गाइन्छ र बजाइन्छ ।

(२) **o** = यो खाली देखाउँदा प्रयोग गरिने चिह्न हो ।

(३) **–** = यो स्वर तान्नु पर्दा वा लम्ब्याउन प्रयोग गरिने चिह्न हो ।

(४) **S** = यो शब्दको उच्चारण बढाउँदा प्रयोग गरिने चिह्न हो ।

(५) **◡** = यस्तो चिह्नभित्र जतिओटा स्वर अक्षर पर्छन्, ती सबैलाई एकै मात्रा (गन्ती) मा गाउनु वा बजाउनुपर्छ ।

(६) **प-ध** = यस्तोमा अघिल्लो "**प**" स्वरलाई डेढ मात्रा र "**ध**" लाई आधा मात्राका हिसाबले गाउनु वा बजाउनुपर्छ ।

(७) **सा--सा** = यस्तोमा एक मात्राभित्रमा पहिलो "**सा**" लाई तीन चौथाइ र अर्को "**सा**" लाई एक चौथाइका मात्राको हिसाबले गाउनु वा बजाउनुपर्छ ।

(८) **ध प म** = यस्तो चिह्नमा एक मात्रामा तीन स्वर बराबरी गरी लिनुपर्छ ।

(९) **सा,ग,म,रे** = यस्ता प्रकारको स्वरहरू जसमा कुनै पनि चिह्नको प्रयोग गरिएको हुँदैन, यस्ता स्वरहरूलाई शुद्ध स्वर भनिन्छ ।

(१०) **प़** = यसलाई मन्द्र सप्तकको "**प**" स्वर भनी बुझ्नुपर्छ ।

(११) **म॑** = यसलाई तीव्र "**म**" अर्थात् आधा स्वर चढेको स्वर भनी बुझ्नुपर्छ ।

(१२) **रें** = यसलाई तार सप्तकको "**रे**" स्वर भनी बुझ्नुपर्छ । यदि "**रे**" को मुनि धर्सा भए कोमल स्वर भनी बुझ्नुपर्छ ।


(१३) **<u>ग</u>** = यस प्रकारको स्वरको मुनि धर्सा लेखिएमा कोमल स्वर अर्थात् आधा स्वर ओर्लेको भनी बुझ्नुपर्छ ।

(१४) ४/४ = यो अङ्ग्रेजी पद्धतिको तालको सङ्केत हो । यसले चार वा आठमात्रा (गन्ती) को बोल भएको ताल बुझाउँछ, जस्तै : कहरवा तालमा ८ मात्राको बोल भए तापनि ठीक गतिले गन्दा ४ मात्रामा गनिन्छ र बोलचाहिँ दुईगुणा छिटो बजाइन्छ ।

(१५) $\frac{६}{८}$ = यो पनि अङ्ग्रेजी पद्धतिकै ताल सङ्केत हो, जसले छ मात्राको बोल भएको ताल बुझाउँछ, जस्तै : झ्याउरे ताल, तर यसको गन्ती भने २ हुन्छ किनभने तीनतीन मात्रालाई ◡ यस्तो चिह्नले एकएक मात्रामा छुट्याइएको हुन्छ ।

(१६) 𝄋 = यसलाई चिह्न जाने पनि भन्छन्, अर्थात् यस्तो चिह्न भएको ठाउँबाट फेरि सुरु गरी अरू अन्तरा गाउने भनी बुझ्नुपर्छ ।

# हार्मोनियम पर्दाको नाम र स्थान
## (Keyboard of Harmonium)




# (Sharp) = Half note higher note

b (Flat) = Half note lower note

♮ (Natural) Low octave = मन्द्र सप्तक

Medium octave = मध्य सप्तक

High octave = तार सप्तक

तीव्र = आधा स्वर चढेको स्वर (मं = तीव्र = )


कोमल = आधा स्वर ओर्लेको स्वर (ग = कोमल ग)

= स्वर स्थान – सा़ रे़ ग़ म़ प़ ध़ नि़

= स्वर स्थान – सा रे ग म प ध नि


= स्वर स्थान – सां रें गं मं पं धं निं

मादल



दाहिने अर्थात् सानो भाग (भाले)

दाहिनेपट्टिबाट निस्कने बोलहरू; ती, तांङ्, ना, पाक



देब्रे अर्थात् ठूलो भाग (पोथी)

देब्रेपट्टिबाट निस्केने बोलहरू; क, धीं, धीं

**पाठ १**

# तालमा ताली बजाऔं

**घन्टी - चार**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- गन्ती गर्दै ताली बजाउन ।
- गन्ती गर्दै खाली देखाउन ।
- गेयात्मक र लयात्मक तरिकाले शिक्षण कार्य गर्न ।
- स्थानीय साधारण गीतहरूमा ताली बजाउन ।

२. **परिचय**

यस पाठमा विद्यार्थीहरूलाई ताली र खालीबारे साधारण जानकारी दिइएको छ । दुई हातका हत्केलालाई आवाज आउने गरी जोड्नु वा पिट्नुलाई ताली भन्दछन् र सो जोडिराखेको हत्केलालाई उचालेर फाल्नुलाई खाली भन्दछन् । यसलाई अभ्यास गराउँदा विद्यार्थीहरूले ताली र खालीबारे थाहा पाउने छन् ।

३. **शैक्षिक सामग्री**

मादल, तबला, खैजडी, ढोलक, चाँप, काठका टुक्राहरू ढुङ्गाका टुक्राहरू, घन्टी, टेबल आदि । पुनश्च: यी सामग्रीहरू उपलब्ध नभएमा हातले ताली पिटेर शिक्षण गर्न सकिन्छ ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

**क्रियाकलाप - १**

- ताली र खाली गराउनुभन्दा पहिले सबै विद्यार्थीहरूलाई उभिन लगाउनुहोस् ।
- शिक्षकले सुरुमा दुई चार पटक १ देखि ४ सम्म गन्दै ताली बजाउनुहोस् ।
- विद्यार्थीहरूलाई आफूसँग १ देखि ४ सम्म गन्ती गर्न लगाई आफैले ताली बजाएर देखाउनुहोस् ।
- विद्यार्थीहरूलाई १ देखि ४ सम्म गन्ती गराउँदै ताली बजाउन लगाउनुहोस् ।
- केहीबेरसम्म यो क्रम जारी राख्नुहोस् ।
- सामुहिक रूपले गन्तीमा मिलाएर ताली बजाउन सक्ने भएपछि एकएक जनालाई पालैपालो सोही क्रिया गर्न लगाउनुहोस् ।

- ताली बजाउने अभ्यास गराइसकेपछि सुरुमा आफैंले ५ देखि ८ सम्म गन्ती गर्दै पाँच बोल्दा हात फालेर खाली देखाउनुहोस् । ६, ७ र ८ मा काहिली औँलादेखि गन्ती गर्न लगाउनुहोस् । पुनः १ मा ताली बजाउन लगाइ बराम्बार अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूलाई १ देखि ८ सम्म गन्ती गर्न लगाउनुहोस् । सुरुमा आफैंले १ मा ताली र ५ मा खाली गरेर देखाउनुहोस् ।



ताली



खाली

- दुई चार पटक गरिसकेपछि विद्यार्थीहरूलाई सुरुमा समूहमा गर्न लगाउनुहोस् र पछि एक्लाएक्लै पनि लगाउनुहोस् ।
- विद्यार्थीहरूमध्ये गाउन बजाउन जान्ने भए गाउन र बजाउन लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- यो विषय प्रयोगात्मक भएको हुनाले विद्यार्थीहरूलाई गन्ती गर्दै ताली बजाउन लगाएर
- एक समूहलाई गन्ती गर्न लगाउने र अर्को समूहलाई ताली बजाउन लगाएर
- स्थानीय गीतहरू गाउँदै विद्यार्थीहरूलाई ताली बजाउन लगाएर

## ६. थप सुझाव

- कक्षामा भएका विद्यार्थीहरूमध्ये गीत गाउन जान्ने विद्यार्थी भएमा उनीहरूलाई गाउन लगाउने र त्यसमा ताली बजाएर देखाउने र विद्यार्थीहरूलाई पनि ताली बजाउन लगाउने ।
- ताली र खालीको साङकेतिक चिह्नलाई निम्न प्रकारले जनाउँदछ ।

ताली - X

१ २ १

खाली - O

एउटै शब्द जनाउन - ‿ जस्तै : धि s = धि‿s

**पाठ २**

# मादल

**घन्टी - चार**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- गन्ती गर्दै ताली बजाउन ।
- मादलमा बजाइने तालहरूमा ताली बजाउन ।
- साधारण लोक गीतहरूमा ताली बजाउन ।
- सङ्केतअनुसार मादलको तालमा ताली खाली देखाउन ।
- मादलमा बजाइने बोलहरूलाई साधारण रूपले बजाउन ।

२. **पाठ परिचय**

यस पाठमा नेपाली लोक गीतमा अत्यधिक प्रयोग हुने लोक बाजा मादल र यसमा बजाइने तालबारे साधारण जानकारी गराइएको छ । मादलमा बजाइने बोलमा कसरी ताली बजाउने भन्ने बारे विद्यार्थीहरूलाई जानकारी गराइएको छ । यसको अभ्यासले विद्यार्थीहरूले साधारण स्थानीय गीतहरूमा ताली बजाउन सक्ने छन् ।

३. **शैक्षिक सामग्री**

मादल, ढोलक, तबला, खैजडी, चाँप आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

**क्रियाकलाप - १**

- (क) मा लेखिएका मादलका बोलहरूलाई पहिला शिक्षकले ताली पिट्दै मिलाएर भन्ने र विद्यार्थीहरूलाई सुन्न मात्र लगाउनुहोस् ।
- यो आठ मात्राको कहरवा वा ख्याली ताल हो । यसलाई १ देखि ८ सम्मको गन्तीमा मिलाएर बोल्न सकिन्छ ।

| जस्तै : | १ | २ | ३ | ४ | \| | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| | धि | ऽ | न | ती | \| | न | क | धि | ना |
| | X | | | | \| | O | | | |

- एक मात्रामा दुईओटा बोल्नु दुगुन हो । यसरी बोल्दा माथिका बोल चार गन्तीमा सकिन्छ ।

जस्तै :

| | | | | |
|---|---|---|---|---|
| १ | २ | | ३ | ४ |
| धिS | नती | । | नक | धिना |
| X | | | O | |

- चार मात्रालाई एक गन्तीमा बोलेमा दुई गन्तीमा माथिको बोललाई बोल्न सकिन्छ ।

जस्तै : धि S नती । नकधिना । यसलाई चौगुन भनिन्छ ।

- माथिका क्रियाकलापलाई पहिला शिक्षकले गरेर देखाउनुहोस्, त्यसपछि विद्यार्थीहरूलाई समूहसमूहमा तथा एक्लाएक्लै पनि गराउन लगाउनुहोस् ।
- (ख) मा लेखिएका बोल खेमटा वा झ्याउरे तालको बोल हुन् । यो ६ मात्राको हुन्छ ।

जस्तै :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | \| | ४ | ५ | ६ |
| धि | S | ती | \| | ना | धि | ना |
| X | | | \| | O | | |

- तर झ्याउरे तालको बोललाई तीन मात्रा बराबर एक गन्ती गर्दा यो दुई मात्रा हुन्छ ।

जस्तै :

| | | |
|---|---|---|
| १ | \| | २ |
| घि S ती | \| | नाघिना |

यो तालमा ताली बजाउँदा प्राय: यस्तै किसिमले गर्ने गरिन्छ ।

- यो क्रियाकलापलाई पनि माथिजस्तै पहिला शिक्षकले गरेर देखाई त्यसपछि समूहसमूहमा र एकएकजना गरी विद्यार्थीहरूलाई गर्न लगाउनुहोस् ।
- माथिका ताल मादलमा बजाउन सिकाउनका लागि शिक्षकले नै पहिला मादल बजाउन जान्नु पर्दछ । त्यसो भएमा मात्र मादल बजाउन सिकाउन सकिन्छ । यदि शिक्षक आफैँले बजाउन नसके कुनै जान्ने विद्यार्थी वा अन्य व्यक्तिबाट पनि गराउन सकिने छ ।

## ५. मूल्याङ्कन विधि

- यो विषय प्रयोगात्मक भएकाले विद्यार्थीहरूलाई गन्ती गर्दै ताली बजाउन लगाउनुहोस् ।
- तालीसँग मिल्ने किसिमले कुनै पनि गीत आफैं गाउनुहोस् वा विद्यार्थीलाई गाउन लगाउनुहोस् ।
- कक्षामा मादल बजाउन जान्ने विद्यार्थी भएमा उनलाई मादल बजाउन लगाउनुहोस् साथै अरू विद्यार्थीहरूलाई त्यसमा मिल्ने गरी ताली बजाउन लगाई वा गीत गाउन जान्ने छन् भने गीत गाउन लगाउनुहोस् ।
- कक्षामा नाच्न जान्ने विद्यार्थी छन् भने कुनै गीतमा ताली बजाउँदै नाच्न लगाउनुहोस् ।

## ६. थप सुझाव

- ससाना विद्यार्थीहरू स्वभावैले रम्न चाहन्छन् । यसलाई आत्मसात् गरी विद्यार्थीहरूलाई सकेसम्म सक्रिय बनाइराख्नुपर्छ । ताली बजाउँदा सबैको एउटै आवाज र समय मिलेको हुनुपर्छ ।
- प्राथमिक तहका सबै कक्षाका कक्षागत गीतहरू कहरवा (ख्याली) र दादरा (झ्याउरे) तालहरूमा आधारित भएको हुनाले माथिका तालहरू राम्रोसँग अभ्यास गरेमा कक्षागत गीत गाउन सघाउ पुग्दछ ।

**पाठ ३**

# कक्षागत गीत

**घन्टी – दुई**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- योे कक्षागत गीत झ्याउरे ६/८ तालको भएको हुँदा विद्यार्थीहरूले झ्याउरे तालमा ताली बजाउन ।
- गेयात्मक तथा लयात्मक तरिकाले रमाइलोसँग गीत गाउन ।
- गीतको माध्यमबाट शब्द र भाषाको ज्ञान दिन ।

२. **पाठ परिचय**

सानासाना नानीहरूलाई गीतको माध्यमबाट राष्ट्रिय भावना जगाउने उद्देश्यले कक्षागत गीतहरू बनाइएको हो । राष्ट्र र राष्ट्रियताप्रति आस्थावान नागरिक तयार गरी राष्ट्रिय उद्देश्य परिपूर्ति गर्न यी कक्षागत गीतहरूले महत्त्वपूर्ण सघाउ पु¥याउँछन् । कक्षा २ का विद्यार्थीले गाउनु पर्ने कक्षागत गीतमा 'आजका हामी साना कोपिला भोली देशका वीर सपूत बन्नुपर्छ' भन्ने महत्त्वपूर्ण सन्देश दिएको छ ।

३. **शैक्षिक सामग्री**

हार्मोनियम, तबला, मादल, ढोलक, चाँप, खैजडी, घन्टी, काठका टुक्रा, टेबुल आदि ।

नोट: यी कुनै पनि सामग्री उपलब्ध नभएमा तालीमात्र पिटेर पनि सिकाउन सकिन्छ ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

**क्रियाकलाप – १**

- कक्षा २ को कक्षागत गीत सिकाउनुभन्दा पहिले सबै विद्यार्थीहरूलाई उभिन लगाउनुहोस् ।
- कक्षा २ को कक्षागत गीतको सा हार्मोनियमको मध्य सप्तकको दोस्रो कालो पर्दा अर्थात Eb लाई आधार स्वर ( Key Note) मानिएको छ । Eb स्वरलाई हार्मोनियममा बजाएर सबै विद्यार्थीहरूलाई **सा** स्वर केही बेरसम्म गाउन लगाउनुहोस् । यदि हार्मोनियम नभएमा कुनै पनि एक स्वरलाई '**सा**' मानेर गाउन लगाउनुहोस् ।
- कक्षागत गीत गाउनुभन्दा अगाडि सबै विद्यार्थीहरूलाई उभिन लगाउनुहोस् । शिक्षक आफैँले कक्षागत गीतमा बज्ने (खेम्टा ६/८) झ्याउरे तालालाई दुईचार पटक ताली बजाएर देखाउनुहोस्, पछि विद्यार्थीहरूलाई पनि सँगै ताली बजाउन लगाउनुहोस् ।
- कक्षागत गीतको पहिलो हरफको स्वरलिपिलाई कालोपाटीमा लेखेर देखाइदिएपछि शिक्षकले उक्त स्वरलिपिलाई गाएर सुनाइसकेपछि विद्यार्थीहरूलाई गाउन लगाउनुहोस् ।

जस्तै ग - प  सां - - । नि - - ध - - । प - - ध- प । ग - - - - - ।

यदि एक हरफ विद्यार्थीले गाउन नसकेमा आधा हरफ मात्र गाउन लगाउनुहोस् ।

जस्तै : ग- प सा- - । नि - - ध - - ।

- स्वरलिपि गाइसकेपछि त्यसका मुनी लेखिएका शब्दहरूलाई पनि सोही स्वरमा मिलाएर आफैँले दुईचार पटक गाएर सुनाउनुहोस् र विद्यार्थीहरूलाई गाउन पनि लगाउनुहोस् ।

  जस्तैः लऽऽ लऽऽ । लऽऽ लऽऽ । लऽऽ लऽऽ । लऽऽ ऽऽऽ ।

- यस प्रकारले पहिला गीतको स्थायीलाई एकएक हरफ वा आधाआधा हरफ गर्दै गाउन सिकाउनुहोस् ।
- स्थायी पूरा गाउन सक्ने भएपछि अन्तरा पनि पहिलेजस्तै गरी सिकाउनुहोस् ।
- पूरा गीत सिकाइसकेपछि सुरुमा सबैले एकै पटक सुरुदेखि अन्तसम्म दुईचार पटक गाउन लगाउनुहोस् ।
- समूहमा गाउन सक्ने भएपछि समयअनुकूल भएसम्म एकएक जनालाई गाउन लगाउनुहोस् । यसो गर्दा सबैलाई ताली पिट्न लगाउनुहोस् । सम्भव भए विद्यार्थीहरूमध्येबाट वा शिक्षकले मादल बजाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- खेमटा वा झ्याउरे तालमा ताली पिट्न लगाएर
- कक्षागत गीत सामूहिक र एकएक जनालाई गाउन लगाएर
- झ्याउरे तालमा भएका स्थानीय वा प्रचलित गीतहरू गाउन लगाएर

## ६ थप सुझाव

यदि वाद्य सामग्री नभएमा ताली मात्र बजाएर पनि सिकाउन सकिन्छ ।

- कक्षागत गीत सिकाउनुभन्दा अगाडि शिक्षकले राम्ररी क्यासेट सुनेर, गीत गाउन सक्ने हुनुपर्दछ ।
- शिक्षकले स्वरलिपिको आधारमा कक्षागत गीत सिकाउनका लागि केही समय सङ्गीतको आधारभूत तालीम लिनु अनिवार्य हुन्छ । अन्यथा यो कार्य सम्भव हुँदैन ।

पाठ ४

# स्वर अलङ्कार अभ्यास

**घन्टी – दुई**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छ :

- स्वरबारे साधारण जानकारी पाउन ।
- सारेगमलाई लयबद्ध गरी गाउन ।
- अलङ्कारबारे जानकारी पाउन ।
- हार्मोनियममा सारेगमबारे थाहा पाउन ।
- आरोह अवरोहवारे जानकारी पाउन ।
- साधारण (Natural ) **सा** कुन हो भन्नेबारे जान्न ।

२. **पाठ परिचय**


यस पाठमा स्वर अभ्यास गराइएको छ । यसलाई सङ्गीतमा अलङ्कार अभ्यास भन्दछ । औपचारिक सङ्गीत शिक्षा प्रदान गर्न सर्वप्रथम सरगमबाट स्वर अभ्यास गराइन्छ । यसको निरन्तर अभ्यासबाट स्वर ज्ञानमा वृद्धि हुन्छ र ताल ज्ञान पनि बढ्दै जान्छ ।

३. **शिक्षण सामग्री**

हार्मोनियम, मादल, डम्फु, खैजडी आदि ।
पुनश्च: अलङ्कार साधना  गराउनलाई हार्मोनियम अत्यन्त आवश्यक पर्दछ । यदि नभएमा कुनै स्वरलाई सा मानेर विद्यार्थीहरूलाई अभ्यास गराउन सकिन्छ ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- हार्मोनियमको मध्य सप्तकको **सा** अर्थात् दुईओटा कालो पर्दाको अगाडि पट्टि मुन्तिरको स्वरलाई '**सा**' मानेर सिकाउनुहोस् । उक्त वरलाई साधारण (Natural ) '**सा**' भनिन्छ ।
- यदि विद्यार्थीहरूलाई उक्त वर **सा** मानेर गाउन कठिन भएमा विद्यार्थीहरूलाई सजिलो हुने जुनै पनि स्वरलाई **सा** मानेर गाउन लगाउन सकिन्छ ।



- **सा** स्वर निश्चित भएपछि लयबद्ध गरि शिक्षकले नै सुरुमा यस पाठको (क) मा लेखिएजस्तै : आरोह र अवरोह गरेर सुनाउने, जस्तै : आरोह- सा रे ग म प ध नि सां ।

  अवरोह- सां नि ध प म ग रे सा ।
- यसरी सारेगम गाउँदा सँगसँगै विद्यार्थीहरूलाई ताली बजाउन लगाउनुहोस् ।
- एक दुई पटक शिक्षक आफैँले गाएर सुनाइसकेपछि विद्यार्थीहरूलाई गाउन लगाउनुहोस् ।
- सुरुमा यो क्रिया सामूहिक रूपमा केहीवेर गराउन लगाई त्यसपछि एकएक जनालाई गराउन लगाउनुहोस् ।
- माथिका स्वर सबै विद्यार्थीहरूले गाउन सक्ने भएपछि पाठ ५ को (ख) मा लेखिएको अलङ्कार माथिजस्तै : पहिलो शिक्षकले गाएर सुनाउने । यसमा एक पटक ताली बजाउँदा दुईओटा स्वरहरूलाई गाउनुपर्दछ । यसलाई दुगुन भन्दछन् ।
- एक दुई पटक शिक्षकले गाएर देखाइसकेपछि विद्यार्थीहरूलाई सँगै गाउन लगाइ केही वेर सामूहिक रूपमा अभ्यास गराइसकेपछि एकएक जनालाई गाउन लगाउनुहोस् ।
- यी माथिका सबै क्रिया गर्दा विद्यार्थीहरूलाई ताली बजाउन लगाउन राम्रो हुन्छ । यसले गर्दा उनीहरूमा तालको ज्ञान बढ्दै जान्छ ।
- दुईओटा पाठको अभ्यास गराइसकेपछि एकपटक (क) र अर्को पटक (ख) को अलङ्कार आलोपालो गरी अभ्यास गराउन लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- हार्मोनियममा सारेगम बजाएर त्यसअनुसार गाउन लगाएर ।
- समान दुगुनमा गाउन लगाएर । (एकपटक ताली बजाउँदा एक स्वर गाउनु समान र एक पटक ताली बजाउँदा दुई स्वर गाउनु दुगुन हो ।)
- आरोह अवरोह गर्न लगाएर ।
- यदी कोही विद्यार्थीले गर्न सक्छन् भने एकपटक ताली बजाउँदा चारचारओटा स्वर गाउन लगाएर ।
- हार्मोनियममा सारेगम बजाउन लगाएर ।
- हार्मोनियममा साधारण **सा** चिन्न लगाएर ।

## ६. थप सुझाव

- कुनै व्यक्ति सङ्गीतमा स्वर अभ्यास गरी कुशल र दक्ष कलाकार बन्नका लागि सर्वप्रथम सिक्नुपर्ने आधारभूत स्वर समूहलाई नै अलङ्कार भनिनछ । यस विषयको अभ्यास गराउनको लागि शिक्षकहरूलाई सङ्गीतसम्बन्धी तालीम दिलाउनु अत्यावश्यक हुन्छ ।

**पाठ ५**

# बालगीत (सियोखोइ सियो)

**घन्टी – दुई**

**सियो खोइ सियो ऐले यहीँ थियो**
**ऐले पायोकाँ काँ खोजे तीखा आँखा**
**सानु सानु सियो काम ठूलो थियो**
**कता परि दियो सियो खोइ सियो**
**हराएको सियो लुकी गर्छ चियो**
**हेर हेर आँखा हेरे कोहो काँ** का
आँखा यता नजा लुक्नु कति मजा
पैले त्यसै फाल्यौ ऐले भन्न थाल्यौ

२. **उद्देश्य**

- बालगीतहरूलाई ख्याली वा कहरवा अर्थात् (८ वा ४ मात्रा) मा मिलाएर गाउन ।
- गेयात्मक र लयात्मक तरिकाले रमाइलो वातावरणमा गीत गाउन र खेल खेलाउँदै शिक्षण कार्य गर्न ।
- गीतको माध्यमबाट शब्द, भाषा र वस्तुको ज्ञान र महत्त्व थाहा पाउन ।

१. **पाठ परिचय**

सानासाना नानीहरूका लागि बढी प्रभावकारी हुने, पठनपाठनमा रमाइलो र स्फुर्ती ल्याउने भएले हरेक कक्षामा बालगीत राखिएका छन् । सियोखोइ सियो बालगीत धेरै पुरानो बालगीतहरूबाट लिइएको हो । यस बालगीतको माध्यमबाट विद्यार्थीहरूमा शब्द, भाषाको ज्ञानका साथै सिर्जनशील बनाउन मद्दत गर्दछ ।

३. **शैक्षिक सामग्री**

मादल, डम्फु, ढोलक, हार्मोनियम, चाप, खैजडी, स्थानीय बाजाहरू आदि ।

नोट : वाद्यसामाग्री नभएमा ताली बजाएर पनि यस्ता क्रिलयाकलापलाई गर्न सकिन्छ ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- बालगीत गाउनुभन्दा अगाडि सबै विद्यार्थीहरूलाई उभिन लगाउनुहोस् ।
- शिक्षकले यस पाठमा रहेको बालगीतलाई कालोपाटी वा सेतो कागजमा खण्ड मिलाई लेखेर देखाउनुहोस् ।
- शिक्षक आफैँले ४ वा ८ गन्ती जस्तै : १ २ ३ ४ वा १ २ ३ ४ । ५ ६ ७ ८ । गर्दै ख्याली अर्थात् कहर वा तालमा केही वेर ताली बजाइ देखाउनुहोस् । विद्यार्थीहरूलाई सुन्न र हेर्न मात्र लगाउनुहोस् ।
- त्यसपछि आफूसँगै विद्यार्थीहरूलाई पनि ताली बजाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूले बजाइराखेको तालीमा मिल्ने गरी शिक्षकले कुनै पनि आफूलाई आउने सजिलो

गीतको धुनमा बालगीतलाई दुई/चार पटक गाएर सुनाउनुहोस् । विद्यार्थीहरूलाई सुन्न मात्र लगाउनुहोस् ।

- त्यसपछि शिक्षकले बालगीतको एक हरफ आफूले गाउनुहोस् र विद्यार्थीलाई सो हरफ गाउन लगाउनुहोस् । विद्यार्थीले गाउन नसकुन्जेल यो क्रिया गराइरहनुहोस् ।
- उक्त हरफ गाउन सक्ने भएपछि क्रमैसँग अरू हरफ पनि माथिजस्तै एकपटक शिक्षकले गाएर सुनाउने र अर्को पटक विद्यार्थीहरूलाई अभ्यास गराउनुहोस् ।
- यसरी सबै गीतको अभ्यास गरिसकेपछि आफूसँगै विद्यार्थीहरूलाई पूरै गीत गाउन लगाउनुहोस् ।
- सँगसँगै अभ्यास गरिसकेपछि विद्यार्थीहरूलाई मात्र समूहसमूहमा र एकएक जनालाई पनि गाउन लगाउनुहोस् । कहीँकहीँ बिग्रेमा शिक्षकले पुन: गाएर सुनाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- समान लयमा ताली पिट्न लगाएर ।
- एकदेखि चार वा आठ सम्म गन्दै ताली बजाउन लगाएर ।
- बालगीतलाई सामूहिक र एकल गाउन लगाएर ।
- स्थानीय गीतहरू तालमा गाउन लगाएर ।
- बालगीत र स्थानीय गीतमा ताली बजाउन लगाएर ।

## ६. थप सुझाव

वाद्य सामाग्री उपलब्ध नभएमा विनाबाजा ताली बजाएर वा स्थानीय उपलब्ध वस्तुको प्रयोग गरेर गाउन सिकाउन सकिन्छ ।

**पाठ ६** **बुबु माम**

घन्टी - दुई

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- गेयात्मक र लयात्मक तरिकाबाट यस बाल गीतमा रहेका शब्द र त्यसका अर्थबारे जानकारी गराउन ।
- बालगीत गाउँदा सँगसँगै ताली बजाउन ।
- विद्यार्थीहरूलाई आउने स्थानीय गीत अथवा रेडियोबाट बज्ने सजिला गीतहरू गाउन र त्यसमा ताली बजाउन ।
- बालगीतलाई अन्य धुनमा गाउन ।

**बाले बाछी फुनु भो अनि बुबु दुहुनु भो**
**बुबु माम खाउँ ला अनि तेते लाउँ ला**
**काइँ कोरी गरेर मोटरमा चढेर**
**मामा घर जानेछौँ चिची पापा खानेछौँ**
**मामालाई भनेर माइजूलाई भनेर**
**नाना चाचा लाउँ ला अनि घर लाउँ ला**

२. **पाठ परिचय**

यस पाठमा नानीहरूका लागि रमाइलो हुने विषयवस्तु भएको हुनाले यस्तो शिक्षण क्रियाकलाप विद्यार्थीहरूका लागि बढी प्रभावकारी हुन्छ । यस पाठमा दैनिक व्यवहारमा आउने क्रियाहरूलाई गीतको माध्यमबाट बाल मस्तिष्कमा घुसाउने प्रयास गरिएको छ ।

३. **शिक्षण सामग्री**

मादल, ढोलक, तबला, डम्फु, हार्मोनियम, काठका टुक्रा आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- बालगीत गाउनभन्दा अगाडि सबै विद्यार्थीहरूलाई उभिन लगाउनुहोस् ।
- यस पाठमा रहेको बालगीत कालोपाटीमा खण्डखण्ड वा मात्रामात्रा मिलाएर लेखिदिने ।
- शिक्षक आफैँले चारसम्मको गन्तीमा ताली बजाउँदै विद्यार्थीहरूलाई पनि सोहीअनुसार गर्न लगाउनुहोस् ।
- त्यसपछि शिक्षकले आफूलाई आउने स्थानीय गीत अथवा कुनै पनि धुनमा बालगीत दुईचार पटक गाएर विद्यार्थीहरूलाई सुन्न लगाउनुहोस् ।

- त्यसपछि पुन : एकएक हरफ शिक्षकले गाउने र विद्यार्थीहरूलाई सो हरफ गाउन लगाउनुहोस् । जस्तै : बाले बाछी फुनु भो । अनि बुबु दुहुनु भो ।

  पहिलो हरफ गाउन सक्ने भएपछि दोस्रो हरफ गाएर सुनाउनुहोस् र विद्यार्थीहरूलाई सोहीअनुसार गाउन लगाउनुहोस् ।
- यस्तै प्रकारले पूरा बालगीत सिकाउनुहोस् ।
- पूरा बालगीत अभ्यास गरिसकेपछि समूहसमूह र एकलएकल गरी गाउन लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- विद्यार्थीहरूलाई ताली सँगै बालगीत गाउन लगाएर मूल्याङ्कन गर्न सकिन्छ ।

## ६. थप सुझाव

बालगीत गाउँदा आफूलाई आउने ख्याली ताल अथवा ४ वा ८ मात्रामा मिल्ने जुनसुकै गीत वा धुनमा गाउन सकिन्छ । हार्मोनियम बजाउन सकिन्छ भने बजाएर गाउने र नभए त्यतिकै ताली बजाएर गाउन सकिन्छ ।

**पाठ ७** 

# सात वार सात दिन

**घन्टी – दुई**

## १. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- गेयात्मक र लयात्मक तरिकाबाट बालगीत गाउन ।
- बालगीतमा भएका शब्द र यसको भाव थाहा पाउन ।
- बालगीत गाउँदा सँगसँगै ताली बजाउन ।
- यस्तै खालका स्थानीय गीत वा अन्य गीतहरू गाउन ।
- यस बालगीतलाई आफूलाई आउने अन्य धुनमा गाउन ।

## २. पाठ परिचय

गेयात्मक र लयात्मक तरिकाले बालबालिकाहरूलाई हप्ताभरिका वारहरू र ती दिनहरूमा गर्ने कार्यहरूको जानकारी यस पाठमा गराइएको छ । गाउँदै, रमाउँदै बालगीत गाउँदा नानीहरूमा शब्द भण्डार बढ्नुका साथै छन्दबारे स्वस्फुर्त रूपमा ज्ञान बढ्छ ।

## ३. शिक्षण सामग्री

मादल, ढोलक, तबला, डम्फु, हार्मोनियम, काठका टुक्रा आदि ।

## ४. शिक्षणसिकाइ क्रियाकलाप

- यस पाठमा रहेको बालगीतलाई कालोपाटीमा लेखी सर्वप्रथम शिक्षक आफैँले चारसम्मको गन्तीमा ताली बजाउँदै गाएर सुनाइसकेपछि विद्यार्थीहरूलाई पनि सोहीअनुसार तालमा गाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूले राम्ररी गाउन जानिसकेपछि अन्य हरफहरूलाई पनि क्रमश: गाउन लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- विद्यार्थीहरूलाई बालगीत गाउन लगाएर उनीहरूले गाए नगाएको सुनी मूल्याङ्कन गर्न सकिन्छ ।

**पाठ ८**

# के कहाँ बस्छ ?

**घन्टी – दुई**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- गेयात्मक र लयात्मक तरिकाबाट बालगीत गाउन ।
- बालगीतमा भएका शब्द र यसमा भाव थाहा पाउन ।
- बालगीत गाउँदा सँगसँगै ताली बजाउन ।
- यस्तै खालका स्थानीय गीत वा अन्य गीतहरू गाउन ।
- यस बालगीतलाई आफूलाई आउने अन्य धुनमा गाउन ।

२. **पाठ परिचय**

यस पाठमा गेयात्मक र लयात्मक तरिकाले को कहाँ बस्छ भन्नेबारे विद्यार्थीहरूलाई जानकारी गराइएको छ । गीतको माध्यमबाट को कहाँ बस्छ भन्नेबारे जानकारी गराउँदा बालमस्तिष्कमा र माइलो र सजिलो किसिमबाट बस्दछ ।

३. **शिक्षण सामग्री**

मादल, ढोलक, तबला, डम्फु, हार्मोनियम, काठका टुक्रा आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- यस पाठमा रहेको बालगीतलाई कालोपाटीमा लेखी सर्वप्रथम शिक्षक आफैँले चारसम्मको गन्तीमा ताली बजाउँदै गाएर सुनाएसकेपछि विद्यार्थीहरूलाई पनि सोहीअनुसार तालमा गाउन लगाउनुहोस् ।
- विद्यार्थीहरूले राम्ररी गाउन जानिसकेपछि अन्य हरफहरूलाई पनि क्रमशः गाउन लगाउनुहोस् ।
- यस बालगीतलाई बारम्बार अभ्यास गर्न लगाउनुहोस् ।

५. **मूल्याङ्कन**

- विद्यार्थीहरूले बालगीत गाए नगाएको सुनी मूल्याङ्कन गर्न सकिन्छ ।

६. **थप सुझाव**

- विद्यार्थीहरूलाई बालगीत गाउन नआए शिक्षक वा कुनै जान्ने विद्यार्थीलाई गाउन लगाएर पनि बाल गीत सिकाउन सकिन्छ ।

## नृत्य

# गोडा र पन्जाको चाल

**पाठ ९**

**घन्टी - दुई**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- हातको ताली अथवा अरू ताल पन्जाको आधारमा सही ढङ्गले गोडासँगसँगै पन्जा पनि चलाउन ।
- विभिन्न तरिकाबाट विलम्वित (ढिलो) मध्य र छिटो लयमा गोडाको पन्जा चलाउन ।

२. **परिचय**

एक ठाउँबाट अर्को ठाउँमा जानका लागि गोडाबाट जुन क्रिया गरिन्छ, त्यसलाई चाल भनिन्छ । कुनै पनि नृत्य गर्नको लागि गोडाका चालको अभ्यास गर्नु अति नै आवश्यक छ । गोडाको चालकै आधारमा नृत्यको प्रस्तुतिमा फुर्तिपन आउँछ । गोडाको चालमा पन्जा, पाइताला र कुरकुच्चा तीनओटैको ठोक्काई अथवा हनाई बेग्लाबेग्लै हुन्छ ।

३. **शैक्षिक सामग्री**

मादल, काठको सानो टुक्रा (लठ्ठी खैजडी र चाँप आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**



सतर्क अवस्था

- सर्वप्रथम विद्यार्थीहरूलाई ससाना समूह ४ अथवा ५ जनामा विभाजन गर्नुहोस् ।
- हरेक विद्यार्थीलाई समको स्थिति (सर्तक) मा उभ्याउनुहोस् र आफ्नो दुवै हात दुईतिर कम्मरमा राख्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई बराबरी लयमा १ देखि ८ गन्तीसम्म ताली दिन लगाउनुहोस् ।
- सबैभन्दा पहिले शिक्षकले आफैँले प्रदर्शन गरेर देखाउने, त्यसका लागि दायाँ गोडा ४ इन्च जति माथि उचालेर पन्जाले मात्र भुइँमा हान्ने दायाँ गोडा उचाल्दा घुँडा अलि खुम्च्याउनुपर्छ र बायाँ गोडा सिधा राख्ने । यो क्रियाकलाप गर्दा १ गन्ती देखि ७ गन्तीसम्म बराबरी लयमा गर्ने र ८ गन्तीमा समको स्थितिमा उभिने ।
- अव यो क्रियाकलाप ४-५ पटक गरेर विद्यार्थीलाई देखाउने र उनीहरूलाई पनि गर्न लगाउने ।

- अब यो क्रियाकलाप राम्ररी गर्न जाने भने मध्य लयमा (छिटोछिटो) अभ्यास गर्न लगाउनुहोस् ।
- प्रत्येक विद्यार्थीहरूले यो क्रियाकलाप जानिसकेपछि त्यसैलाई बायाँ गोडाबाट पनि अभ्यास गर्न लगाउनुहोस् । यो अभ्यास समूहमा पनि गर्न लगाउनुहोस् ।



**सतर्क अवस्था**



**दायाँ पन्जा उचालेको अवस्था**



**बायाँ पन्जा उचालेको अवस्था**

- गोडा चलाउने अभ्यास बारम्बार गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- नृत्य विषय प्रयोगात्मक भएकाले विद्यार्थीहरूको अभ्यासलाई हेरी मूल्याङ्कन गर्न सकिन्छ ।
- विद्यार्थीहरूलाई एक पङ्क्तिमा उभ्याई १, २, ३ र ४ गन्तीमा घुँडा खुम्च्याएर भुइँमा हानेको छ कि छैन भनी अवलोकन गरेर मूल्याङ्कन गर्न सकिन्छ ।
- तालमा गोडाको पन्जाले भुइँ छानेको छ कि छैन भनी हेर्न सकिन्छ ।

## ६. थप सुझाव

- सर्तक अथवा सम स्थितिमा जहिले पनि खुट्टालाई भी ( V Shape ) अवस्थामा रहेको हुनुपर्दछ ।
- माथिको क्रियाकलाप गर्दा आफ्नो शरीर एकदम हल्का राख्नुपर्दछ, दरो पार्नुहुँदैन ।
- विद्यार्थीहरूलाई कुनै दबाबमा क्रियाकलाप गर्न लगाउनु हुँदैन ।
- नृत्य गराउदा सकेभर खाली खुट्टाले गर्न लगाउनु पर्दछ । त्यसैले नृत्य गर्ने स्थान समतल वा सम्म हुनुका साथै ढुङ्गाका टुक्राहरू, काठका छेस्का आदि भए नभए हेरी गराउनुपर्दछ ।
- यो क्रियाकलाप गन्तीमा मात्र नगराई कुनै पनि लोक गीत/बाल गति /लोक भाकामा पनि गराउन सकिने छ ।

# पाठ १० म गोडासँगै पन्जा चलाउँदै दायाँबायाँ सर्दै जान्छु

**घन्टी – तीन**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- मादलको तालमा विभिन्न विलम्बित (ढिलो) र मध्य लयमा गोडासँगै पन्जा चलाउन ।
- तालमा पन्जा र पाइतालाले भुइँमा हान्दै दायाँ बायाँ सर्न ।

२. **परिचय**

नृत्य गर्दा गोडाको चालसँगसँगै कहिले दायाँ कहिले बायाँ अगाडि, पछाडि सर्दै र गोलाकार अथवा चन्द्राकारमा नृत्य गरिन्छ । एउटै ठाउँमा उभिएर नृत्य गर्दा निरस देखिन्छ । त्यसकारण दायाँबायाँ अगाडि पछाडि सर्नु आवश्यक हुन्छ ।

३. **शैक्षिक सामग्री**

मादल, काठको सानो टुक्रा (लठ्ठी), खैजडी र चाँप आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- विद्यार्थीहरूलाई ४ अथवा ६ जनाको छुट्टाछुट्टै समूह बनाउन लगाउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई दुवै हात कम्मरमा राखी सम (सर्तक) को स्थितिमा उभ्याउनुहोस् ।
- सर्वप्रथम शिक्षकले आफैँले प्रदर्शन गरेर देखाउने त्यसका लागि शिक्षकले दायाँ गोडाको पन्जाले भुइँमा टेकेर बायाँ गोडा सिधा राख्ने अब १ गन्तीमा दायाँ गोडा उचालेर ४ इन्चजति दायाँतिर पर पन्जाले भुइमा हान्ने २ गन्तीमा बायाँ गोडा उचालेर दायाँ गोडालाई पछ्याउँदै सर्ने, यसरी नै ८ गन्ती सम्म दायाँतिर सर्दै जानुहोस् ।
- अब त्यै दायाँ गोडाको पन्जाले टेक्दै ८ गन्तीसम्म पहिलेको आफ्नो ठाउँमा सर्दै आउनुहोस् । यसमा दायाँ गोडाको पन्जाले भुइँमा हान्ने र बायाँ सीधा गोडा सार्दै बायाँतर्फ जाने ।
- ८ गन्ती पूरा भयो भने समको स्थितिमा उभिनुहोस् । यो क्रियाकलाप कम्तीमा पनि ४ पटक ढिलो (विलम्बित लय) र ८ पटक छिटोछिटो (मध्यलय) मा गरेर देखाउनुहोस् ।
- यो क्रियाकलाप छुट्टाछुट्टै समूहमा विभाजन गरेका विद्यार्थीहरूलाई अभ्यास गराउनुहोस् ।



**बायाँ पन्जा चलाउँदै बायाँतिर सर्दै गरेको चित्र**

- माथि चित्रमा देखाइएजस्तै गरी यो क्रियाकलापलाई पहिले बायाँ गोडाको पन्जाले टेक्दै बायाँतिर सर्दै जाने क्रियालाई शिक्षक आफैँले गरेर देखाइ दिनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पनि गर्न लगाउनुहोस् ।
- सर्वप्रथम सतर्कमा उभिने बायाँ गोडाको पन्जाले टेक्ने र १ मा बायाँ गोडा ४ इन्चजति पर पन्जाले भुइँमा हान्ने २ गन्तीमा दायाँ गोडा सीधा भुइँमा हान्दै बायाँ गोडालाई पछ्याउने, यसो गर्दै १ देखि ८ गन्तीसम्म बायाँतिर सर्दै जाने र फेरि त्यही प्रक्रियाले फर्केर पहिलेको स्थानमा आउन लगाउनुहोस् ।
- यो क्रियाकलाप पहिले गरेर विद्यार्थीलाई देखाउनुहोस् । त्यस पछि उनीहरूलाई पनि गर्न लगाउनुहोस् । यो क्रियाकलापलाई बारम्बार अभ्यास गर्न लगाउनुहोस् ।
- यो क्रियाकलाप पहिला ४/५ जनाको सानो समूहमा गराइसकेपछि एक्लाएक्लैमा पनि गर्न प्रेरित गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

- विद्यार्थीहरूले दायाँ सर्दा दायाँ गोडा उचालेको छ कि छैन भनी अवलोकन गर्ने ।
- बायाँतर्फ सर्दा बायाँ गोडाको पन्जाले टेकेको छ छैन हेर्ने ।
- गोडा सार्दा ४ इन्चभन्दा एकदम टाढा राख्यो कि अथवा २ इन्च जति मात्र सार्‍या, त्यो अवलोकन गर्न सकिन्छ ।
- १ गन्ती देखि ८ गन्तीसम्म पूरा दायाँ सार्नुपर्छ, त्यसो नगरी ७ गन्ती सम्म मात्र सर्‍यो कि भनी अवलोकन गर्नुपर्छ ।

## ६. थप सुझाव

जुन गोडाको पन्जाले भुइँमा हान्ने हो त्यो पन्जाले हिर्काइको बेला आफ्नो शरीर अलिकता माथितिर उचाल्नुपर्छ, जस्तै : हाम्रो गाउँ घरमा ढिकी कुटेजस्तो गर्ने ।

## पाठ ११ म गोडासँगै पन्जा चलाउँदै अगाडि पछाडि सर्दै जान्छु

**घन्टी - तीन**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- मादलको तालमा विभिन्न लयमा गोडासँगै पन्जा चलाउन ।
- लयमा (विलम्बित र मध्यलय) गोडासगै पन्जा र पाइतालाले भुँइमा हान्दै दायाँ बायाँ सर्न ।

२. **पाठ परिचय**

विभिन्न वाद्यवादनको सहयोगबाट गोडाको पन्जाले भुइँमा हान्दै विभिन्न लयमा आफ्नो ठाउँबाट सर्दै अगाडि जाने र फेरि पछाडि सर्दै पहिलेकै आफ्नो ठाउँमा सर्दै आउने ।

३. **शैक्षिक सामग्री**

मादल, काठको सानो टुक्रा (लठ्ठी) खैजडी र चाँप आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- सर्वप्रथम सबै विद्यार्थीहरूलाई ससाना ४-५ जनाको समूहमा विभाजन गर्नुहोस् ।
- सबैलाई समको स्थिति (सर्तक) उभ्याउनुहोस् र १ देखि ८ गन्ती सम्म एकपटक हातमा बराबरी लयमा ताली दिन लगाउनुहोस् ।
- अब शिक्षकले आफैँले प्रदर्शन गरेर देखाउनुहोस्, त्यसका लागि दायाँ गोडाको पन्जाले भुइँमा टेक्न र बायाँ गोडा सीधा राख्न लगाउनुहोस् ।
- १ गन्तीमा दाहिने पन्जाले टेकेको गोडा आफू उभेको ठाउँ भन्दा ४ इञ्च जति अगाडि पन्जाले भुइँमा हान्ने अथवा ढोक्ने र २ गन्तीमा बायाँ गोडाकै पाइतालाले भुइँमा हान्ने र दायाँ गोडालाई पट्याउने । १ देखि ७ गन्ती सम्म अगाडि सर्दै जाने । ८ मा सम (स्थिति) मा बस्ने ।
- अब अर्को १ देखि ७ गन्तीमा फर्केर ८ गन्तीमा पहिलेको आफ्नै स्थानमा आइपुग्ने । फर्केर आउँदा दर्शकतिरै फर्केर आउने १ गन्तीमा दाहिने गोडाको पन्जाले ४ इञ्च जति पछाडितिर हान्ने २ गन्तीमा बायाँ गोडाको पाइतालाले हान्दै दाहिने गोडालाई पछ्याउने ८ गन्तीमा पहिलेको आफ्नो स्थानमा आउने र यो क्रियाकलाप बारम्बार देखाउने ।



**पन्जा चलाउँदै अघि तिर सर्दै गरेको चित्र**

- शिक्षकले विद्यार्थीलाई गरेर देखाउँदा पहिले बिस्तारै विलम्बित लयमा गर्ने र त्यसपछि मात्र छिटो छिटो गर्न लगाउने ।
- यो क्रियाकलाप राम्रो गर्न जानेपछि बायाँ गोडाबाट पनि गर्न लगाउनुहोस् ।
- यो क्रियाकलापलाई बारम्बार अभ्यास गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- विद्यार्थीहरूले गरेको क्रियाकलापलाई अवलोकन गरी मूल्याङकन गर्न सकिन्छ ।
- गोडा र पन्जाको चाललाई राम्ररी गरे नगरेको मूल्याङ्कन गर्न सकिन्छ ।

## ६. थप सुझाव

जुन गोडाको पन्जाले भुइँमा हान्ने हो त्यो पन्जाले हान्दा आफ्नो शरीर अलिकता माथितिर उचाली ढिकी कुटेजस्तो गरी गर्नपर्छ ।

**पाठ १२**

# गोडा पन्जासँगै कम्मरको चाल

**घन्टी - चार**

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- विभिन्न बाजा मादल, खैजडीको आधारमा गोडाको पन्जा चलाउँदै सँगै कम्मर पनि चलाउन ।
- आफ्नो गोडामा चाँप लगाएर गोडा चलाउन ।
- साथीहरूको कम्मरमा हात हालेर पन्जासँगै कम्मर दायाँ बायाँ चलाउन ।

२. **परिचय**

विभिन्न वाध्यवादनको सहयोगबाट गोडाको पन्जाले भुइँमा हान्दै विभिन्न लयमा कम्मरको चाल सँगै अघि र पछि सर्दै पहिलेकै आफ्नो स्थानमा सर्दै आउन ।

३. **शैक्षिक सामग्री**

मादल, काठको सानो टुक्रा (लठ्ठी) खैजडी र चाँप आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- सर्वप्रथम विद्यार्थीहरूलाई ससाना समूहमा विभाजन गर्नुहोस् ।
- हरेक विद्यार्थीलाई समको स्थिति उभ्याउनुहोस् ।
- ४ विद्यार्थीको गोडामा घुघरु (चाँप) लगाइदिनुहोस् ।
- अब शिक्षकले सर्वप्रथम आफ्नो गोडामा चाँप लगाउनुहोस् र प्रदर्शन गरेर देखाउनुहोस् । त्यसका लागि सतर्कको स्थितिबाट १ गन्तीमा दायाँगोडाको पन्जाले भुइँमा हान्ने र साथै आफ्नो दायाँ कम्मर पनि ४ इन्च जति पर घचेटेको कम्मर आफ्नै ठाउँमा आउन लगाउनुहोस् ।
- यो क्रियाकलाप शिक्षकले आफ्नो ठाउँमा उभिएर बारम्बार गरेर देखाएपछि गर्न लगाउनुहोस् ।
- अब शिक्षकले कुनै एक सिपालु विद्यार्थीलाई आफूसँगै उभ्याई आफ्नो हातले विद्यार्थीको कम्मरमा राख्ने र विद्यार्थीको हात आफ्नो कम्मरमा राख्ने लगाई गोडा चाल्दै कम्मर पनि हल्लाई यो क्रियाकलाप गरेर देखाइपछि अरू विद्यार्थीहरूलाई पनि जोडी मिलाई यसको अभ्यास गर्न लगाउनुहोस् ।
- यो क्रियाकलाप गरेर देखाइसकेपछि समूहमा विभाजन गरेका विद्यार्थीलाई ४-४ जनाले साथीहरूको कम्मर समाउँदै अभ्यास गर्न लगाउने ।

- यो क्रियाकलाप सर्वप्रथम विस्तार विलम्वित लयमा गर्न लगाउने र पछि मध्यलयमा पनि अभ्यास गर्न लगाउनुहोस् ।

५. **मूल्याङ्कन विधि**

- विद्यार्थीहरूले राम्ररी गोडा चाल्दै यो क्रियाकलाप गरेको वा नगरेको अवलोकन गरी मूल्याङ्कन गर्न सकिन्छ ।
- विद्यार्थीहरूले जोडीमा कम्मरमा राम्ररी समाई गरेको वा नगरेको अवलोकन गरी मूल्याङ्कन गर्न सकिन्छ । साथै आवश्यकताअनुसार सुझाव पनि दिन सक्दछ ।

# पाठ १३ म गोडासँगै कम्मर चलाउँदै दायाँ बायाँ सार्छु

**घन्टी – तीन**

१. **उद्देश्य**

यो पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- विभिन्न ताल वाद्यको आधारमा गोडामा चाँप बाधेर कम्मर हल्लाउँदै दायाँबायाँ सर्न ।
- कम्मर हल्लाउँदा आफ्नो शरीरको माथिल्लो भाग विपरीत दिशातिर झुकाउन ।

२. **परिचय**

गोडासँगै कम्मर चलाई दायाँ र बायाँ सर्दै पहिलेकै आफ्नो स्थानमा आउन ।

३. **शैक्षिक सामग्री**

मादल, काठको सानो टुक्रा (लठ्ठी) खैजडी र चाँप आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- क्रियाकलाप ३ मा जस्तै विद्यार्थीलाई ४-६ जनाको समूहमा विभाजन गर्नुहोस् र विद्यार्थीको गोडामा चाँप बाध्नुहोस् ।
- अब शिक्षकले आफ्नो गोडामा चाँप बाँधेर आफुले प्रदर्शन गर्नुहोस् । त्यसका लागि १ गन्तीमा दायाँ गोडाको पन्जा ४ इन्च जति पर दायाँतिर भुइँमा हान्नुहोस् र कम्मर ४ जति दायाँतिर घचेट्ने र आफ्नो शरीरको माथिल्लो भाग बायाँतिर झुकाउने अब २ गन्तीमा बायाँ गोडा सीधा पइतालाले भुइँमा हान्दै दायाँ गोडालाई पछ्याउने, बायाँ गोडा भुइँमा हान्दा आफ्नो झुकेको शरीर सीधा गर्ने ।
- क्रियाकलाप १ देखि ८ गन्तीसम्म गर्दै दायाँतिर सार्ने त्यसपछि फर्केर १ देखि ८ गन्तीमा पहिलेको आफ्नै ठाउँमा आउन लगाउनुहोस् ।
- यो क्रियालकलाप शिक्षकले विद्यार्थीलाई बारम्बार गर्न लगाउनुहोस् । क्रियाकलाप राम्ररी गर्न जानेपछि सबै विद्यार्थीलाई पालैसित गर्न लगाउनुहोस् ।
- अब माथिको क्रियाकलापलाई शिक्षकले बायाँतिर सर्दै १ गन्ती देखि ८ गन्तीसम्म सर्ने र फेरि फर्केर पहिलेको आफ्नै ठाउँमा आउने प्रक्रियालाई प्रदर्शन गरेर देखाइदिनुहोस् ।
- यो क्रियाकलाप जोडीमा विद्यार्थीहरूलाई आफ्नो साथीको कम्मर समाउन लगाई अभ्यास गर्न लगाउनुहोस् ।
- यो क्रियाकलापलाई विलम्बित र मध्यलयमा पनि गराउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

- ८/८ जनाको समूहमा उभ्याई जुन गोडामा चाँप लगाएको त्यो गोडाले भुइँमा हानेको छ कि छैन भनी अवलोकन गरी मूल्याङकन गर्न सकिन्छ ।
- दायाँतिरको गोडा चाल्दा आफ्नो शरीर बायाँतिर झुकाएको छ कि छैन हेरी मूल्याङकन गर्न सकिन्छ ।
- साथीहरूको कम्मरलाई रामरी समाई दायाँ बायाँ सरेर गएको तथा दायाँतिर सर्दा सबैको शरीर बायाँ झुकेको छ वा छैन हेरी मूल्याङकन गर्न सकिन्छ ।

## ६. थप सुझाव

- चाँप गोडामा बाँध्दा हलुका साथ बाँध्ने धेरै कस्दा घाउ हुने सम्भावना हुन्छ ।
- कम्मर समाएर विद्यार्थीहरू दायाँ बायाँ सर्दा शरीर झुकाउने क्रियाकलाप ध्यान पुऱ्याएर गर्नुपर्छ, किनकि एक अर्कासँग टाउको ठोकिन सक्छ ।

पाठ १४

# अभिनय

**घन्टी – दुई**

१. **उद्देश्य**

यो पाठको अन्त्यमा निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

- विभिन्न प्रकारले हस्तबाट हस्तमुद्राहरूको अभ्यास गर्न ।
- विभिन्न प्रकारका पशुपक्षीहरूको आवाज तथा तिनीहरूको हिँडाइको नक्कल गर्न ।

२. **परिचय**

हातलाई मिलाएर विभिन्न प्रकारले पशुपक्षीहरूको आकारप्रकार बनाउने विधिलाई नै हस्तमुद्रा भनिन्छ । यस्ता हस्तमुद्राहरू बनाइ नृत्य वा अभिनय गर्दा प्रयोग गर्ने गरिन्छ । यस पुस्तकमा पनि केही प्रचलित तथा सामान्य किमिसका हस्तमुद्राहरू दिई अभ्यास गर्न खोजिएको छ ।

३. **शैक्षिक सामग्री**

पाठ्पुस्तक, विभिन्न प्रकारका पशुपक्षीहरूको चित्र आदि ।

४. **शिक्षणसिकाइ क्रियाकलाप**

- सर्वप्रथम विद्यार्थीहरूलाई स-साना समूहमा विभाजन गर्नुहोस् ।
- शिक्षकले आफैँले पहिले पुस्तकमा भएको पाना नम्बर ८१ मा रहेको चित्रजस्तै हातले बनाएर देखाउनुहोस् ।
- पालैपालो गरी पुस्तकमा देखाएका चित्रहरूजस्तै गरी हातले बनाउन लगाउनुहोस् । सबै विद्यार्थीहरूले गर्न जानेकी जानेन् हेरी बारम्बार अभ्यास गर्न लगाउनुहोस् । यस्ता प्रकारका हस्तमुद्राहरूको राम्ररी अभ्यास गराइसकेपछि नृत्यहरूमा पनि प्रयोग गर्न सकिन्छ ।
- अब विभिन्न प्रकारका पशुपक्षीहरूको चित्रहरू देखाई त्यसबारे उनीहरूले जानेका कुरा भन्न लगाउनुहोस् ।
- अब कुनै एक पशु वा पक्षीको आवाज वा हिँडाइको प्रदर्शन गरेर देखाउनहोस् । त्यसपछि विद्यार्थीहरूलाई पनि यस्तै प्रकारले गर्न लगाउनुहोस् ।

- अब विद्यार्थीहरूलाई पालैपालो पशु वा पक्षीहरूमध्ये उनीहरूले देखेका वा जानेका विषयवस्तुको आवाज वा हिडाएको नक्कल वा अभिनय गर्न लगाउनुहोस् । यस्ता क्रियाकलापहरू बारम्बार गराउनुपर्छ

## ५. मूल्याङ्कन विधि

- यो क्रियाकलापलाई विद्यार्थीहरूले राम्ररी गरे नगरेको हेरी मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीहरूले गर्न नजानेका भए पटकपटक गरेर अभ्यास गराउनुहोस् ।

## ६. थप सुझाव

विभिन्न प्रकारका पशुपक्षीहरूको चित्रहरू, पोस्टर वा पुस्तकमा भएका चित्रहरू देखाएर पनि विभिन्न प्रकारका नक्कल वा अभिनय गराउन सकिन्छ ।